साप्ताहिक
# साँघु
SANGHU Vernacular Weekly
वेबसाइट: www.sanghunews.com
अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्की नेपालको ४७औं प्रधानमन्त्री भएको १४४औं दिन
वर्ष ४३, अंक ३५, २०८२, माघ १९ गते, सोमबार (Feb. 02, 2026) मूल्य रू. १०।-

# गगन थापा 'रेड जोन'मा कसरी परे ?

**काठमाडौं । नेपाली कांग्रेसमा विशेष महाधिवेशनबाट नयाँ सभापति चयन गरेर गगन थापालाई अघि सारेसँग कांग्रेसभित्र सन्नाटा छाएको छ । त्यो सन्नाटाले सिर्जना गर्ने सुनामी चाहिँ २१ फागुनमा आउने आंकलन हुन थालेको छ ।**

कांग्रेसभित्र ठूलो र पुरानो पंक्तिलाई बद्नाम गरेर कांग्रेसका सभापति गगन थापाले दबाब बढाएका कारण अहिले कांग्रेसभित्र मुर्दा शान्ति छाएको चर्चा पनि भइरहेको छ । गगन थापालाई सभापतिको रुपमा अघि बढाउन कांग्रेसको जति प्रभाव रह्यो, त्योभन्दा बढी विदेशीहरुको चासो र सक्रियता भएका कारणले पनि अहिले कांग्रेसभित्र विगतको भन्दा बढी अन्तर्घात हुने आंकलन गरिएको हो । झन्डै ५० प्रतिशत जनमत चाहिँ कांग्रेसमा असन्तुष्ट रहेको छ । यो असन्तुष्ट मतले नै गगन थापालाई असहयोग गर्ने अनुमान गरिएको हो ।

त्यसैले, अहिले कांग्रेसभित्र सीट संख्याको हिसाबले पनि कांग्रेस कमजोर हुने अनुमान गरिएको छ । कांग्रेसले जित्ने सीटहरुमा पनि व्यक्ति हेरिएका कारणले गुमाउने अवस्था आएको गुनासो बढिरहेको छ । ओखलढुंगामा थापाले रामहरि खतिवडाको मुख हेरेर नै टिकट नदिएको दाबी गर्नेहरु पनि छन् । त्यसले गर्दा कांग्रेसले जित्ने सिट गुमाउने खतरा भएको दाबी गरेका छन् । ओखलढुंगामा टिकट पाएका कुमार लुईटेल



चाहिँ थापाका कलेज पढ्दाका समकक्षी साथी थिए । त्यसैले खतिवडाको विकल्पमा उनलाई अघि सारेका छन् ।

त्यही अवस्था दोलखामा पनि भएको दाबी गरिएको छ । अजयबाबु सिवाकोटीलाई आफ्नो कोटाकै मान्छे भएका कारणले टिकट दिएका छन् । यता, जिल्लामा विरोध हुँदाहुँदै फर मुल्लाह मन्सुरलाई बारामा टिकट दिएका छन् । ०४८ सालदेखि निरन्तर चुनाव लड्दै आएका मन्सुरलाई जिल्लामा भने असहयोग भइरहेको छ । उनी थापा समूहका खुलेका कारणले नै टिकट पाएका हुन् । त्यसरी विभिन्न जिल्लामा टिकट वितरणमा अपमान गरेको भन्दै असन्तुष्टि बढेको छ । कालिकोटमा भुपेन्द्रजंग शाही पनि त्यही अवस्थामा छन् । अनि कैलालीमा वीरबहादुर बलायरले त गगन थापाको टिकट अस्वीकार नै गरेका थिए ।

त्यसैले अहिले थापाले जति र जे भने पनि कांग्रेसमा विगतको तुलनामा अन्तर्घात बढ्ने अनुमान भइरहेको छ । तर, त्यो असन्तुष्ट मत कहाँ जान्छ ? भन्ने चासोको विषय बनेको छ । असन्तुष्ट मत घण्टीमा वा सूर्यमा कता जान्छ भन्ने मुख्य चासोको विषय हो । शेरबहादुर देउवा, कृष्ण सिटौला पक्षले केपी ओलीको पक्षमा मतदान गराउन सहयोग गर्नसक्छन् भन्ने अनुमान पनि रहेको छ । त्यस्तो भएमा थापामा पनि चुनावमा पराजित हुने संभावना रहेको छ । एमालेको साथ नपाउँदा (बाँकी पृष्ठ ८ मा)

# सेनाका २ थान हेलिकप्टर मर्मतको नाममा बेपत्ता ?
# रक्षा, सेना र अख्तियारको मौनतामाथि गम्भीर प्रश्न

● साँघु विशेष संवाददाता

**काठमाडौं । रक्षा मन्त्रालय र नेपाली सेनाभित्र भइरहेका अनियमितताले राज्यको ढिकुटीमा अर्बौं रुपैयाँको क्षति पुगेको आरोप लागिरहँदा पनि सरकार, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अन्य संवैधानिक निकाय र नागरिक समाज किन मौन छन् ? अझ गम्भीर प्रश्न–नेपाल राष्ट्र बैंकले हेलिकप्टर मर्मतको नाममा शंकास्पद विदेशी कम्पनीलाई करोडौं रुपैयाँ पठाउन के आधारमा अनुमति दिएको हो ? यी प्रश्न आज देश दुख्ने नेपालीहरूका लागि केवल आशंका होइन, राष्ट्रिय सुरक्षा र सार्वजनिक सम्पत्तिसँग जोडिएको गम्भीर सरोकार बनेका छन् ।**

स्रोतका अनुसार, नेपाली सेनाले रुसमा निर्मित दुई थान एमआई-१७ हेलिकप्टर मर्मतका लागि भारतको मद्रासस्थित सीपियार्ट (एमडीएसएल) कम्पनीसँग जिटुजी (Government to Government) सम्झौता गरी पठाएको २८ महिना पूरा भइसकेको छ । जबकि, सैनिक हेडक्वार्टर स्रोतका अनुसार २०८० साल असोज महिनामा भएको सम्झौतामा २७२ दिनभित्र मर्मत सम्पन्न गरी हेलिकप्टर नेपाली सेनालाई हस्तान्तरण गर्ने स्पष्ट व्यवस्था थियो ।

तर, करिब तीन वर्ष बितिसक्दा पनि ती हेलिकप्टर मर्मत भएर फिर्ता आएको कुनै प्रमाण सार्वजनिक भएको छैन । न त नेपाली सेनाले स्पष्ट विवरण दिएको छ, न रक्षा मन्त्रालयले । स्रोतका अनुसार, राज्यका अर्बौं रुपैयाँ बराबरका यी हेलिकप्टरहरू हाल माटोमा परिणत हुँदैछन् ।

यस प्रकरणमा तत्कालीन रक्षा मन्त्री पूर्ण बहादुर खड्का, रक्षा सचिव किरणराज शर्मा, सहसचिव ज्ञानेन्द्र पौडेल(हाल पनि रक्षा मन्त्रालयमै कार्यरत), उपसचिव झनक खत्री, तत्कालीन प्रधानसेनापति प्रभुराम शर्मा, तत्कालीन उपरथीद्वय आशिष नरसिंह राणा





(तत्कालीन प्रधानसेनापति प्रभुराम शर्मा)



र प्रकाश देउजा (संभार रथी विभाग)का साथै बिचौलियाहरूको मिलेमतोमा मर्मतका नाममा भारत पठाएर नेपाली सेनाका दुई थान हेलिकप्टर बेपत्ता पारिएको गम्भीर आरोप लागेको छ । यस विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नै छानबिन गरी कारबाही गर्नुपर्ने माग उठेको छ ।

नेपाली सेनासँग रहेका तीन वटा एमआई-१७-V5 हेलिकप्टरमध्ये एउटा उडान अवधि पूरा गरेर एयरपोर्टमै थन्किएको खबर छ भने बाँकी दुई वटा एमआई-१७ हेलिकप्टर एक थान प्रधानसेनापति प्रभुराम शर्मा अवकास हुनु करिब १२ महिना अघि र दोस्रो प्रभुराम शर्मा अवकास हुनु २ महिना अघि मर्मतका नाममा भारत पठाइएको थियो । तीन वर्ष बितिसक्दा पनि हेलिकप्टर फर्किएको छैन । उल्टै, विदेशी एयरपोर्टमा पार्किङ गरेबापत महिनामा करिब आधा करोड रुपैयाँ तिर्नुपरेको अवस्था छ । तर, यसबारे नेपाली सेना, रक्षा मन्त्रालय, अन्तरिम सरकारकी प्रधानमन्त्री तथा रक्षा मन्त्री सुशीला कार्की, र अख्तियार दुरुपयोग अनुसन्धान आयोग-कसैले पनि जिम्मेवार जवाफ दिएको देखिँदैन । यो अवस्था अझ चिन्ताजनक किन छ भने आगामी २०८२ फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन हुँदैछ । सुरक्षा, अनुगमन र आपतकालीन उद्धारका लागि देशलाई हेलिकप्टरको अति नै खाँचो रहनेछ । तर, नेपाली सेनाका महत्वपूर्ण हेलिकप्टरहरू मर्मतको नाममा विदेशमै अलपत्र अवस्थामा रहेको स्रोतको दावी छ ।

पहिलो लटका एमआई-१७ हेलिकप्टर मर्मत भएर नेपाल नफर्किंदै, तत्कालीन प्रधानसेनापति प्रभुराम शर्मा अवकास हुन २ महिना अघि २०८१ असार महिनामा फेरि जिटुजी सम्झौतामै समावेश गर्दै दोस्रो (बाँकी पृष्ठ ८ मा)

## निर्वाचनको तापक्रम घट्यो, गणना फेरिदै...?

काठमाडौं । २०८२ फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि अब करिब एक महिना मात्र बाँकी छ । निर्वाचनको मिति नजिकिँदै जाँदा सरगर्मी बढ्न थाले पनि विगतका चुनावजस्तो उल्लासमय वातावरण भने देखिंदैन । अल्पायुमै अन्त्य भएको प्रतिनिधिसभापछिको यो निर्वाचनले मुलुकमा राजनीतिक स्थायित्व ल्याउने हो कि होइन भन्ने अन्योल कायमै रहेकाले दल र उम्मेदवारहरूमा खास उत्साह देखिंदैन ।

यद्यपि, आफूलाई 'नयाँ' भनिने नेपाली कांग्रेसको गगन थापा पक्ष, राष्ट्रिय स्वतन्त्र पार्टीलगायतका शक्तिहरूका लागि यो निर्वाचन अस्तित्व स्थापित गर्ने अवसर र चुनौती दुवै बनेको छ भने पुराना दल र तिनका उम्मेदवारहरूलाई आफ्नो राजनीतिक अस्तित्व जोगाउनुपर्ने बाध्यता छ । पुराना दल तथा नेताहरूलाई पत्तासाफ गर्दै 'नयाँ बतासेहरू'बाट राज्यसत्ता कब्जा गर्ने योजनाअनुसार निर्वाचन घोषणा गरिएको चर्चा भए पनि पछिल्ला घटनाक्रमले त्यो योजना सफल हुनेमा शंका उत्पन्न गराएको छ ।

यसको एउटा प्रमुख कारण निर्वाचन प्रचार-प्रसारको समय लम्बिनु हो । विगतमा निर्वाचन घोषणा भएपछि अन्तिम १५-२० दिन मात्रै प्रचारका लागि समय उपलब्ध हुन्थ्यो भने यसपटक करिब डेढ महिनाको समय मिलेको छ । निर्वाचन आचारसंहिता पनि माघको सुरुवातमै लागू भएको छ । समय लम्बिँदै जाँदा नयाँ शक्तिहरूका लागि यो बेफाइदाजनक र पुराना दलहरूका लागि भने फाइदाजनक बन्दै गएको देखिन्छ । (बाँकी पृष्ठ ८ मा)

## सचिव पौडेललाई अध्यक्ष बनाएपछि...
## अर्थ मन्त्रालय र बीमामा खेलाबैला

काठमाडौं । अन्तरिम सरकारले नेपाल बीमा प्राधिकरणको अध्यक्षमा पहिलो पल्ट सचिवस्तरका कर्मचारीलाई जिम्मेवारी दिएको छ । यस अघि सहसचिवस्तरका कर्मचारीलाई कार्यवाहकको जिम्मेवारी दिने गरेको थियो । तर, अन्तरिम सरकारले सचिव चन्द्रकला पौडेललाई नियुक्त गरेपछि अर्थ मन्त्रालयमा खैल्लाबैल्ला मच्चिएको समाचार छ । हाल मन्त्री रामेश्वरप्रसाद खनालले अर्थसहित संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयकोसमेत नेतृत्व गर्दै आएका छन् । यसअघि अर्थका सहसचिवहरुलाई बोर्ड सदस्यका रुपमा संस्थानहरुमा खटाइने गरेको थियो । संस्थान नियमावलीमा यी निकायहरुमा सचिव वा



सचिव चन्द्रकला पौडेल

सहसचिव कसलाई खटाउने भन्ने किटानी रुपमा स्पष्ट कानूनी व्यवस्था गरिएको छैन । त्यसैले सोही बुँदामा टेकेर सचिव पौडेललाई अध्यक्ष नियुक्ति गरिएको अर्थ मन्त्रालय स्रोतले जानकारी दिएको छ ।

सामान्य प्रशासन मन्त्रालयमा कार्यरत सचिव पौडेललाई विभागीय अर्थमन्त्रीको हैसियतमा मन्त्री खनालले प्राधिकरणको अध्यक्षको लागि मन्त्रिपरिषद बैठकमा प्रस्ताव लगेको स्रोतको दावी छ । रोचक विषय के छ भने यस्ता सरकारी स्वामित्व रहेका संस्थानहरुमा सहसचिवहरुलाई नै बोर्ड सदस्यको जिम्मेवारीमा खटाउने परम्परा रहेको छ । अध्यक्ष भने खुल्ला प्रतिस्पर्धाबाट (बाँकी पृष्ठ ८ मा)

## रास्वपा : बाहिर एकता, भित्र द्वन्द्व चर्किंदै



काठमाडौं । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) अहिले पहिलो पार्टीमात्र होइन, बहुमत ल्याउने योजनासहित हिँडेको छ । चुनावी प्रचार अभियानमा पनि सोही कुरा दोहोऱ्याएर दावी गर्दै आएको छ । उसले कम्तीमा एक सय ५० सीट जित्ने उक्त सीट नजिते फेरि पनि अस्थिर सरकार बन्ने दाबी गरेको छ । त्यही अभियानमा चुनावी प्रचार अभियानमा सक्रिय भइरहेका बेलामा रास्वपाभित्रको अन्तर्कथा भने बाहिर आएको छैन ।

त्यो अन्तर्कथा बाहिर नआउनुको कारण चाहिँ सामाजिक सञ्जालमा उनीहरुको विरोध गरेको अवगालले ट्रोल भइने डर राखेका छन् । त्यसैले अहिले त्यसको विरोध भइरहेको छैन । र, ती कथा लेखिएको पनि छैन । तर, रास्वपाका रवि लामिछाने, उपसभापति डीपी अर्याल, स्वर्णिम वाग्ले र वरिष्ठ नेता बालेन्द्र शाह बालेनवीच पछिल्ला दिनमा खास सम्बन्ध गतिलो देखिएको छैन ।

वाग्लेले सभापति लामिछानेसँग सम्बन्ध विश्वासिलो बनाउन खोजेका छन् । त्यसरी विश्वाससिलो बनाउने क्रममा अर्का उपसभापति डीपी अर्याललाई पाखा (बाँकी पृष्ठ ८ मा)

## भयंकर संकटमा माधव नेपाल

काठमाडौं । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल प्रचण्डले सुरक्षित क्षेत्र खोजेर पूर्वी रुकुम पुग्दा सहसंयोजक माधवकुमार नेपाल पनि संकटमा परेका छन् । भ्रष्टाचारको मुद्दासमेत बोकेर चुनावमा गइरहेका माधव नेपाललाई रौतहटमा निकै समस्या भइरहेको बताइन्छ । नेकपाका नेताहरुले नेपालको ग्राउण्डको अवस्था कमजोर देखिएको र आउने दिनमा झन समस्या हुने देखिएको पनि विवरण र रिपोर्टहरु आइरहेका छन् । सद्भावना पार्टीको राजनीतिबाट कांग्रेस आईपुगेका अनिल झाले नेपाललाई अप्ठ्यारोमा धकेलेको खबर छ ।

मधेशको बिरादारी राजनीतिमा झाको प्रभाव अन्य ब्राम्हण समुदायको उपस्थितिको भोट पनि बाँडिँने स्थितिमा पुगेका कारणले अहिले नेपाल अप्ठ्यारोमा परेका हुन् । त्यसमाथि भ्रष्टाचारको मुद्दाले (बाँकी पृष्ठ ८ मा)

## मन्त्रीलाई सहसचिव घाँडो

काठमाडौं । शहरी विकास मन्त्रालयको प्रशासन महाशाखा प्रमुखको जिम्मेवारी सहसचिव नारायणप्रसाद मैनालीले संहाल्दै आएका छन् । गतवर्ष मैनालीको फाइल बढुवा भएर उपसचिवबाट सहसचिवमा बाजी मारेका थिए । सहसचिव बढुवा हुनासाथ उनलाई तत्कालीन उपप्रधान तथा शहरी विकास मन्त्री प्रकाशमान सिंहको रोजाईमा परेर उक्त मन्त्रालयमा भित्रिन सफल भएको बताइन्छ । त्यसबखत मन्त्रालयको प्रशासन महाशाखाको जिम्मेवारीमा भने सहसचिव बिनु बज्राचार्य कुँवर रहेकी थिइन । उनी काठमाडौं अर्थात मन्त्री सिंहकै जिल्लावासी थिइन ।


मैनालीले मन्त्री सिंहलाई प्रभावमा पार्दै सहसचिव कुँवरलाई गृह (बाँकी पृष्ठ ८ मा)


# सेनाको बुट खरिदमा अनियमितताको आशंका
# २५ करोडको टेण्डरमा 'सेटिङ', पारदर्शितामाथि प्रश्न

● साँघु संवाददाता

**काठमाडौं । नेपाली सेना अन्तर्गत सैनिक सामग्री प्राप्ति निर्देशनालय, संभार रथी विभाग (जंगी अड्डा)बाट हुने करोडौं करोड रुपैयाँ बराबरका खरिद प्रक्रियामा लामो समयदेखि सप्लायर्सहरूको गुनासो रहँदै आएको छ । तर, विभागले अझैसम्म पारदर्शी र स्वच्छ प्रतिस्पर्धी वातावरण स्थापना गर्न नसकेको आरोप लाग्दै आएको छ ।**

सैनिक स्रोतका अनुसार, विगतमा तत्कालीन प्रधान सेनापति राजेन्द्र क्षेत्रीको कार्यकालमा प्रभाव जमाएका केही शक्तिशाली सप्लायर्सको पहुँच हालका प्रधान सेनापति अशोक राज सिग्देलको कार्यकालमा झनै मजबुत बनेको छ । स्रोतको दाबी अनुसार, प्रधान सेनापति सिग्देलका सम्धी यादव कुँवरको समूह नेपाली सेनाको बन्दोबस्तीका सामग्री, विशेषगरी लत्ताकपडा, लेदर बुट र जुत्ता आपूर्तिमा लामो समयदेखि हावी हुँदै आएको छ ।





यसैक्रममा नेपाली सेनालाई आवश्यक पर्ने ब्ल्याक लेदरका ८९ हजार ५ सय जोर बुट तीन वर्षका लागि एकैपटक खरिद गर्न नहुने र गरेमा पनि ग्लोबल टेण्डर आव्हान गर्नुपर्नेमा त्यसलाई बेवास्ता गर्दै लोकल (एन.सी.) बिडिङमार्फत टेण्डर आव्हान गरिएको स्रोतको भनाइ छ । सैनिक स्रोतका अनुसार, हाल शक्तिशाली मानिएका नेपाली सेनाको नीति तथा व्यवस्था महानिर्देशक उपरथी पवन राज घिमिरेप्रति पनि प्रश्न खडा भएको छ । महानिर्देशक उपरथी पवन राज घिमिरेले २ वर्षमा एक पटक बाँडिने ब्ल्याक लेदर बुट एकै पटक खरिद गर्ने नीति तय गर्न किन जरुरी पऱ्यो ? के कारणले एकै पटक ब्ल्याक लेदर बुट खरिद नीति बनाएर बहुवर्षीय टेण्डरका लागि सिफारिस गरियो ? उक्त ब्ल्याक लेदर बुट खरिदको टेण्डर करिब २५ करोड रुपैयाँ बराबरको रहेको बताइन्छ ।

**निर्वाचन आचारसंहिताकै बीचमा टेण्डर**

देशमा अन्तरिम सरकार रहेको र चुनावी आचारसंहिता लागू रहेको समयमा २०८२ माघ १४ गते वहुवर्षीय टेण्डर आव्हान गरिएको र २०८२ माघ २५ गते प्रि-बिड मिटिङ तोकिएको छ । प्रतिस्पर्धी सप्लायर्सहरूको गुनासो अनुसार, १० दिनभित्र नमुना बुट तयार गरी प्रस्तुत गर्नुपर्ने शर्तले सेटिङमा रहेका बाहेक अन्य सप्लायर्सलाई प्रतिस्पर्धाबाट बाहिर धकेल्ने उद्देश्य देखिन्छ । "यति छोटो समयमा गुणस्तरीय नमुना तयार गर्नु सामान्य सप्लायर्सका लागि सम्भव हुँदैन," एक सप्लायरले नाम नछाप्ने शर्तमा बताए ।

**दरबन्दी बराबरकै बुट किन ?**

करिब ९० हजार दरबन्दी रहेको नेपाली सेनामा एकैपटक ८९ हजार ५ सय जोर बुट खरिद गर्न टेण्डर आव्हान हुनु नै शंकास्पद रहेको स्रोतको दाबी छ । अझै वर्तमान प्रधान सेनापति सिग्देलको कार्यकाल सामान्य अवस्थामा करिब डेढ वर्ष (२०८४ साउन २४ गते)सम्म बाँकी रहेको अवस्थामा दीर्घकालीन प्रयोजनका लागि यति ठूलो परिमाणमा खरिद प्रक्रिया अघि बढाइनुमा प्रश्न उठेको छ । स्रोतका अनुसार, यो सम्पूर्ण प्रक्रिया शक्तिशाली सप्लायर यादव कुँवरको 'गेम प्लान' अनुसार अघि बढाइएको नेपाली सेनाभित्रै (बाँकी पृष्ठ ८ मा)

## सरकारी अस्पताल कि भर्तिकेन्द्र ?
## अस्पतालभित्र अदृश्य सत्ताको मनपरी

काठमाडौं । विभिन्न सरकारी अस्पतालअन्तर्गत विकास समितिहरू खडा गरिएका छन् । ती समितिहरू विगतमा सरकार सञ्चालन गर्दै आएका ठूला राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूका लागि प्रायः भर्तिकेन्द्र बनेको गुनासो रहादै आएको छ ।

महाबौद्धस्थित वीर अस्पताल, महाराजगञ्जको कान्तिबाल अस्पताल, थापाथलीको परोपकार तथा प्रसूति गृह, टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, भक्तपुरस्थित शहीद धर्मभक्त अङ्ग प्रत्यारोपण केन्द्रलगायत मुलुकभरका यस्ता अस्पतालहरूमा विकास समितिअन्तर्गतकै कर्मचारीहरूको बोलवाला रहेको बताइन्छ ।

यसका कारण अस्पतालको दरबन्दीमा सरुवा भएर जाने स्वास्थ्य सेवा र निजामतीतर्फका कर्मचारीहरूको भूमिका र अधिकारसमेत खुम्चिादै गएको गुनासो छ । निजामती कर्मचारीहरू हरेक दुई-दुई वर्षमा अन्तरनिकाय सरुवा हुने भए पनि समितिमार्फत नियुक्त कर्मचारीहरूको सरुवा नहुने भएकाले ती अस्पतालहरूमा उनीहरूकै हालीमुहाली चल्ने गरेको स्रोतको दाबी छ ।

यसअघि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नेतृत्व गरेका मन्त्री तथा राजनीतिक दलका नेताहरूले समितिहरूमार्फत आफू निकट कार्यकर्ताहरूलाई जागिर लगाएर भर्तिकेन्द्र बनाएको आरोप पनि लाग्दै आएको छ ।

हाल कान्तिबाल, वीर, प्रसूति गृह, मिर्गौला प्रत्यारोपण केन्द्रलगायतका अस्पतालमा विकास समितितर्फका (बाँकी पृष्ठ ८ मा)

## सचिवको सरुवापछि मन्त्रालयमा हर्षबढाइँ ?



सचिव राम आधार साह

काठमाडौं । ०८२ माघ १२ गते बसेको मन्त्रिपरिषद बैठकले खानेपानी मन्त्रालयका सचिव रामआधार साहलाई दुई महिना नबित्दै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको (विज्ञान) तर्फ सरुवा गरेको छ । उक्त मन्त्रालयमा भने सचिव विश्वबाबु पुडासैनी बाजी मार्न सफल भए । यसअघि ०८२ मंसिर २२ गते सरकारले मन्त्रालयकी तत्कालीन सचिव प्रमीला देवी बज्राचार्यलाई नेपाल ट्रस्ट कार्यालयमा सरुवा गरेको थियो । त्यसपछि नेपाल ट्रस्टमा कार्यरत विवादस्पद सचिव साहलाई खानेपानी मन्त्रालयमा भित्र्याइएको थियो । केही समय प्रधानमन्त्री सुशीला कार्कीले मन्त्रालयको नेतृत्व श्रम, रोजगार तथा सामाजिक विकास मन्त्रीसमेत रहेका राजेन्द्र सिंह भण्डारीलाई दिएकी थिइन ।

सोही बखत हाल कानून, उद्योग र पर्यटन मन्त्रालयकोसमेत नेतृत्व गरिरहेका मन्त्री अनिल कुमार सिन्हाकै जोडबलमा सचिव साहलाई दोहोऱ्याएर मन्त्रालयमा भित्र्याएको चर्चा बाहिर आएको थियो । त्यहीबखत नेपाल ट्रष्टबाट खानेपानीमा भित्रिएपछि सचिव साहको अधिकार प्रत्यायोजनसमेत केही समय होल्डमा परेको थियो । मन्त्री भण्डारीले सचिव साहको कार्यशैलीका बारेमा राम्ररी जानकारी पाएपछि जिम्मेवारीबाट पन्छाएका थिए ।

त्यसपछि प्रधानमन्त्री कार्कीले मन्त्रालयको नेतृत्व कृषि तथा पशुपन्छी विकासमन्त्रीसमेत रहेका परियारलाई दिएकी छिन । सचिव साह विगतमा मन्त्रालयमा रहँदा कर्मचारीको सरुवा, ठेक्कापट्टा प्रकरणमा निकै बद्नाम भएका थिए । यो विषयको चालपाएपछि मन्त्री भण्डारीले अतिरिक्त जिम्मेवारी त्यागेको जानकार स्रोत बताउँछ । सचिव साहसँग काम गर्दा प्रशासनिक जोखिम बढ्नुका साथै बद्नाम हुने देखेर नै मन्त्री भण्डारीले मन्त्रालयको नेतृत्व त्यागेको प्रशासनिक वृत्तमा चर्चा चल्दै आएको छ । नेपाल प्रहरीको पूर्व एआईजीपीसमेत रहेका भण्डारीले साहको बानी व्यहोरा थाहा पाएकोले नै सम्भावित विवादबाट उम्किनका लागि जिम्मेवारीबाट पछि हटेको चर्चा हुने गरेको छ ।

मन्त्रालयमा भित्रिनसाथ सचिव साहले आफू अनुकूलका सहसचिवहरुसँग लेनदेन गरी आकर्षक निकायहरुमा सरुवा गरेको विषय प्रधानमन्त्री कार्कीसमक्षसमेत पुगेको थियो । (बाँकी पृष्ठ ८ मा)

### भ्रष्टाचारका मुद्दा बोकेर सांसद् बन्ने प्रयास
## निर्वाचन जिते पनि शपथबाट बञ्चित !

काठमाडौं । अहिलेको चुनावमा कम्तीमा पनि आधा दर्जन नेताहरुले चुनाव जिते पनि सांसद हुन पनि पाउने छैनन् । भ्रष्टाचारको मुद्दा झेलिरहेका व्यक्ति नै संसदमा जाने प्रयासमा लागेका कारण उनीहरु सांसद हुने संभावना कम रहेको छ । भ्रष्टाचारको मुद्दा खेपिरहेका माधव कुमार नेपाल र रवि लामिछाने चुनावको प्रतिस्पर्धामा छन् । उनीहरुले चुनाव जितिहाले पनि सांसदको शपथ खान भने पाउने छैनन् ।

उनीहरुको मुद्दा किनारा नलाग्दासम्म सांसदको भूमिका निर्वाह गर्न पाउने छैनन् । रवि लामिछानेको लागि बाटो खुलाउन अहिलेको सरकार सक्रिय भएको थियो । प्रधानमन्त्री सुशीला कार्कीले महान्यायधिवक्ता सविता बराललाई प्रयोग गरेर मुद्दा फिर्ता लिने प्रयास गरेकी थिइन् । तर, सम्पत्ति शुद्धीकरणको मुद्दा फिर्ता हुने संभावना नभएको जवाफ अदालतले दिइसकेका छ । त्यसैले यो मुद्दा किनारा नलाग्दासम्म लामिछाने सांसद बनेर प्रतिनिधि सभामा छिर्न पाउने छैनन् ।

मधव नेपालको हकमा पनि त्यही हो । विघटन हुनुअघि पनि नेपाल निलम्बित सांसद नै थिए । यस्तो अवस्थामा रहेका (बाँकी पृष्ठ ८ मा)

# निर्वाचनको घडीमा अदालत किन मौनता ?
## ढिलो फैसला र कमजोर हुँदै गएको विश्वास !

**समय-समयमा नेपाल र अन्य मुलुकका सर्वोच्च अदालत तथा उच्च तहका अदालतका पूर्व तथा बहालवाला न्यायमूर्तिहरूले न्यायपालिकाप्रति नकारात्मक टिप्पणी हुने गरेको कुराप्रति चिन्ता प्रकट गरेका समाचारहरू पनि विभिन्न मुलुकका सञ्चार माध्यमबाट सार्वजनिक हुने गरेको पाइन्छ । हामीले हाम्रो देशमा पनि त्यस्तो चिन्ता प्रकट भएको समाचार बेलाबखत सुनेका हुन्छौं ।**

निश्चय नै न्यायपालिका सम्मानित संस्था हो र यसले कार्यपालिका, व्यवस्थापिका, संवैधानिक निकायहरू, अन्य सरकारी तथा गैरसरकारी निकायहरू र अरू शक्तिशाली व्यक्तिबाट कसैको हक अधिकारको हनन वा अतिक्रमण भयो भने पीडित पक्षको हक अधिकारको संरक्षण गर्छ र पीडकलाई उपयुक्त दण्ड सजायँसमेत दिन्छ भन्ने मानिन्छ । न्यायपालिका निष्पक्ष र स्वच्छ हुन्छ र हुनुपर्छ भन्ने मान्यता पनि छ ।

न्यायपालिकाले व्यवहारबाट निष्पक्ष ढङ्गले न्यायको निरूपण गर्छ, समान कानूनको प्रयोगका सन्दर्भमा साना-ठूला सबैप्रति समान व्यवहार गर्छ र छिटोछरितो ढङ्गले मुद्दाको टुंगो लगाउँछ भन्ने कुरामा जनता र समाजको विश्वास जितेको छ भने सामान्य मानिसले

**यो बेला**

**युवराज पाण्डे(पीएचडी)**



**न्यायपालिकाले समाजको विश्वास आर्जन गर्न जन आस्था बृद्धिका लागि न्यायपालिकामा दायर भएका मुद्दाहरूमा समयमा निर्णय लिने क्षमता, साहस र जाँगरको प्रदर्शन गर्न जरुरी देखिन्छ ।**

न्यायपालिकाको आलोचना गर्न र त्यस्तो आलोचना सुन्न पनि चाहँदैन ।

अर्कातिर, न्यायपालिकाबाट समयमा मुद्दाको टुंगो लाग्ने गरेको छैन भने, निर्णयकर्ताले समान कानुनको प्रयोगमा अनुहार हेरेर फरक-फरक निर्णय गरेको कुरा सार्वजनिक हुन्छ भने, कसैको तर्फबाट दायर भएको मुद्दामा अदालतबाट तत्काल निर्णय हुन्छ र राष्ट्रिय चासो र सरोकारका कतिपय मुद्दामा अदालतबाट महिनौं र वर्षौंसम्मसमेत फैसला हुँदैन भने-जनसाधारणले अदालतबाट सही न्याय हुन नसकेको महसुस गर्छन् र आलोचना पनि गर्न थाल्छन् ।

त्यसैले न्यायपालिकाले अदालतको आलोचनाको आलोचना गरेर आलोचकलाई दोषी देखाउनतिरभन्दा आफूबाट कमी-कमजोरी भएको छ कि छैन भनेर पहिले आफैंले समीक्षा गर्न जरुरी छ । अदालतबाट पक्षपातपूर्ण र त्रुटिपूर्ण फैसला हुँदा पनि र समयमा न्याय निरूपण नहुँदा (बाँकी पृष्ठ ८ मा)

## जीवनधारा

### झुट्टो आरोपको पाप

रवि बुल्फ आफ्नो समयका एकजना प्रसिद्ध यहुदी धर्मगुरु थिए । एकपटक उनको घरमा एउटा चाँदीको कचौरा चोरी भयो । रवि बुल्फकी श्रीमतीलाई त्यो कचौरा नोकर्नीले चोरेको शंका थियो । उनले यस विषयमा नोकर्नीसँग सोधपुछ गरिन् । तर नोकर्नीले चोरीको आरोपको ठाडै अस्वीकार गरी । रवि बुल्फले आफ्नी श्रीमतीलाई विनाप्रमाण कसैमाथि पनि झुटो आरोप लगाउनु पाप हो भनेर सम्झाए । तर उनकी श्रीमतीले मानेकै होइन । बुल्फकी श्रीमतीले नोकर्नीका विरुद्धमा यहुदी धर्म अदालतमा चोरीको मुद्दा दायर गरिन् । मुद्दाको बहस हुने दिन पत्नी तयार भएर अदालततिर जान थालिन् भने रवि बुल्फ पनि धर्मगुरुले लगाउने पहिरन लगाएर श्रीमतीसँगै निस्किए । श्रीमान श्रीमती दुवै जना एउटै कारमा सवार भए । बाटोमा श्रीमतीले बुल्फसँग सोधिन्–आज तपाईं कसको मुद्दाको बहस गर्न गइराख्नुभएको छ ? बुल्फले जवाफ दिए– आज मलाई एउटी गरीव नोकर्नीको तर्फबाट बहस गर्नु छ, जसमाथि विनाप्रमाण चोरीको झुटो आरोप लागेको छ । प्रत्येक निर्दोष व्यक्तिको रक्षा गर्नु हरेक धर्मगुरुको कर्तव्य हो । श्रीमानको यस्तो कुरा सुनेर श्रीमती उनको अनुहार हेरेको हेर्‍यै भइन् ।

अमूर्त चिन्तनको क्षमतालाई नै बुद्धि भनिन्छ । – फ्रिम्यान

## सम्पादकीय

### संसद भवन अभाव र संवैधानिक संकट

नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई संस्थागत गर्दै राज्य सञ्चालनका आधारभूत संरचनाहरू स्पष्ट रूपमा परिभाषित गरेको छ । संविधानको धारा ९३(१) ले प्रतिनिधि सभाको निर्वाचन सम्पन्न भई अन्तिम परिणाम घोषणा भएको मितिले तीस दिनभित्र राष्ट्रपतिले संघीय संसदको अधिवेशन आव्हान गर्नैपर्ने बाध्यात्मक व्यवस्था गरेको छ । यो प्रावधान कुनै औपचारिकता मात्र होइन, लोकतान्त्रिक शासन प्रणालीको निरन्तरता, जनताको सार्वभौमसत्ता र राज्यको वैधानिक अस्तित्वसँग प्रत्यक्ष रूपमा जोडिएको संवैधानिक दायित्व हो ।

आगामी २०८२ फागुन २१ गते सम्पन्न हुन गइरहेको प्रतिनिधि सभा निर्वाचनपछि अन्तिम परिणाम घोषणा भएको मितिले तीस दिनभित्र संघीय संसदको अधिवेशन आव्हान गर्नैपर्नेछ र आव्हान भएको मितिले बढीमा १५ दिनभित्र अधिवेशन प्रारम्भ गर्नुपर्ने संवैधानिक बाध्यता रहन्छ । तर, वर्तमान परिस्थितिले यो संवैधानिक दायित्व पूरा गर्न गम्भीर चुनौती उत्पन्न गरिरहेको छ ।

२०८२ भदौ २४ गते जेन–जी आन्दोलनका क्रममा संघीय संसदको अस्थायी बैठक स्थलका रूपमा प्रयोग हुँदै आएको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र पूर्ण रूपमा क्षतिग्रस्त भई खरानीमा परिणत भएको छ । त्यसअघि २०८२ भदौ २३ गतेसम्म संसद बैठक सञ्चालन हुँदै आएको उक्त स्थान अब कुनै पनि रूपमा प्रयोगयोग्य नरहेको यथार्थ राज्यका सबै निकायलाई ज्ञात छ । यो घटनापछि संघीय संसद बैठक बस्ने वैकल्पिक स्थानको खोजी राज्यका लागि अनिवार्य विषय बनेको छ ।

यसैबीच, सिंहदरबारभित्र निर्माणाधीन स्थायी संघीय संसद भवनको अवस्था झनै चिन्ताजनक छ । शहरी विकास मन्त्रालयअन्तर्गत रहेको उक्त भवन निर्माणको ठेक्का तुन्दी–सेक जेभीले प्राप्त गरेको थियो । पटक–पटक म्याद थपिँदा पनि निर्माण कार्य अझै ८० प्रतिशतभन्दा बढी प्रगति गर्न नसकेको सम्बन्धित मन्त्रालयका अधिकारीहरू नै स्वीकार गर्छन् । निर्माण व्यवसायीको लापरवाही, सरकारी निकायको कमजोर निगरानी र गैरजिम्मेवार कार्यशैलीका कारण संसद भवन निर्माण परियोजना राष्ट्रिय लज्जाको विषय बन्न पुगेको छ ।

सरकारले पटक–पटक ‘चैत्र २०८२ भित्र सम्पन्न हुन्छ’ भन्ने आश्वासन दिए पनि हालको प्रगति, कार्यगत गति र व्यवस्थापकीय अवस्थालाई हेर्दा उक्त मितिभित्र भवन निर्माण सम्पन्न भएर हस्तान्तरण हुने सम्भावना न्यून देखिन्छ । यसले गर्दा नव–निर्वाचित संघीय संसदको पहिलो बैठक बस्ने स्थान नै नहुने अवस्था सिर्जना हुने खतरा देखापरेको छ ।

संघीय संसद सचिवालयका पदाधिकारीहरूले व्यक्त गरेको आशंका सामान्य प्रशासनिक चिन्ता मात्र होइन, यो संवैधानिक संकटको पूर्वसूचना हो । संसद अधिवेशन समयमै आह्वान हुन नसके संविधान उल्लङ्घन हुन्छ । संविधान उल्लङ्घन हुनु भनेको लोकतान्त्रिक व्यवस्थामाथि नै प्रश्न उठ्नु हो । यसले शासन वैधानिकताको संकट, कार्यपालिका र राष्ट्रपतिको भूमिकामाथि विवाद र संवैधानिक अंगहरूबीच टकरावको अवस्था सिर्जना गर्न सक्छ ।

यहाँ मूल प्रश्न उठ्छ–राज्य यति गैरजिम्मेवार कसरी बन्न सक्यो ? संघीय संसदजस्तो सार्वभौम निकायको स्थायी भवन निर्माणमा दशकौंसम्म ढिलासुस्ती हुनु, अस्थायी संरचनामै निर्भर रहनु र त्यस अस्थायी संरचनासमेत नष्ट भएपछि पनि वैकल्पिक तयारी नहुनु राज्यको नीतिगत असफलता होइन भने के हो ?

संविधान कार्यान्वयन गर्ने जिम्मा लिएका सरकारहरू, योजना अनुगमन गर्ने मन्त्रालयहरू र निर्माण व्यवसायीहरू सबै यस अवस्थाका बराबर दोषी छन्। विकास परियोजनालाई राजनीतिक लाभको साधन बनाउने प्रवृत्ति, ठेक्का प्रक्रियामा हुने अनियमितता र दण्डहीनताको संस्कारले नै आज संघीय संसद ‘छानोविहीन’ हुने जोखिममा पुगेको हो ।

अब पनि राज्य संवेदनशील नबन्ने हो भने यसको परिणाम गम्भीर हुन सक्छ । संसद बैठक बस्न नसक्ने अवस्था आयो भने नयाँ सरकार गठन, नीति तथा कार्यक्रम, बजेट प्रक्रिया र विधायिकी कार्य सबै प्रभावित हुन्छन् । यसले समग्र राज्य सञ्चालन नै अवरुद्ध हुने खतरा पैदा गर्छ ।

समाधानका विकल्पहरू अझै बन्द भएका छैनन् । सरकारसँग वैकल्पिक संरचना निर्माण गर्ने, अस्थायी तर सुरक्षित संसद भवन तत्काल निर्माण गर्ने, वा अन्य ठूला सार्वजनिक संरचनालाई आवश्यक परिमार्जनसहित संसद बैठकका लागि प्रयोग गर्ने विकल्पहरू छन् । तर, यसका लागि राजनीतिक इच्छाशक्ति, प्रशासनिक तत्परता र जिम्मेवारीबोध आवश्यक छ ।

संघीय संसद भवन निर्माणमा भएको लापरवाहीमाथि छानबिन, जिम्मेवार पक्षमाथि कारबाही र आगामी दिनमा यस्तो अवस्था दोहोरिन नदिन दीर्घकालीन योजना बनाउन अब ढिला भइसकेको छ । लोकतन्त्र नाराले होइन, संरचनाले टिक्छ । संसद भनेको लोकतन्त्रको मुटु हो–मुटु नै सुरक्षित नहुने हो भने लोकतन्त्र जीवित रहन सक्दैन ।

यसकारण, संघीय संसदको बैठक बस्ने स्थानको समस्या केवल भौतिक पूर्वाधारको प्रश्न होइन, यो संविधान, लोकतन्त्र र राज्यको भविष्यसँग जोडिएको गम्भीर विषय हो । अब पनि सरकारले यसलाई हल्का रूपमा लिने हो भने त्यसको मूल्य देशले महँगो तिर्नुपर्नेछ ।

# ‘पोलिटिकल्ली सेन्सलेस’हरूको ‘सहारा’ फेक न्यूज !

**लोकतान्त्रिक प्रणालीको संरचनात्मक, संस्थागत र विधिसम्मत विकासमा आवधिक निर्वाचनले सहयोग गर्ने भएकोले लोकसत्तामा स्वतन्त्र, निश्पक्ष, धाँधलीरहित, नागरिकको पूर्ण सहभागिता सुनिश्चित भएको आवधिक निर्वाचन अनिवार्य सर्त हो । यद्यपि नेपालमा पोलिटिकल्ली सेन्सलेसहरू चाहिँ फेक न्यूज र डिप फेकको सहाराबाट मतदातालाई भ्रमित पार्दै चुनावमा बढी सिट हत्याउन खोज्दैछन् । यसले लोकतन्त्र ‘विहारी लोकतन्त्र’मा परिणत हुने खतरा छ ।**

## समय र विचार



**डा. प्रेमराज सिलवाल, अधिवक्ता**

**फ्रड र फन्टुस ननपोलिटिकल चिटर (ठग)हरूले निर्वाचनमा सामाजिक सञ्चालको दुरुपयोग गरी ‘फेक न्यूज’ सम्प्रेषण गर्दैछन् । अर्को पक्ष वा व्यक्तिलाई हानि, नोक्सानी र बद्नाम गर्ने प्रवृत्तिले मतदाता र नागरिक भ्रमित बन्दैछन् ।**

**किन निर्वाचन ?**

किन र केका लागि निर्वाचन गर्ने हो भन्ने कुरा नै नागरिकलाई बुझाउन सकिएन । बंगलादेशमा शेख हसिनाले १५ वर्षसम्म गराएको जस्तो निर्वाचनले लोकतन्त्र पंगु मात्र बन्ने हो । केवल आवधिक निर्वाचन हुनुले मात्र लोकतन्त्र सुदृढ र सफल बन्ने होइन । विश्वमा त्यस्ता धेरै मुलुक र उदाहरण छन् जहाँ आवधिक निर्वाचन भएर पनि लोकतन्त्र र विधिको शासन धरापमा पर्दै आएका छन् । चुनावलाई ‘नागरिकको आफ्नो चाडपर्व जस्तो’ बनाउन सकेमा मात्र त्यसले सार्थकता पाउन सक्दछ । फ्रड र फन्टुस ननपोलिटिकल चिटर (ठग)हरूले निर्वाचनमा सामाजिक सञ्चालको दुरुपयोग गरी ‘फेक न्यूज’ सम्प्रेषण गर्दैछन् । अर्को पक्ष वा व्यक्तिलाई हानि, नोक्सानी र बद्नाम गर्ने प्रवृत्तिले मतदाता र नागरिक भ्रमित बन्दैछन् ।

पहिलो निर्वाचनसम्बन्धी सार्वजनिक सूचना, जानकारी र गतिविधिहरूलाई आम नागरिकको बिचमा पुऱ्याउन सामाजिक सञ्चाल सहयोग भएको यथार्थ छँदैछ । दोस्रो फेक आइडी (नक्कली परिचय) को प्रयोग गर्ने, फेक न्यूज सम्प्रेषण गरी अर्को उम्मेदवारलाई बद्नाम, भ्रमित र अन्यायपूर्वक अपराध गर्ने सोच विकास भएको कारण निर्वाचनमा सामाजिक सञ्चालको प्रयोगमाथि नै निगमन र नियन्त्रण गर्नुपर्ने चुनौती बढ्न थालेका छन् । निर्वाचनमा भ्रमपूर्ण सूचना र सामग्री सम्प्रेक्षण गर्ने प्रवित्ति विकास भएका कारण कुन सूचना, जानकारी र गतिविधि चाहिँ सत्य हो भनेर छुट्याउन नै कठीन भएको छ ।

सामाजिक सञ्चालको दुरुपयोग गर्दै जातीय, भाषिक, लैङ्गिक, धार्मिक, भौगोलिक र अनेकौं भ्रमपूर्ण तथा अपराधपूर्ण भ्रम फैल्याउने प्रवृत्तिले समाजको एकता, सहअस्तित्व र सामाजिक एकता भाँडिने खतरनाक अवस्था सिर्जना भएको देखिन्छ । जसले निर्वाचनको आधार भूत मूल्यको रूपमा रहेको स्वतन्त्र, स्वच्छ, पारदर्शिता, विस्वासनीयता, निर्भिकता, जनसहभागिता, नागरिक सरोकार र नागरिक अपनत्व समेत धरापमा पर्ने खतरा छ । फेक न्यूजको कारण आपराधिक सोचका मान्छे ‘चुनिने’ खतरा पनि छ ।

विश्वमा सामाजिक सञ्जाललाई छिटो, छरितो, सहज र प्रभावकारी सञ्चार तथा सम्वादको माध्यमको रूपमा लिइन्छ । सामाजिक सञ्चालको सदुपयोय तथा सञ्चालन गर्न सकेको खण्डमा सबैले लाभ प्राप्त गर्न सक्दछन् । इन्टरनेटको माध्यमबाट आफ्ना विचार, सूचना, धारणा, जानकारी र मत प्रवाह छिटो र सहज हुने भएकाले त्यसको प्रयोग प्रत्येकका लागि सहज भएको हो । फेक न्यूजको बाढी

निर्वाचनको लागि मनोनयन दर्तासँगै फेक न्यूजको बाढी आएको छ । मतदाता सूचित र शिक्षित बनाउने कार्यमा सामाजिक सञ्जाल र इन्टरनेटको प्रयोग प्रभावकारी हुने भए पनि नागरिकलाई भ्रमित, त्रसित र अन्यौलग्रस्त बनाउन यही माध्यमको प्रयोगले निर्वाचन आयोगले आफ्नो भूमिका प्रभावकारी रूपमा निर्वाह गर्न सकेको छैन । विशेषगरी आचारसंहिताको पालनामा अनेकौं प्रश्न खडा भएका छन् । नकारात्मक सूचना प्रवाहित गर्ने, मतदातालाई त्रसित पार्ने, सामाजिक सञ्चालमार्फत डर र धम्की दिने, गलत सूचना प्रवाहित गर्ने तथा विद्युतीय अपराध समेत गर्ने काम निर्वाचनका क्रममा सामाजिक सञ्चालमार्फत हुन थालेका छन् । जसले स्वच्छ, स्वतन्त्र, भयरहित र नागरिक सहभागिताको ग्यारेन्टी हुने निर्वाचनमाथि ठाडै प्रश्न उठेका छन् ।

भ्रामक समाचारबाट मतदाता र नागरिकलाई प्रभावित गर्न सामाजिक सञ्चालमा बोट्स (स्वचालित रूपमा सन्देशहरू पठाउने र सम्वाद गर्नका लागि प्रविधिको दुरुपयोग गर्ने) मार्फत मतदालाई डिफ फेक (गहिरो भ्रम) पारेर निहित स्वार्थ सिद्ध गर्ने प्रवृत्ति चुनौतीको रूपमा रहेको छ । त्यसैगरी क्लिक बेएट्स (प्रयोगकर्तालाई तिनले विकास गरेका भ्रमपूर्ण सूचना र सामग्री पटकपटक लिङ्कमा क्लिक गर्न मन लाग्ने बनाउने र सनसनीपूर्ण भ्रमित सूचनामार्फत उल्लु बनाउन) यस्ता सामाजिक सञ्जालको दुरुपयोग बढेकोको कारण नागरिक भ्रमित बन्दैछन् । निर्वाचन सार्थक र अर्थपूर्ण बनाउन नागरिक सचेत, सूचित र शिक्षित हुनुपर्दछ । निर्वाचन लोकमत मापन गर्ने वैधानिक विधि भएकाले भ्रममुक्त भएर मत दिने वातावरण राज्यले निर्माण गर्नु अपरिहार्य हुनेमा सरकारले केही गर्न सकेको छैन् ।

**सामाजिक सञ्जालको दुरुपयोग**

आवधिक निर्वाचन, समान मताधिकार, लोकतन्त्रमा प्रत्येक नागरिक कानुन अनुसार निर्वाचनमा ‘चुन्न र चुनिन पाउने’, गोप्य मतदान हुने, प्रत्येक मतको गणना र अर्थ हुने, राजनीतिक विचारधारा, राजनीतिक दलमार्फत आफूलाई प्रस्तुत गर्न पाउने, राजनीतिक विचार र संगठनको स्वतन्त्रता, नागरिक सरोकारका मुद्दा उठाउन र बोल्न पाउने अधिकार एवम् अवसरको रूपमा निर्वाचनलाई लिइने गरिएकाले सामाजिक सञ्जालको दुरुपयोग न्यूनीकरण गर्नु अपरिहार्य भएको हो । २०६४ साल चैत २८ गते पहिलो संविधान सभाको निर्वाचन पूर्व बन्दुकको त्रास देखाएर सामाजिक सञ्जालको दुरुपयोग गरियो । २०७९ साल मङ्सिर ४ गते प्रतिनिधि सभा र प्रदेश सभाका निर्वाचन सम्पन्न भयो ।

प्रतिनिधि सभातर्फ नेपाली काँङ्ग्रेस ८८ सिट सहित पहिलो, ७८ सिट सहित एमाले दोस्रो, ५४ सिट सहित माओवादी तेस्रो र २१ सिट सहित राष्ट्रिय स्वतन्त्र पार्टी चौथो ठूलो दलका रूपमा संसदमा निर्वाचित भयो । जसमा ‘स्वतन्त्र’ व्यक्ति र दलका नाममा सामाजिक सञ्जालको व्यापक दुरुपयोग भएको थियो । एमाले लगायतका अन्य दलप्रति फेक न्यूज र फेक आइडीमार्फत अनेकौं भ्रम छर्ने कार्य गरियो । त्यहीँबाट मुलुकमा राजनीतिक, संवैधानिक र कानूनी जटिलता थपिएको हो । २०८२ साल भदौ २३-२४ को विध्वंसमा समेत फेक आइडीमार्फत अनेकौं भ्रमपूर्ण सूचना सामाजिक सञ्जालमार्फत प्रवाहित गरेर आगजनी, लुटपाट र हिँसा बढाउने कार्य गरियो । २०८२ साल फागुन २१ गतेको प्रतिनिधि सभाको निर्वाचनमा मुलुक होमिएको भए पनि निर्वाचनको गतिविधि बढेसँगै सामाजिक सञ्जालमार्फत भ्रमपूर्ण सूचना, समाचार र सामग्रीको बाढी आएको देखिन्छ ।

सामाजिक सञ्जालमा त्यसरी प्रस्तुत गरिएका भ्रमपूर्ण सूचनाले मुलुकमा फेरि कस्ता खालका प्रतिनिधिको छनोट हुने हो र राजनीतिक अस्थिरता बढ्ने चिन्ता सर्वत्र छाएको देखिन्छ । सामाजिक सञ्जालमार्फत आएका फेक र भ्रमपूर्ण सूचना र सामग्रीको कारण मुलुकको संविधानको पूर्ण कार्यान्वयन र लोकतान्त्रिक मूल्य तथा मान्यता नै धरासायी बन्न खतरा पनि देखिन्छ । सामाजिक सञ्जालको दुरुपयोगको कारण पोलिटिकल्ली सेन्सलेस, ननसेन्स र फ्रडहरू संसदमा निर्वाचित भएर आए भने मुलुकको लागि योभन्दा ठूलो दुर्भाग्य अर्को हुने छैन । तसर्थ फेक न्यूज, फेक आइडीमार्फत आएका भ्रम र चिटरका फेक गतिविधि रोक्नु अनिवार्य भएको छ ।

# नेपालको कानून दैवले जानुन्, काँग्रेसको विधान कसले मानुन् ?

● साँघु संवाददाता

**काठमाडौं । काँग्रेसको विधान अनुसार ४० प्रतिशत सदस्यहरूले केन्द्रीय महाधिवेशनको बैठक बोलाउन विशेष कारण खुलाई केन्द्र समक्ष लिखित अनुरोध गरेमा विशेष महाधिवेशन स्वभाविक रुपमा गर्नु नै पर्दछ । त्यस्तो निवेदन परेको तीन महिनाभित्रमा विशेष केन्द्रीय महाधिवेशन बोलाउनुपर्ने प्रावधान विधानमा छ । ५४ प्रतिशत प्रतिनिधिहरुको माग अनुसार ३ महिनाको समयावधि वित्नै लाग्दा विशेष महाधिबेशन भएको थियो ।**



**२०८२ पुस २७–२८ मा भएको विशेष महाधिबेशनले वैधानिकता पाउँदा दुई तिहाई बहुमतले सभापतिलगायतका पदाधिकारी हटाउने अभ्यास सदाका लागि समाप्त हुने देखिन्छ । भोलिका दिनमा पनि सभापतिलाई हटाउनु भन्दा ५१ प्रतिशत जुटाएर सिधै विशेष महाधिवेशन गर्ने र पार्टी कब्जा गर्ने बाटो खोलेर खतराको विजारोपण गरेको विषयलाई नकार्न सकिँदैन ।**

हुन त, विशेष महाधिवेशन केन्द्रीय समितिले नबोलाएपछि महाधिवेशन प्रतिनिधि आफैले डाकेका हुन्, तापनि केन्द्रीय समितिले नबोलाएको विशेष महाधिवेशन कसरी बैध भयो ? भन्ने प्रश्न अझै निरुत्तरित नै छ । काँग्रेस विधानको दफा १७ अनुसार केन्द्रीय समितिको सहभागिता विना महाधिवेशन अघि बढ्न सक्ने परिकल्पना गरिएको छैन । ५४ प्रतिशत प्रतिनिधिहरुको आग्रह स्वीकार नगरेपछि गगन थापा र विश्वप्रकास शर्मा समूहले आफै विशेष अधिवेशन आयोजना गरेका थिए ।

यसरी हेर्दा तत्कालीन शेरबहादुर देउवा नेतृत्वको केन्द्रीय समिति र बहुमत महाधिवेशन प्रतिनिधि बीच गहिरो विश्वासको खडेरी देखिएको छ । आफै सकिने त्रासले केन्द्रीय समितिले विशेष महाधिवेशन नबोलाएको कुरा बुझ्न पनि कठिन छैन । महाधिवेशन प्रतिनिधिहरुको बहुमत क केन्द्रीय समितिको विरुद्ध रहेको तथ्यलाई पनि अस्वीकार गर्न सकिने अवस्था थिएन । सतहमा तर्कहरु जे जस्ता गरिए पनि केन्द्रीय समितिले विशेष महाधिवेशन बोलाउन अस्वीकार गरेको अवस्थामा काँग्रेस पार्टीभित्रको आन्तरिक लोकतन्त्र कमजोर भएकै हो । काँग्रेसभित्रको आन्तरिक लोकतन्त्र कसरी बचाउने भन्ने प्रश्न आफूलाई लोकतन्त्रको मसिहा ठान्ने ठूलो पार्टीको आन्तरिक जीवनमा सधैं खड्किरहने छ ।

विधानको व्यवस्थातर्फ दृष्टिगोचर गर्दा केन्द्रीय कायसमितिका काँग्रेस सभापति, पदाधिकारी तथा सदस्यहरुलाई पदमुक्त गर्नका लागि पार्टी विधानमा अविश्वासको प्रस्ताव संवन्धी व्यवस्था पनि छ । विशेष महाधिवेशनका लागि पनि सभापतिको अध्यक्षता तथा केन्द्रीय समितिको भूमिका अनिवार्य मानिएको देखिन्छ ।

२०८२ पुस २७-२८ मा भएको विशेष महाधिबेशनले वैधानिकता पाउँदा दुई तिहाई बहुमतले सभापतिलगायतका पदाधिकारी हटाउने अभ्यास सदाका लागि समाप्त हुने देखिन्छ । भोलिका दिनमा पनि सभापतिलाई हटाउनु भन्दा ५१ प्रतिशत जुटाएर सिधै विशेष महाधिवेशन गर्ने र पार्टी कब्जा गर्ने बाटो खोलेर खतराको विजारोपण गरेको विषयलाई नकार्न सकिँदैन ।

विशेष महाधिवेशनको आयोजना विधान अनुसार भएको भनेर मात्रै सुःख पाउने अवस्था छैन । विशेष महाधिवेशन एउटा पक्षले मात्रै आयोजना गरेको कुरा घाम जत्तिकै छर्लङ्ग छ । यतिबेला विशेष महाधिवेशनले एकपक्षीय नयाँ केन्द्रीय समिति निर्वाचन गरिसकेको अवस्था छ । यसका अलवा विधान संशोधनको प्रस्ताव केन्द्रीय कार्यसमितिले गर्ने भन्ने छ । र, केन्द्रीय महाधिवेशन वा केन्द्रीय महासमितिका पच्चिस प्रतिशत सदस्यले केन्द्रीय कार्यसमिति मार्फत प्रस्तुत गर्न सक्छन् ।

यसकारण केन्द्रीय समितिको संलग्नता विना विधान संसोधनको प्रस्ताव अघि बढ्नसक्ने ठाउँ पनि कतै देखिँदैन । विधानको व्याख्या गर्ने र विधानमा उल्लेख भएका कुराहरूमा अपर्झट निर्णय गर्नु परेमा पार्टीको परम्परालाई ध्यानमा राखी समेत व्यवस्था गरेको छ । दफा ४७ को उपदफा (१) अनुसार विधानको संशोधन गर्नुपरेमा केन्द्रीय महाधिवेशनले सम्पूर्ण सदस्य संख्याको साधारण बहुमतले संशोधन गर्न सक्ने भन्ने छ। सोही दफाको उपदफा (२) मा विधान संशोधनको केन्द्रीय कार्यसमितिले गर्न सक्ने भन्ने छ। उक्त निर्णयलाई पछि हुने महासमिति वा महाधिवेशनबाट अनुमोदन गराउनुपर्ने व्यवस्था गरिएको छ ।

काँग्रेसमा देखिएको मुख्य विवाद ४० प्रतिशत केन्द्रीय महाधिबशेन प्रतिनिधिहरुद्वारा माग गरिएको ३ महिना भित्र विशेष महाधिवेशन बोलाइने छ भनेर विधानमा भनिए पनि विशेष कारणबस यो अवधि भित्र बोलाइएन भने के हुने ? भन्ने सन्दर्भमा विधान मौन छ । यस्तो अवस्थामा केन्द्रीय समितिलाई विधानको व्याख्या गर्ने अधिकार हुने कि नहुने ? भन्ने प्रश्न समेत पेचिलो रुपमा उपस्थित भएको छ । अनि केन्द्रीय समितिलाई विधानको व्यवस्था वमोजिम बाधा अड्काउ फुकाउने अधिकार हुने कि नहुने त ?

यस्तो अवस्थामा काँग्रेसको विधान कसले पालना गर्ने र कसले गराउने भन्ने गम्भीर प्रश्न समेत उठेको छ । विधानको व्यवस्था नै ‘ प्यारालाइज्ड’ भई औचित्य सकिएको हो कि भन्ने चर्चा समेत काँग्रेसजनमा यतिबेला व्यापक चलेको छ । नेपाली कांग्रेसभित्रको वर्तमान असन्तुलनकारी र अस्पष्टका नीतिका कारण यो परि स्थितिले २०८२ फागुन २१ गतेसम्म टुट्न-फुट्नबाट जेनतेन धानिने छ र त्यसपछि शेरवहादुर देउवा (पश्चिमा शक्ति विरोधी) र गगन थापा(पश्चिममा शक्ति समर्थक)को दल बेग्लाबेग्लै बन्ने निश्चित जस्तै मानिन्छ ।

# संसद भवन निर्माणमा सरकारकै ढिलासुस्ती

## संघीय संसदको बैठक आयोजना कहाँ गर्ने ?

● साँघु संवाददाता

**काठमाडौं । यतिखेर अन्तरिम सरकारको चुनौती भनेकै निर्माणाधीन संघीय संसदको भवन निर्माण सम्पन्न गर्नु रहेको छ । २०८२ फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन निर्धारित समयमै सम्पन्न गर्न सरकारले अर्जुन दृष्टि लगाइरहेको छ । तत्पश्चात गठित प्रतिनिधि सभाको बैठक संघीय सचिवालय सिंहदरवार परिसरमा निर्मित भवनमा आयोजना गर्नका लागि प्रधानमन्त्री सुशीला कार्कीलेसमेत चासो बढाएको खबर छ । यही कारण प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय, शहरी विकास मन्त्रालय, संघीय संसद सचिवालयका अधिकारीहरु निरन्तर छलफल र बैठकमा जुटिरहेका छन् ।**

उनीहरुले निर्माण पक्षलाई निरन्तर २०८२ चैतको पहिलो वा दोश्रो हप्तासम्म सम्पूर्ण निर्माण कार्य सम्पन्न गर्न दवाव दिइरहेको बताइन्छ । संसद भवन निर्माणको जिम्मा शहरी विकास तथा भवन निर्माण विभागअन्तर्गतको विशेष भवन आयोजनाले लिएको छ । भवन निर्माणको ठेक्का तुन्दी-सेक जेभीले पाएको र ठेकदार कम्पनीले अनावश्यक रुपमा काममा ढिलासुस्ती गरेको कर्मचारी स्रोत बताउछ।। संझौताअनुसार निर्माण पक्षले ०८२ पुस १६ गतेभित्र सबै काम सक्नुपर्ने सम्झौता रहेको थियो । तर, निर्माण पक्षले हालसम्म ८० प्रतिशत मात्रै काम सम्पन्न गरेको आयोजना स्रोतले दावी गरेको छ ।

उता, संसद सचिवालयको नेतृत्वले पनि यो विषयमा शहरी मन्त्रालयका अधिकारीहरुसँग निरन्तर रुपमा यो चासो लिइरहेको छ। त्यसैले पनि मन्त्रालय, विभाग र आयोजना प्रमुखलगायत कर्मचारीहरुले निर्माण पक्षलाई तोकिएको समयमा काम सम्पन्न गर्न अनुरोध गरिरहेको विभाग स्रोतले जानकारी दिएको छ । विभागका महानिर्देशक ई. रविन्द्र बोहराले आगामी संसदको बैठक सोही नयाँ भवनमा नै बस्ने दावी गरे तापनि निर्माणको भौतिक अवस्था हेर्दा विश्वास गर्न सकिने अवस्था छैन । यो अवधिमा निर्माण पक्षले सम्पूर्ण निर्माण कार्य पूरा गरी विभागलाई हस्तान्तरण गरिसक्ने उनको दावी चाहिं गरिएको छ ।

**चौतर्फी रुपमा जिज्ञासा**

यतिखेर नयाँ गठित संसदको बैठक आयोजना गर्न भवन तयार होलाकि नहोला भन्ने चिन्ता र जिज्ञासा सर्वत्र रहेको छ । संघीय प्रशासनिक निकाय सिंहदरबार परिसरभित्र संसदका लागि आवश्यक १२ वटा भवन निर्माण भइरहेका छन् । जसमध्ये ६ वटा भवन २०८२ चैत १ गते अगाडि नै आयोजनालाई हस्तान्तरण गर्न सकिने अवस्थामा रहेको मन्त्रालय स्रोतले दावी गरेको छ । निर्माणाधीन संसद्को नयाँ भवन अत्याधुनिक सुविधा सम्पन्न हुने दावी स्रोतले गरेको छ ।

निर्माणाधीन भवन वरपर राजनीतिक दलहरूका लागि संसदीय दलको कार्यालय राखिने भएको छ। त्यसैगरी संसद् सचिवालय, राष्ट्रिय सभा र प्रनिनिधि सभाका लागि



### केन्द्र बन्यो कवाडी डम्पिङ साइट

*२०६५ सालदेखि विशिष्ट संरचना तथा व्यवस्थापन विकास समिति अन्तर्गत रहेको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा संविधान सभा र २०७४ पछि प्रतिनिधि सभा बैठक बस्दै आएको छ। जेन-जी आन्दोलनले तोडफोड र आगजनी भएको संसद भवन काम नलाग्ने गरी जलाइएको छ । चिनियाँ सहयोगमा निर्माण भएको अस्थायी संसद भवनमाथि आक्रमण गरी आगजनी गरिनु रहस्यमय ठानिएको छ ।*

*सरकारले सम्मेलन केन्द्रको पुनर्निर्माण गर्ने कार्य भने अझै अगाडि बढाइएको छैन । हाल केन्द्र परिसर जेन-जी आन्दोलनमा जलाइएका सवारीसाधन थन्काउने कवाडी डम्पिङ स्थल बनाइएको छ । केन्द्र वरपर सबैतिर कवाडी सवारीसाधन राखेको देख्न सकिन्छ । केन्द्रलाई संसद सचिवालयले २०६४ सालमा बार्षिक ७ करोड भुक्तानी गर्नेगरी शहरी बिकास मन्त्रालयसँग भाडा संझौता गरेको थियो ।*

*जसमा भवन, चौरको भाडा हरेक वर्ष बार्षिक १० प्रतिशतका रूपमा बढाउने संझौता रहेको छ । यो १८ वर्षको अवधिमा १० प्रतिशतका दरले बृद्दि हुँदा वार्षिक १७ करोड पुगेको बताइन्छ । जेनजी आन्दोलनपछि भने सचिवालयले केन्द्रको संझौता नबिकरण भने गरेको छैन । अर्कोतिर, केन्द्रको पुनर्निर्माण गर्न शहरी विकास मन्त्रालयले ठेक्का लगाएको अवस्था पनि छैन ।*

आवश्यक संरचनासमेत नजिकै राखिएको जानकार स्रोत बताउँछ । नयाँ संसद् भवन क्षेत्रको मध्यभागमा भीभीआईपीका लागि प्रवेशद्वार रहेको र त्यसकै छेउमा कर्मचारी तथा अन्यका लागिसमेत निर्माण गरिएको छ । नव निर्मित भवनमा साना-ठूला गरी १० वटा राजनीतिक दलका लागि संसदीय दलको कार्यालय र बैठक कक्ष निर्माण गरिएको स्रोतको दावी छ ।

प्रधानमन्त्री, सभामुख, राष्ट्रिय सभा अध्यक्ष, दलका प्रमुख सचेतकलगायतलाई अति विशिष्ट कक्षसमेत तयार गरिएको छ । हरेक कार्यकक्षमा २५ सिटको बैठक हलको व्यवस्था गरिएको र सोही परिसरमा पुस्तकालय र क्यान्टिनको लागिसमेत स्पेश रहने बताइएको छ । संसद भवन क्षेत्रभित्र बगैंचा, प्रेस र छपाइ भवनसहित ७ सय वटा सवारी साधन पार्किङ गर्न सकिने पूर्वाधारसहित सुरक्षाकर्मीका लागि भवनहरू निर्माण गरिएको छ ।

**मुख्यसचिवलाई सचिवालयको पत्र**

अन्तरिम सरकार गठन भए लगत्तै २०८२ फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन घोषणा गरेको थियो । त्यसपश्चात संसद सचिवालयले पत्र नै लेखेर तत्कालीन मुख्यसचिवलाई यस विषयमा जानकारी गराएको थियो । त्यसपछि मुख्यसचिव सुमनराज अर्याललाई यो विषयमा संसद सचिवलालयले पत्र नै लेखेर चासो व्यक्त गर्दै आएको बताएको छ ।

आगामी प्रतिनिधि सभाको निर्वाचन पश्चात संसद् बैठक आयोजनाका लागि आवश्यक सभाहल तयारीका विषयमा सम्वन्धित निकायहरुसँग संसद सचिवलालयले निरन्तर चासो राख्दै आएको स्रोतको भनाई रहेको छ । सचिवालले पदाधिकारीहरु र सचिवालयका कर्मचारीहरुको कार्यकक्ष, संसदीय दलका कार्यालयहरुको व्यवस्थापनबारे निरन्तर ध्यानाकर्षण गराइरहेको बताइन्छ ।

सभा संचालनका लागि आवश्यक अडियो, भिडियो रेकर्डिङ, लाईभ प्रशारण, श्रव्यदृष्य र सूचना प्रविधि सम्बन्धी उपकरणहरुलगायतका भौतिक संरचनाहरु सहितको पूर्वाधार आवश्यक पर्नेछ । यी सवै पूर्वाधारको आवश्यक व्यवस्था मिलाइ दिनका लागि सचिवालयले पत्रमार्फत मुख्यसचिव अर्यालसमक्ष अनुरोध गर्दै आएको सचिवालयस्रोतले दावी गरेको छ ।

**८० प्रतिशत मात्रै काम**

यता, निकै लामो समयदेखि निर्माण हुँदै आएको नयाँ संसद भवनको काम ८० प्रतिशत मात्र सम्पन्न भएको दावी गरिएको छ। अझै २० प्रतिशत काम हुन सकेको छैन। यो अवधिमा चार पटक भन्दा बढी म्याद थप भइसकेको छ। भवन निर्माण भइसकेपनि सिलिङ, सजावटा, विद्युत, पाइप, धारा, ट्वाइलेटका सामग्री र अगाडिको भवनको सजावटलगायतका काम बाँकी नै छन्।

जसका लागि अझै केही समय लाग्ने निर्माणपक्षले दावी गरेको छ। जसले फागुन २१ मा संसदको चुनाव सम्पन्न भएएपनि बैठक स्थानको अभाव हुनेहोकि भन्ने आशंका भने हट्न सकिरहेको छैन । त्यसैले संवैधानिक व्यवस्था अनुसार, संसदको बैठक बस्न ढिला हुने त होइन भन्ने जिज्ञासा समेत पैदा भइरहेका छन् । २ सय ७५ सदस्य प्रतिनिधि सभामा पत्रकार, अतिथि, सचिव, सचिवालयका कर्मचारी, सभामुख, उपसभामुख, सचिवालयका कर्मचारी र लविङ आदि स्थान आवश्यक पर्नेछन्। त्यसो हुँदा राष्ट्रिय सभाको जस्तो कृषि समितिको सानो हलमा बैठक आयोजना गर्न सम्भव छैन ।

## समाचार/विविध

### धेरै अधिकृत उपसचिवमा बढुवा सिफारिस

● साँघु संवाददाता

*काठमाडौं । ०८२ माघ १४ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सूचना जारी गर्दै आठजना अधिकृतहरुलाई उपसचिव पदमा बढुवाका लागि सिफारिस गरेको छ । मन्त्रालयले रिक्त रहेका ती पदमा ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनका आधारमा बढुवाका लागि सिफारिस गरिएको जानकारी दिएको छ। मन्त्रालयको बढुवा समितिको सचिवालयले नेपाल कृषि सेवा, एग्री-इकोनोमिक्स तथा मार्केटिङ्ग समूह अन्तर्गत राजपत्राङ्कित द्वितीय श्रेणी (उपसचिव) पदमा तल उल्लेखित अधिकृतलाई बढुवाका लागि सिफारिस गरेको बताइन्छ।*

*बढुवा सिफारिसमा परेका अधिकृतहरुमा लोकराज सुवेदी, राजेश साह, मीना कँडेल र इन्द्र शर्मा रहेका छन् । यसैगरी, बिपिन खनाल, ईश्वर बर्सिला, सिर्जना तिमिलसिना र चन्द्रा जोशी छन । सामान्य प्रशासन मन्त्रालयको २०८१ पुष २१ गतेको बढुवा समितिको निर्णय अनुसार उनीहरु सिफारिस गरिएको थियो। मन्त्रालयद्वारा प्रकाशित संशोधित बढुवा सिफारिस योग्यताक्रमको सूची अनुसार उनीहरुलाई नेपाल कृषि सेवा, एग्री-इकोनोमिक्स तथा मार्केटिङ्ग समूह, राजपत्राङ्कित द्वितीय श्रेणी (उपसचिव) पदमा ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सिफारिस गरिएको बताइन्छ ।*

*यसैबिच, मन्त्रालयको बढुवा समितिको सचिवालयले सातजना शाखा अधिकृतलाई उपसचिव पदमा बढुवाका सिफारिस गरेको छ। मन्त्रालयले माघ १३ गते मंगलबार सूचना जारी गर्दै रिक्त रहेका उपसचिव पदमा कार्य क्षमताको आधारमा बढुवा सिफारिस गरिएको जानकारी दिएको छ। बढुवा समितिको माघ ११ गते सोमवारको निर्णयअनुसार नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह, (राजपत्रांकित द्वितीय श्रेणी) अन्तर्गत ती शाखा अधिकृतलाई उपसचिव पदमा बढुवा सिफारिस गरिएको बताइएको छ । मन्त्रालयका अनुसार सिफारिस भएका अधिकृतहरुमा देवीप्रसाद सुवेदी, भिष्मप्रसाद पोखरेल, नन्दकिशोर गुप्ता, सुलोचना खनाल पराजुली, धनबहादर ओली, उद्धवप्रसाद श्रेष्ठ र युद्धबहादुर सुवदी रहेका छन् ।*

### शंकास्पद कार्यमा संलग्न दुई विदेशी पक्राउ

*काठमाडौं । २०८२ माघ ११ गते गृह मन्त्रालय मातहतको अध्यागमन विभागले भिसाको उद्देश्य विपरीत नेपालमा बसी शंकास्पद क्रियाकलापमा संलग्न दुईजना विदेशी नागरिकलाई नियन्त्रणमा लिएको छ । उनीहरुमध्ये एकजना अमेरिकन र अर्का चिनियाँ नागरिक रहेको विभाग स्रोतले जानकारी दिएको छ । चिनियाँ नागरिक काठमाडौंकै पकनाजोलस्थित ठमेल फेमली फिस होटलमा मासिक २० हजार भाडा तिरेर शंकास्पदरुपमा बस्दै आएको अनुसन्धानबाट खुलेको छ । उनी सन् २०१२ मा पहिलो पटक पर्यटक भिसामा नेपाल प्रवेश गरेको अनुसन्धानकाक्रममा पत्ता लागेको बताइएको छ ।*

*त्यसपछि पनि पटक पटक गरी १३ पटक व्यवसायिक भिसा लिएर निजले नेपालमा विभिन्न ६ वटा होटेल, व्यावसायिक कम्पनीहरु स्थापना गरेको फेला परेको विभाग स्रोतले जनाएको छ । व्यावसायिक भिसा लिने प्रयोजनको लागि मात्र कम्पनी स्थापना गरेको तर लगानी र कारोबार भने नदेखिएको विभागको दावी छ । निजले स्थापना गरेका तर व्यावसायिक कारोबार नगरेका कम्पनीहरु निम्न रहेको विभागले बताएको छ । जसमा एन सपिङ होटल एण्ड रेष्टुरेण्ट प्रा.लि, होटल वीथ रेष्टुरेण्ट एन, झौंङविन इन्टरनेशनल कार्गो कम्पनी, मोइङ होटल वीथ रेष्टुरेण्ट, स्पिरिट मन्की इनफरमेशन टेक्नोलोजी र शाव जिअसुन होटल वीथ रेष्टुरेण्ट कम्पनी रहेका छन् । पर्यटक भिसा र व्यवसायिक भिसामा नेपालमा बसी विगत ४ वर्षदेखि विभिन्न विद्यालयहरुमा अध्यापनलगायतका कार्यहरु गर्दै आएकोसमेत अनुसन्धानबाट खुलेको छ । तर, पर्यटक र व्यवसायिक भिसामा नेपालमा बस्दा जुनसुकै विदेशी नागरिकले काम गर्न नपाउने कानूनी व्यवस्था रहेको छ ।*

*चिनियाँ नागरिकले विभिन्न समयमा पटक पटक पर्यटक भिसा र फरक फरकम प्रकृतिका कम्पनीहरु दर्ता गराई लामो समय नेपाल बस्ने उद्देश्यसहित यस्ता गतिबिधि गरेको पाइएको छ। सोही प्रयोजनको लागि भिसा आवेदन गर्ने गर्दै उद्देश्य विपरित कार्य गर्दै आएको विभाग स्रोतको बताएको छ । उता, अमेरिकी नागरिक भने सन् २०१७ मा पहिलो पटक नेपाल प्रवेश गरेको पाइएको छ। सन् २०२० मा पुनः नेपाल प्रवेश गरी हालसम्म नेपालमै रहेको विभागले गरेको अनुसन्धानबाट खुलेको छ ।*

*साथै, सिन्धुपाल्चोकको साँगाचोकगढीमा क्यालभरी सर्भिस सेन्टर प्राइभेट लिमिटेड स्थापना गरेको तर कम्पनीको ठेगाना ललितपुर १८ सैंबु उल्लेख गरेको विभागका निर्देशक एवम् सूचना अधिकारी टीकाराम ढकालले जानकारी दिए। पक्राउ परेका अमेरिकन नागरिकले गोदावरी नगरपालिकामा घर भाडामा लिई गैरकानूनी रुपमा बालगृह सञ्चालन गरेको विभाग स्रोतले दावी गरेको छ। साथै, बाल गृहसम्बन्धी आधिकारिक बोर्ड भने राखिएको थिएन। उक्त भवनमा आर्थिक अवस्था कमजोर भएका १२ जना वालिकाहरुलाई आश्रय दिएर राखेको फेला परेको छ । ती बाल बालिकाहरुलाई क्रिश्चियन धर्म सम्बन्धी गतिबिधिमा संलग्न गराउने गरेको भनाई स्थानीयवासीको रहेको छ। भवनका भित्ताहरुमा क्रिश्चियन धर्म सम्बन्धी सन्देश पेन्ट गरेको र नेपालमा बस्ने प्रयोजनका लागि मात्र पटक पटक अध्ययन र व्यवसायिक भिसा लिएर बसेको विभागको ठहर छ । विभागले नियन्त्रणमा लिएपछि तीन अमेरिकन नागरिकले नेपाल सरकार र प्रशासनको बारेमा हेट स्पिच समेत दिएको विभागस्रोत बताउँछ ।*

# द्रुतमार्ग र सेना : मोडल फेरियो, गति फेरिएन

## सैनिक मोडल र ठेकेदार मोडलको परीक्षण ?

● साँघु संवाददाता

**काठमाडौं-तराई/मधेश द्रुतमार्ग निर्माणको जिम्मा नेपाली सेनालाई दिंदा सरकारको मुख्य तर्क थियो-ठेकेदार मोडल असफल भइसकेको छ, अब सैनिक मोडलले गति र अनुशासन ल्याउँछ । राष्ट्रिय गौरवको आयोजना भएकाले यसमा ढिलाइ, लापरवाही र ठेक्का विवाद अन्त्य गर्न सेनाको प्रत्यक्ष संलग्नता आवश्यक ठानियो ।**

हाल सार्वजनिक स्रोतहरूमा द्रुतमार्गको स्टीमेट लागत रु. २११-२११.९३ अर्ब वरिपरि (संशोधित DPR) देखिन्छ, र कतिपय उद्धरणमा "रु.२ खर्ब १३ अर्बभित्र" भन्ने राउन्ड फिगर प्रयोग भएको पनि छ । नेपाली सेनाले निर्माणको जिम्मेवारी लिएको समयः वि.सं. २०७४ वैशाख हो । कागजी/प्रशासनिक हिसाबले परियोजना अप्रिल २०१७ देखि सुरु भएको देखिन्छ, र सार्वजनिक/औपचारिक रूपमा जेठ २०७४ (मे २०१७) मा शिलान्यास भएको तथ्य पाइन्छ ।

तर, चार वर्षमा निर्माण सम्पन्न हुनुपर्ने आयोजनाको प्रगति साढे आठ वर्षपछि ४५.१६ प्रतिशतमा सीमित देखिन्छ, मोडल फेरिँदा पनि परिणाम किन उस्तै देखियो भन्ने प्रश्न गम्भीर रूपमा उठ्न थालेको छ ।

**ठेकेदार मोडलः**
**ढिलाइ देखिने, दोषी देखिने**

ठेकेदार मोडलमा समस्या थिए-काम ढिलो हुनु, लागत बढ्नु र गुणस्तरमा प्रश्न उठ्नु । तर, त्यही मोडलमा एउटा स्पष्टता पनि थियो । कुन ठेकेदार असफल भयो भन्ने देखिन्थ्यो, ढिलाइ भए जरिवाना हुन्थ्यो, काम बिग्रिए कालोसूचीको डर रहन्थ्यो । यसकारण ठेकेदार मोडल आलोचित भए पनि जवाफदेहिताको ढोका खुला थियो ।

**सैनिक मोडलः भरोसा बढ्यो,**
**तर, निगरानी कमजोर**

सैनिक मोडल सुरु हुँदा अपेक्षा थियो-अनुशासन हुनेछ, भ्रष्टाचार घट्नेछ र काम समयमै सकिनेछ । तर, व्यवहारमा देखिँदै गएको तस्बिर अलि फरक छ । सेनाले बनाउँदा ढिलाइ भयो भने त्यसलाई 'भूगर्भीय जटिलता' वा 'प्राविधिक चुनौती' भनेर व्याख्या गरिन्छ । लागत बढ्दा 'अपरिहार्य परिस्थिति' भनिन्छ । तर, ठेकेदार जस्तो स्पष्ट रूपमा कसलाई जिम्मेवार ठहर गर्ने भन्ने प्रश्न भने अस्पष्ट हुन्छ ।

यसले सैनिक मोडललाई असफल बनायो भन्ने होइन, तर, राष्ट्रिय गौरवको आयोजनामा निगरानी र स्वतन्त्र मूल्याङ्कन कमजोर बनाएको भने अवश्य देखिन्छ ।

**सुरुङः द्रुतमार्गको सबैभन्दा ढिलो खण्ड**

द्रुतमार्गको संरचनामा सबैभन्दा महत्वपूर्ण र जटिल पक्ष हो-पुलहरु-सुरुङ । यही सुरुङ खण्डमा काम सबैभन्दा ढिलो भइरहेको छ र लागत जोखिम पनि यहीँ सबैभन्दा बढी देखिन्छ । बारम्बार डिजाइन परिमार्जन, भूगर्भीय अवस्था अनुमानभन्दा जटिल देखिनु र समय थपिनु सामान्य जस्तै बनेको छ । यसले एउटा प्रश्न जन्माएको छ-सुरुमा गरिएको भूगर्भीय अध्ययन पर्याप्त थियो कि थिएन ? यदि अध्ययन कमजोर थियो भने त्यसको मूल्य अहिले समय र लागत दुवैमा तिर्नुपरेको देखिन्छ ।

**ठेक्का व्यवस्थापनः समन्वय कमजोर**
**खण्ड-खण्डमा काम**

द्रुतमार्गको निर्माण विभिन्न प्याकेज र खण्डमा बाँडिएको छ। यसले काम व्यवस्थापन सहज बनाउने अपेक्षा गरिएको थियो । तर व्यवहारमा एउटा खण्ड ढिलो हुँदा त्यसको असर अर्को खण्डमा पनि पर्न थालेको छ । ठेक्का टुक्र्याउँदा जिम्मेवारी बाँडियो, तर समग्र नियन्त्रण कमजोर भएको देखिन्छ । परिणामतः आयोजना अगाडि बढे पनि गति सन्तुलित छैन ।

**परामर्श खर्चः**
**मौन तर बढ्दो बोझ**

द्रुतमार्गमा सबैभन्दा कम चर्चा हुने तर महत्त्वपूर्ण पक्ष हो-परामर्श खर्च। सुरुङ डिजाइन, भूगर्भीय मूल्याङ्कन, संरचना परिमार्जन र समय थप सबैमा परामर्शदाता जोडिएका छन् । परामर्श आफैंमा समस्या होइन । तर, एउटै आयोजनामा बारम्बार परामर्श थपिँदै जानु सुरुआती तयारी कमजोर भएको संकेत हो । यसले लागत बढाउने मात्र होइन, निर्णय प्रक्रियालाई पनि ढिलो बनाएको देखिन्छ ।

**मोडल होइन,**
**व्यवस्थापन नै मुख्य समस्या**

सैनिक मोडल र ठेकेदार मोडल दुवैको अनुभवले एउटा साझा कुरा देखाएको छ-समस्या मोडलको मात्र होइन, व्यवस्थापन, निगरानी र जवाफदेहिताको हो ।

**यदि सैनिक मोडलमा पनिः**

**स्पष्ट समयरेखा,**
**स्वतन्त्र अडिट,**
**नियमित सार्वजनिक रिपोर्टिङ**

हुन्न भने द्रुतमार्ग ठेकेदार मोडलभन्दा फरक परिणाम दिन सक्दैन ।

**निष्कर्षः द्रुतमार्गको गति किन सुस्त छ ?**
**साढे आठ वर्षमा ४५ प्रतिशत प्रगति,**
**बाँकी ५५ प्रतिशतमा अर्को दशकको संकेत,**

बढ्दो लागतको जोखिम-यी सबैले काठमाडौं-तराई/मधेश द्रुतमार्गलाई अहिले द्रुतमार्गभन्दा दीर्घयात्रातर्फ लैजाँदै छन्। यदि अब पनि गति, निगरानी र पारदर्शितामा सुधार भएन भने, यो आयोजना, राष्ट्रिय गौरवको प्रतीकभन्दा, राष्ट्रिय ढिलाइको उदाहरण बन्ने खतरा बढ्दै जानेछ ।




# राप्ती स्वास्थ्य विज्ञान : नौ करोड भ्रष्टाचारको कथा

## जहाँ क्याटलगले फेल, प्रतिवेदनले पास गऱ्यो

● साँघु संवाददाता

**राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको CT Scan खरिद प्रकरण अब सामान्य आर्थिक अनियमितताको सूचीमा अटाउने विषय रहेन । यो प्रकरणले सार्वजनिक स्वास्थ्य संस्था कसरी मुटुसम्मै भ्रष्टाचारले संक्रमित हुन सक्छ भन्ने कुराको नांगो र भयावह तस्वीर प्रस्तुत गरेको छ ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालत, काठमाडौंमा दायर गरेको आरोपपत्रले एउटा सिधा प्रश्न सोध्छ- यो गल्ती थियो कि योजनाबद्ध लुट ? र, त्यसको उत्तर पनि आरोपपत्रमै छ- यो गल्ती होइन, पूर्वनियोजित, चरणबद्ध र मिलेमतोमा गरिएको भ्रष्टाचार हो ।

**पहिले कम्पनी, पछि प्रक्रिया**

सार्वजनिक खरिद नियमावली, २०६४ ले कुनै पनि सरकारी खरिद अघि स्पष्ट रूपमा तीन कुरा अनिवार्य गरेको छ- (१) खरिद आवश्यकताको पहिचान, (२) खरिद गुरुयोजना (३) पारदर्शी प्रतिस्पर्धा

तर, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको CT Scan खरिद यीमध्ये कुनै पनि चरणबाट सुरु भएन ।

न आवश्यकता पहिचान गरियो, न गुरुयोजना बनाइयो । तर, एउटा निर्णय भने सुरुदेखि नै तय थियो- १२८ Slice CT Scan मेसिन चाहिन्छ ।

यसपछि प्रक्रिया होइन, परिणामअनुसार कागज मिलाउने खेल सुरु भयो । लागत अनुमान तयार पार्न प्रतिस्पर्धी बजार खोजिएन, बरु चिनिएका कम्पनीहरूसँग मात्र दरभाउ मागियो। त्यसैको आधारमा ९ करोड २२ लाख रुपैयाँभन्दा बढीको लागत अनुमान स्वीकृत गरियो। यही क्षणबाट स्पष्ट भयो-यो खरिद होइन, डिजाइन गरिएको सौदा हो ।

**NCB को मुखौटा, ICB को खेल**

कागजमा राष्ट्रियस्तरको बोलपत्र (NCB) आव्हान गरियो । तर, भित्रभित्रै अन्तर्राष्ट्रिय बोलपत्र (ICB) का सर्त र कागजात प्रयोग गरिए । यो कुनै प्राविधिक भ्रम वा अज्ञानता होइन । यो प्रतिस्पर्धा घटाएर 'चाहिएको कम्पनी'लाई मैदान खाली गरिदिने रणनीति हो । अझ गम्भीर कुरा-बोलपत्र खोल्नुअघि नै प्राविधिक स्पेसिफिकेशन संशोधन गरियो। तर, संशोधित स्पेसिफिकेशनअनुसार लागत अनुमान संशोधन गरिएन । किन ?

किनभने लागत फेरियो भने पहिल्यै तय गरिएको कम्पनी बाहिरिन सक्थ्यो । यसरी सार्वजनिक खरिद ऐन र नियमावलीलाई कागजमै राखेर व्यवहारमा उल्टो बाटो हिँडियो ।






उपकूलपति प्रा.डा. संगीता सिंह भण्डारी

**जहाँ विज्ञान हाऱ्यो, मिलेमतो जित्यो**

प्रकरण सबैभन्दा खतरनाक मोडमा तब पुग्यो, जब CT Scan मेसिनको प्राविधिक मूल्याङ्कन सुरु भयो । प्राविधिक स्पेसिफिकेशन स्पष्ट थियो-कम्तीमा ६० images/sec. १३०० KHU/min भन्दा बढी heat dissipation यहाँ गल्ती होइन, झुट प्रमाणित हुन्छ । र, यो झुट लेख्नेहरू कुनै सामान्य कर्मचारी होइनन्-डाक्टर, बायोमेडिकल इन्जिनियर र कन्सल्टेन्ट ।

**प्राज्ञिक थलोको नैतिक पतन**

स्वास्थ्य विज्ञान प्रतिष्ठान ज्ञान, अनुसन्धान र सत्यको केन्द्र हुनुपर्दथ्यो । तर, यही थलोमा झुटा प्राविधिक प्रतिवेदन उत्पादन गर्ने कारखाना खडा गरियो । क्याटलगले असफल ठहर गरेको मेसिनलाई

प्रतिवेदनले उत्कृष्ट बनाइदियो । यो व्यक्तिगत कमजोरी होइन । यो भूमिकाको बाँडफाँडसहित गरिएको संगठित अपराध हो । निर्णयकर्ता मौन बसे, प्राविधिकले झुट लेखे, मूल्याङ्कन समितिले आँखाचिम्लियो । र, भ्रष्टाचारले शैक्षिक र स्वास्थ्य संस्थालाई भित्रैदेखि कब्जा गऱ्यो ।

**परीक्षणबिनै भुक्तानी, प्रश्नबिनै करोडौं**

सबैभन्दा आपत्तिजनक पाटो भुक्तानी प्रक्रिया हो । मेसिनको- प्राविधिक परीक्षण नै नगरी, Certificate of Acceptance जारी नगरी पहिले ८० प्रतिशत रकम पछि बाँकी २० प्रतिशत रकम अमेरिकी डलरमै भुक्तानी गरियो । प्रतितपत्र (LC), बैंक कमिसन, स्वीफ्ट चार्ज, भन्सार शुल्क जोडिँदा, ७ करोड ३१ लाख रुपैयाँभन्दा बढी राज्यकोषबाट बग्यो ।

यो लापरवाही होइन । यो राज्यलाई जानाजानी घाटामा धकेलिएको निर्णय हो। यो केवल पैसा होइन, यो प्रकरण केवल रकमको हिसाब होइन । यो नागरिकको स्वास्थ्यसँग गरिएको सम्झौता तोड्ने कथा हो ।

**CT Scan जस्तो संवेदनशील उपकरणमा गरिएको बेइमानीले-**

- गलत निदान,
- ढिला उपचार
- गम्भीर रोगको लापरवाही
- ज्यानको जोखिम, सम्म पुऱ्याउन सक्छ।

त्यसैले यो आर्थिक अपराध मात्र होइन । यो सार्वजनिक स्वास्थ्यविरुद्धको अपराध हो।

**नाम, पद र जिम्मेवारी**

अख्तियारको आरोपपत्रले यो प्रकरणलाई अनाम भ्रष्टाचार होइन, नाम-नामसहितको संगठित मिलेमतोका रूपमा चित्रण गरेको छ । उपकूलपति प्रा.डा. संगिता सिंह भण्डारीदेखि प्राविधिक मूल्याङ्कन गर्ने डाक्टर र इन्जिनियरसम्म, प्रशासनिक र लेखा शाखादेखि आपूर्तिकर्ता कम्पनी हिमालयन मेडिटेक प्रा.लि.सम्म- सबैको भूमिका स्पष्ट रूपमा उल्लेख छ । यसले एउटा कुरा प्रष्ट पार्छ-यो केही व्यक्तिको गल्ती होइन, संस्थागत असफलता हो। अदालतले मात्र होइन, समाजले पनि फैसला गर्नुपर्छ, अख्तियारले २१ जनाविरुद्ध आरोपपत्र दायर गरेको छ। अब कानुनी फैसला अदालतले गर्नेछ । तर समाजले पनि एउटा प्रश्न आफैंलाई सोध्नैपर्छ- ज्ञान उत्पादन गर्ने संस्था कहिले भ्रष्टाचार लुकाउने कवच बन्यो ?

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको CT Scan काण्ड एउटा संस्थाको कथा होइन । यो नेपालको सार्वजनिक खरिद प्रणालीको एक्स-रे रिपोर्ट हो- जहाँ रोग गहिरो छ, लक्षण स्पष्ट छन्, तर उपचार अझै सुरु भएको छैन ।

## युवाकेन्द्रित शासनतर्फ नेपालको संवैधानिक पुनर्कल्पना ?

# वर्तमान असन्तोष र भविष्य निर्माणको साझा बाटो



**लोकबहादुर थापा मगर**
सहायक रथी(अप्रा.)

**नेपालको आधुनिक राजनीतिक इतिहास निरन्तर परिवर्तन, संघर्ष र आशाको कथा हो । २००७ सालदेखि २०६२/६३ सालसम्मका आन्दोलनहरूले शासन प्रणालीमा संरचनागत परिवर्तन ल्याए, तर ती परिवर्तनहरूले जनताको दैनिक जीवनमा अपेक्षित रूपान्तरण ल्याउन नसक्दा आज नयाँ प्रकारको असन्तोष जन्मिएको छ । विशेषतः युवापुस्तामा देखिएको निराशा र आक्रोश कुनै एक सरकार वा राजनीतिक दलप्रतिको असन्तुष्टि मात्र होइन, शासनको सम्पूर्ण शैलीप्रतिको गम्भीर प्रश्न हो ।**

यही सन्दर्भमा युवाकेन्द्रित शासन प्रणालीको संवैधानिक पुनर्कल्पना केवल वैचारिक अभ्यास नभई नेपालका लागि ऐतिहासिक आवश्यकता बनेको छ ।

नेपालको संविधानले सार्वभौमसत्ता जनतामा निहित रहेको स्वीकार गरे पनि व्यवहारमा निर्णय शक्ति सीमित राजनीतिक र प्रशासनिक वृत्तभित्र केन्द्रित रहँदै आएको छ । जनसंख्याको ठूलो हिस्सा ओगट्ने युवापुस्ताले शिक्षा, रोजगारी, प्रविधि र वैश्विक प्रतिस्पर्धाको प्रत्यक्ष अनुभव गरिरहेको भए पनि नीति निर्माणमा उनीहरूको आवाज न्यून रहनु लोकतन्त्रको संरचनागत कमजोरी हो । यही कमजोरी Gen-Z आन्दोलनमार्फत सडक र सामाजिक सञ्जालमा प्रकट भयो। यसले स्पष्ट गर्‍यो कि युवालाई केवल आन्दोलनको समयमा प्रयोग गरेर पछि उपेक्षा गर्ने राजनीतिक संस्कार अब स्वीकार्य छैन ।

**युवाकेन्द्रित शासनको दर्शन र संवैधानिक मान्यता**

युवाकेन्द्रित शासनको मूल दर्शन युवालाई राज्यको लाभग्राही मात्र होइन, राज्यका सह-निर्माता बनाउनु हो । उदाहरणका लागि, जलवायु परिवर्तनसम्बन्धी नीतिहरूमा युवाको संलग्नता केवल परामर्शमा सीमित रहँदा दीर्घकालीन सोच विकसित हुन सक्दैन, किनकि वातावरणीय संकटको प्रभाव सबैभन्दा लामो समय युवाले नै भोग्ने हुन्छ ।

त्यसैले यस्ता नीतिहरूमा युवाको संस्थागत सहभागिता अनिवार्य हुनुपर्छ । यही तर्क शिक्षा सुधार, रोजगारी नीति, प्रविधि नियमन र वैदेशिक रोजगारीसम्बन्धी निर्णयमा पनि समान रूपमा लागू हुन्छ । संवैधानिक रूपमा युवालाई स्पष्ट परिभाषित गर्नु केवल कानुनी विषय होइन, राजनीतिक मान्यताको प्रश्न हो ।

नेपालजस्तो समाजमा युवाको अर्थ केवल उमेरले मात्र होइन, सामाजिक जिम्मेवारी, सिर्जनशीलता र सक्रिय नागरिकताको चरणसँग पनि जोडिएको हुन्छ । युवालाई शासन प्रक्रियाको सक्रिय चरणका रूपमा परिभाषित गर्दा राज्यले उनीहरूप्रति दीर्घकालीन उत्तरदायित्व स्वीकार गर्छ । यसले नीति निर्माणमा अल्पकालीन लोकप्रियताभन्दा दीर्घकालीन स्थायित्व र दिगोपनलाई प्राथमिकता दिन राज्यलाई बाध्य बनाउँछ ।

**नेपालको आगामी यात्रा केवल राजनीतिक सुधारको मात्र होइन, संवैधानिक परिपक्वताको यात्रा हो । यदि संविधानले युवालाई सुन्ने मात्र होइन, सँगै शासन गर्ने स्थान दिन सक्छ भने नेपालले वर्तमान असन्तोषलाई भविष्यको सम्भावनामा रूपान्तरण गर्न सक्छ ।**

**संस्थागत सहभागिता र निगरानीको संरचना**

युवाको अधिकारको संवैधानिक सुनिश्चितता बिना युवाकेन्द्रित शासन केवल नारामा सीमित हुन्छ । नीति निर्माणमा सहभागिता भन्नाले केवल छलफलमा बोलाउने औपचारिकता होइन, निर्णय प्रक्रियामा प्रभाव पार्ने वास्तविक क्षमता दिनु हो । उदाहरणका लागि, राष्ट्रिय बजेट निर्माण प्रक्रियामा युवाको प्रतिनिधि निकायले औपचारिक सुझाव दिने मात्र होइन, युवासम्बन्धी खर्च कटौती वा पुनःसंरचना भएमा संसदमा प्रश्न उठाउने र जवाफ माग्ने अधिकार पाउनुपर्छ। यसले युवाको सहभागितालाई प्रतीकात्मक नभई सार्थक बनाउँछ ।

युवाकेन्द्रित शासनका लागि एक शक्तिशाली संवैधानिक युवा निकाय अपरिहार्य हुन्छ । यस्तो निकायले सरकारका नीति, कानुन र कार्यक्रमहरू युवामैत्री छन् कि छैनन् भन्ने संवैधानिक समीक्षा गर्न सक्नुपर्छ । उदाहरणस्वरूप, शिक्षा क्षेत्रमा निजीकरण अत्यधिक बढ्दा पहुँच र समानतामा नकारात्मक असर परेमा उक्त युवा निकायले औपचारिक रूपमा सरकारको ध्यानाकर्षण गराउन र सुधारको माग राख्न सक्नुपर्छ । यसले शासन प्रक्रियालाई एकपक्षीय होइन, बहुपक्षीय र उत्तरदायी बनाउँछ ।

संसदीय संरचनामा युवाको न्यून उपस्थितिले नीति बहसलाई प्रायः विगत केन्द्रित बनाएको छ। जब संसदमा पर्याप्त युवा प्रतिनिधित्व हुन्छ, तब रोजगारी, डिजिटल अर्थतन्त्र, मानसिक स्वास्थ्य, शहरीकरण र प्रविधि नियमनजस्ता विषय स्वाभाविक रूपमा प्राथमिकतामा आउँछन् । अन्तर्राष्ट्रिय अनुभवले पनि देखाएको छ कि युवाको सहभागिता बढेपछि नीति नवप्रवर्तनशील, समावेशी र भविष्यउन्मुख बन्छ । नेपालमा पनि यस्तो संरचनागत परिवर्तन बिना राजनीतिक संस्कार बदलिन कठिन छ ।

स्थानीय तह युवाकेन्द्रित शासनको सबैभन्दा प्रभावकारी प्रयोगशाला हो । स्थानीय युवा सभाले सडक, खानेपानी, शिक्षा र स्वास्थ्यजस्ता प्रत्यक्ष सरोकारका विषयमा निगरानी र सुझाव दिँदा शासन नागरिक नजिक पुग्छ । उदाहरणका लागि, स्थानीय विकास योजनामा युवाको सक्रिय संलग्नताले बजेट दुरुपयोग घटाउन र विकास प्राथमिकता सही दिशामा केन्द्रित गर्न सहयोग गर्न सक्छ । यसले युवालाई केवल आलोचक होइन, जिम्मेवार समाधानकर्ता बनाउँछ ।

युवाको निगरानी भूमिकाले लोकतन्त्रलाई जीवित बनाउँछ । सामाजिक लेखापरीक्षण, सार्वजनिक सुनुवाइ र डिजिटल निगरानीमा युवाको सक्रियताले दण्डहीनताको संस्कारलाई चुनौती दिन्छ । पछिल्ला वर्षहरूमा सामाजिक सञ्जालमार्फत युवाले उजागर गरेका भ्रष्टाचार र प्रशासनिक लापरबाहीका घटनाले देखाएको छ कि यदि संस्थागत समर्थन र कानुनी सुरक्षा दिइयो भने युवाको निगरानी शक्ति अत्यन्त प्रभावकारी हुन सक्छ ।

**पुस्तागत निरन्तरता र दीर्घकालीन भविष्य**

शिक्षा प्रणाली युवाकेन्द्रित शासनको आधारशिला हो। लोकतन्त्रको अभ्यास बिना लोकतान्त्रिक चेतनाको विकास सम्भव हुँदैन। विद्यालय र विश्वविद्यालयमा संविधान, सार्वजनिक नीति, नागरिक नैतिकता र नेतृत्व विकास अनिवार्य रूपमा पढाइएमा युवाले अधिकारसँगै दायित्व पनि बुझ्छन् । यसले आक्रोशलाई विवेकमा र असन्तोषलाई संरचनागत सुधारको दिशामा रूपान्तरण गर्छ ।

युवाकेन्द्रित शासनको अन्तिम लक्ष्य पुस्तागत द्वन्द्व होइन, पुस्तागत निरन्तरता हो । २०६२/६३ को पुस्तासँग संघर्ष र परिवर्तनको अनुभव छ भने Gen-Z सँग प्रविधि, गति र विश्वदृष्टि छ । यी दुई पुस्ताको ज्ञान, ऊर्जा र दृष्टिको संयोजन बिना राष्ट्र निर्माण सम्भव छैन । अन्तर पुस्तागत संवाद र सहकार्यका संरचनाले इतिहासको सम्मान गर्दै भविष्य निर्माण गर्ने राजनीतिक संस्कार विकास गर्छ ।

अन्ततः, युवाकेन्द्रित शासन प्रणाली कुनै एक पुस्ताको विशेष सुविधा होइन, राष्ट्रको दीर्घकालीन सुरक्षा रणनीति हो। जब युवाले राज्यलाई आफ्नै ठान्छन्, तब राज्य कमजोर हुँदैन । नेपालको भविष्य सुरक्षित गर्न युवालाई “भोलिका नेता” भनेर पन्छाउने होइन, आजकै सह-शासकका रूपमा स्वीकार गर्नुपर्छ । यही स्वीकारोक्तिले लोकतन्त्रलाई औपचारिक व्यवस्थाबाट जीवन्त राजनीतिक संस्कृतिमा रूपान्तरण गर्छ ।

नेपालको आगामी यात्रा केवल राजनीतिक सुधारको मात्र होइन, संवैधानिक परिपक्वताको यात्रा हो । यदि संविधानले युवालाई सुन्ने मात्र होइन, सँगै शासन गर्ने स्थान दिन सक्छ भने नेपालले वर्तमान असन्तोषलाई भविष्यको सम्भावनामा रूपान्तरण गर्न सक्छ । यही युवाकेन्द्रित संवैधानिक पुनर्कल्पना नेपालको गणतन्त्रलाई समयसापेक्ष, विश्वसनीय र दिगो बनाउने सबैभन्दा बलियो आधार बन्न सक्छ ।

*(लेखक परिचय: ब्रिगेडियर जनरल लोकबहादुर थापा मगर (सेवानिवृत्त) नेपाली सेनाका पूर्व अधिकृत तथा दक्षिण एसियाली भू-राजनीति र अन्तर र्ष्ट्रिय सम्बन्धका अनुसन्धानकर्ता हुन् । फोन: +९७७ ९८५१०७३४७७ । इमेल: thapalok53@gmail.com)*

# नेपाली सेनामा अधिकृत बहस-फुली धेरै, योग्यता कम ?

## अधिकृत तहको असन्तोष र शैक्षिक मापदण्डको बहस

**२०८२ माघ १२ गते साँघु साप्ताहिक पत्रिकामा प्रकाशित ‘प्रधान सेनापतिसम्म पुगेको अधिकृतहरूको असन्तोष, नेपाली सेनाले होनहार सेनानीको पलायन रोक्ने कि निरन्तरता दिने ?’ शीर्षकको समाचार सामग्रीप्रति विभिन्न तहबाट प्रतिक्रिया आउन थालेका छन् । ती प्रतिक्रियामध्ये एक प्रतिक्रिया भूपू नेपाली सैनिक रघुवीर सिंह ठगुन्ना** (RBS Khash) **को हो, जसले नेपाली सेनाको अधिकृत भर्ना प्रणाली र शैक्षिक मापदण्डप्रति गम्भीर प्रश्न उठाएका छन् ।**

### चिठ्ठी-पत्र

**E-mail : sanghuweekly@gmail.com, gopaldai1@gmail.com**

उनका अनुसार नेपाली सेनामा अधिकृत भर्ना गर्दा न्यूनतम शैक्षिक योग्यता I.A. (प्रमाणपत्र तह) तोकिएको व्यवस्था राजा महेन्द्रकालीन मापदण्ड हो । त्यतिबेलाको नेपालको शैक्षिक अवस्था र आजको अवस्था आकाश-पाताल फरक भइसकेको अवस्थामा पनि सोही मापदण्ड निरन्तरता दिनु वर्तमान सन्दर्भमा असान्दर्भिक बन्दै गएको उनको तर्क छ ।

आजको नेपालमा प्रमाणपत्र तहको योग्यता प्राथमिक तहका शिक्षक वा खरिदार पदका लागि खोजिन्छ । तर सेकेन्ड लेफ्टिनेन्ट भनेको राजपत्राङ्कित तृतीय श्रेणीको पद हो । यस्तो पदका लागि न्यूनतम शैक्षिक योग्यता स्नातक (Bachelor) तह हुनुपर्ने ठगुन्नाको स्पष्ट धारणा छ । उनका अनुसार अब केवल बल र बन्दुकको पावर ठूलो हुँदैमा मान्यता पाउने समय सकिएको छ ।



उनले नियमावली संशोधन गर्दा सबैभन्दा पहिला यही विषय सम्बोधन हुनुपर्ने बताएका छन् । कम्तीमा स्नातक तह उत्तीर्ण अधिकृत भए नेपाली सेनाको शान, प्रतिष्ठा र आत्मविश्वास नै अर्कै हुने उनको भनाइ छ । त्यसपछि सक्षम कर्णेल बन्न Staff College गरेकै हुनुपर्ने हालको व्यवस्था भने उनले उचित मानेका छन ।

ठगुन्नाका अनुसार नेपाली सेनामा सेकेन्ड लेफ्टिनेन्ट भएपछि पढ्ने बानी आफैंमा कमजोर बन्दै गएको छ । Staff College गर्न नसक्ने अधिकृत, जतिसुकै क्षमतावान वा पावरवाला भए पनि, केवल क्षब को भरमा कर्णेल-जर्नेल बन्ने व्यवस्था उचित नहुने उनको धारणा छ । यस्तो अवस्थामा बरु पेन्सन दिएर घर पठाउनु नै सैनिक अधिकृतहरूको गुणस्तर सुधार गर्ने उपाय हुने उनी बताउँछन् ।

उनले हाल १२ कक्षा पास मात्र योग्यता भएका केही अधिकृतका कारण बाहिर सिभिलियन अधिकृतहरूका अगाडि नेपाली सेना हाँसोको पात्र बनेको भन्ने गाइँगुइँ सुन्दा दुःख लाग्ने उल्लेख गरेका छन् । यो अवस्था नै साँघु साप्ताहिकमा प्रकाशित समाचारमा उठाइएको ‘होनहार सेनानी पलायन’ को मूल कारणमध्ये एक हुन सक्ने उनको संकेत छ ।

आफ्नो व्यक्तिगत अनुभव उल्लेख गर्दै ठगुन्ना भन्छन्, भारतीय सेनाका कर्णेल र जर्नेलहरू उनीसँगै Doctor of Philosophy (PhD) अध्ययन गर्ने समकक्षी थिए । भारतमा पनि लेफ्टिनेन्ट प्रमाणपत्र तहबाटै लिइए पनि in–service बाटै मेजर हुँदासम्म मास्टर डिग्री उत्तीर्ण गरिसक्ने व्यवस्था रहेको उनले उदाहरण दिएका छन् ।

उनका अनुसार नेपाली सेनाका अधिकृतहरूले पनि कि त त्यस्तै मेहनत गर्नुपर्छ, नत्र केवल फुली लगाएर, सलामी खाएर बस्ने र शैक्षिक स्तर नबढाउने हो भने २० वर्ष सेवा पुर्‍याएर घर जानु नै उपयुक्त हुन्छ । Low profile भएका अधिकृतका कारण राष्ट्रिय तथा अन्तर र्ष्ट्रिय स्तरमा नेपाली सेनाको मूल्य घट्ने काम हुनु हुँदैन भन्ने उनको निष्कर्ष छ । उनले अन्त्यमा स्पष्ट गरेका छन्-यो प्रतिक्रिया कसैप्रति व्यक्तिगत आक्षेप होइन, नेपाली सेनाको गुणस्तर, क्षमता र भविष्य सुधारको हितार्थ व्यक्त गरिएको असन्तोष मात्र हो ।

*-रघुवीर सिंह ठगुन्ना (RBS Khash)*
*भूपू नेपाली सैनिक*

# निगमको महाप्रबन्धक बन्न दौडधुप

● **साँघु संवाददाता**

काठमाडौं । नेपाल वायुसेवा निगमको रिक्त रहेको महाप्रबन्धक पदमा खुला प्रतिस्पर्धात्मक प्रतियोगितामार्फत नियुक्तिका लागि आवेदन परेको छ । आवेदन दिएका उम्मेदवारमध्ये १० जनाको नाम गएको माघ पहिलो साता नै संक्षिप्त सूचीमा समावेश गरिएको छ । निगमको महाप्रबन्धक छनोट कार्यविधि, २०८२ बमोजिम ०८२ कात्तिक २७ गते गोरखापत्र राष्ट्रिय दैनिकमा एक सुचना प्रकाशित गरी आवेदन माग गरेको थियो । ती आवेदनमध्ये योग्य, सक्षम र अनुभवी १० जना उम्मेदवार छनौटमा परेका थिए ।

छनौटमा परेकामध्ये कार्यविधिको दफा ५ मा तोकिएको न्यूनतम शैक्षिक योग्यता र अनुभव पूरा गरेका उम्मेदवारलाई वर्णानुक्रमअनुसार संक्षिप्त सूचीमा समावेश गरिएको बताइन्छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा २०८२ माघ १४ गते उनीहरुको व्यवसायिक कार्य योजनाको प्रस्तुतिकरण र अन्तर्वार्ता भइसकेको छ । सर्सक्षिप्त सूचीमा परेका उम्मेदवारहरू भने यस प्रकार रहेका छन् । मोरङ कानेपोखरी गाउँपालिका ३ कार उपेन्द्रबहादुर कार्की, झापा मेचीनगर नगरपालिका १० का टंकनिधि दाहाल छन् ।

त्यसैगरी, कास्कीको पोखरा महानगरपालिका ३० का डा. दीपकप्रसाद बास्तोला, काठमाडौं महानगरपालिका ४ का दीपुराज ज्वार्चन, बैतडीका पाटन नगरपालिका १ का डा. भीमबहादुर चन्द, गुल्मी छत्रकोट गाउँपालिका ४ का योगराज कँडेल शर्मा रहेका छन । लमजुङ सुन्दरबजार न.पा.७ का विष्णुबाबु मिश्र, डडेलधुरा अमरगढी नगरपालिका-४ का वेदप्रसाद उप्रेती, सिराहा भगवानपुर गाउँपालिका २ का संजयकुमार सिंह, र सोलुखुम्बु थुलुङ दुधकोशी गाउँपालिका २ का सन्तुष्ट कुमार बस्नेतसहित १० जना रहेका छन ।

छनोट समितिले व्यवसायिक कार्ययोजना प्रस्तुतिकरण र अन्तर्वार्ता लिने कार्य सकिएको भन्दै अब तीन जनाको नाम सिफारिसको तयारी गरेको छ । निगमको महाप्रबन्धक नियुक्तिमा मोरङका कार्की, झापाका दाहाल र सिरहाका सिंहले निकै चलखेल गरिरहेको बुझिएको छ । अब निगमको महाप्रबन्धकमा सिफारिस भएका तीन जनामध्ये कसलाई नियुक्ति गर्ने भन्ने विषय भने मन्त्री अनिलकुमार सिंन्हाको हातमा रहेको बताइन्छ ।

## स्वास्थ्य/घरेलु उपचार

### मानव हृदयको पुनः निर्माण क्षमता : आधुनिक अनुसन्धानको उपलब्धि



*मानव स्वास्थ्य विज्ञानमा हृदयलाई सबैभन्दा संवेदनशील र महत्वपूर्ण अंग मानिन्छ । लामो समयसम्म चिकित्सा क्षेत्रमा एउटा मान्यता थियो कि यदि हृदयघात (Heart Attack) का कारण हृदयको मांसपेशी नष्ट भयो भने त्यो भाग फेरि कहिल्यै बन्न सक्दैन । यही कारणले हृदयघातपछि बिरामीलाई जीवनभर औषधिमा निर्भर रहनु पर्ने, कहिलेकाहीँ हृदय प्रत्यारोपण (Heart Transplant) नै अन्तिम विकल्प हुने अवस्था आउँथ्यो। तर हालैका वैज्ञानिक अनुसन्धानहरूले यो पुरानो धारणा परिवर्तन गरिदिएका छन् ।*

*पछिल्ला अध्ययनहरूले देखाएका छन् कि मानव हृदयका केही विशेष कोशिकाहरू, जसलाई cardiomyocytes भनिन्छ, उचित जैविक संकेत (biological signals) पाएमा विभाजन भएर नयाँ कोशिका उत्पादन गर्न सक्छन् । वैज्ञानिकहरूले प्रयोगशालामा यी कोशिकालाई सक्रिय बनाउँदा तिनीहरूले क्षतिग्रस्त हृदयको भाग मर्मत गर्न थालेको पत्ता लगाए। यसले मानव हृदय पूर्ण रूपमा “self-healing” नहोला, तर आंशिक रूपमा पुनः निर्माण गर्न सक्ने क्षमता भने रहेको प्रमाणित गरेको छ ।*

*यो खोज निकै महत्वपूर्ण छ किनभने विश्वभर मृत्युको प्रमुख कारणमध्ये एक हृदय रोग नै हो । विश्व स्वास्थ्य संगठन (WHO) का अनुसार हरेक वर्ष लाखौं मानिस हृदयघातका कारण ज्यान गुमाउँछन् । यदि हृदय आफैंले क्षतिग्रस्त भाग मर्मत गर्न सक्ने प्रक्रिया विकास गरियो भने, मृत्यु दर घटाउन र बिरामीको जीवनस्तर सुधार गर्न ठूलो सहयोग पुग्न सक्छ ।*

*यस अनुसन्धानको अर्को महत्वपूर्ण पक्ष भनेको उपचारको नयाँ सम्भावना हो । भविष्यमा औषधि, जीन थेरापी वा स्टेम-सेल प्रविधिको प्रयोग गरेर हृदयका कोशिकालाई सक्रिय बनाइ क्षतिग्रस्त मांसपेशी पुनः निर्माण गराउन सकिने सम्भावना छ । यसले लामो समयसम्म औषधि खानुपर्ने बाध्यता कम गर्न सक्छ र महँगो हृदय प्रत्यारोपणको आवश्यकता घटाउन सक्छ ।*

*यद्यपि यो अनुसन्धान अझै प्रारम्भिक चरणमै रहेको छ। प्रयोगशाला र जनावरमा सफल देखिएका परिणामहरू मानव शरीरमा पूर्ण रूपमा लागू गर्न अझै धेरै परीक्षण र अनुसन्धान आवश्यक छन् । सुरक्षा, साइड-इफेक्ट र दीर्घकालीन प्रभावबारे स्पष्ट हुन वैज्ञानिकहरूले थप अध्ययन गरिरहेका छन् । त्यसैले अहिले नै यो उपचार सर्वसुलभ भइसकेको भने छैन ।*

*अन्त्यमा भन्नुपर्दा, मानव हृदयले आफैंलाई पुनः निर्माण गर्न सक्ने क्षमता सम्बन्धी अनुसन्धानले चिकित्सा क्षेत्रमा नयाँ आशा जगाएको छ । भविष्यमा यो खोज व्यवहारिक रूपमा लागू हुन सकेमा हृदय रोगको उपचार पद्धतिमा ऐतिहासिक परिवर्तन आउन सक्छ । यसले केवल रोग निको पार्ने होइन, मानव जीवनको गुणस्तर सुधार गर्ने दिशामा पनि ठूलो योगदान दिने अपेक्षा गरिएको छ ।*

### आन्द्रा र मस्तिष्कको अदृश्य संवाद : मानसिक स्वास्थ्यको नयाँ रहस्य



*मानव शरीरभित्र एउटा यस्तो रोचक संवाद चलिरहेको हुन्छ, जसबारे केही वर्षअघिसम्म धेरैलाई जानकारी थिएन । त्यो संवाद हो- आन्द्रा (Gut) र मस्तिष्क (Brain) बीचको सम्बन्ध । पहिले मानसिक समस्या भनेको केवल दिमागको कमजोरी, सोचको गडबडी वा तनावको परिणाम मानिन्थ्यो । तर, हालैका वैज्ञानिक अध्ययनहरूले यो धारणा पूर्ण रूपमा परिवर्तन गरिदिएका छन् । अहिले अनुसन्धानहरूले स्पष्ट रूपमा देखाएका छन् कि हाम्रो मानसिक स्वास्थ्यको चाबी धेरै हदसम्म आन्द्राभित्र बस्ने सूक्ष्म जीवाणु (ब्याक्टेरिया) सँग जोडिएको छ ।*


*मानव आन्द्रामा खर्बौं ब्याक्टेरिया बस्छन्, जसलाई सामूहिक रूपमा गट माइक्रोबायोम भनिन्छ । यीमध्ये केही राम्रो (Good bacteria) हुन्छन् भने केही नराम्रा (Bad bacteria)। जब यी दुईबीच सन्तुलन ठीक हुन्छ, तब हाम्रो पाचन मात्र होइन, मन पनि शान्त र स्थिर रहन्छ । तर जब खराब ब्याक्टेरियाको संख्या बढ्छ, तब त्यसको असर सिधै मस्तिष्कमा पर्न थाल्छ । अनुसन्धानका अनुसार गट माइक्रोबायोम बिग्रिँदा डिप्रेसन, चिन्ता (Anxiety), चिडचिडापन र तनाव बढ्ने सम्भावना धेरै हुन्छ ।*

*वैज्ञानिकहरूले यसलाई Gut–Brain Axis भनेका छन् । यसको अर्थ आन्द्रा र मस्तिष्क एकअर्कासँग निरन्तर सन्देश आदान-प्रदान गरिरहेका हुन्छन् । आश्चर्य लाग्ने कुरा के छ भने, शरीरमा बन्ने Serotonin जस्तो “खुसी दिने हर्मोन” को ठूलो हिस्सा मस्तिष्कमा होइन, आन्द्रामै उत्पादन हुन्छ। यसले प्रमाणित गर्छ कि “पेट ठीक छ भने मन पनि ठीक हुन्छ” भन्ने पुरानो उखान वैज्ञानिक रूपमा सही हुन सक्छ ।*

*यस अनुसन्धानको सबैभन्दा महत्वपूर्ण सन्देश भनेको मानसिक रोगको उपचार अब केवल औषधिमा सीमित हुनु हुँदैन भन्ने हो । चिकित्सकहरूले अब आहार, प्रोबायोटिक, पर्याप्त निन्द्रा, तनाव नियन्त्रण र स्वस्थ जीवनशैली लाई पनि उपचारको अभिन्न भाग बनाउनुपर्ने बताइरहेका छन् । सन्तुलित खाना, हरियो सागसब्जी, दही, फलफूल जस्ता प्राकृतिक खाद्य पदार्थले आन्द्राका राम्रो ब्याक्टेरिया बढाउन सहयोग गर्छन् ।*

*अन्त्यमा भन्नुपर्दा, यो अनुसन्धानले हामीलाई एउटा गहिरो सत्य सिकाएको छ-मानसिक स्वास्थ्य केवल दिमागको समस्या होइन, पूरै शरीरसँग जोडिएको विषय हो । यदि हामी साँच्चै स्वस्थ र खुसी जीवन चाहन्छौं भने, दिमागसँगै आन्द्राको पनि ख्याल राख्न सिक्नुपर्छ । यही बुझाइ भविष्यको मानसिक स्वास्थ्य उपचारको आधार बन्ने देखिन्छ ।*

### मेथीदाना : चिनी र पाचनका लागि उपयोगी




*मेथीदाना हाम्रो भान्सामा सजिलै पाइने तर स्वास्थ्यका लागि निकै लाभदायक घरेलु उपाय हो । परम्परागत आयुर्वेदमा यसलाई प्राकृतिक औषधि मानिन्छ ।*

*मेथीदानामा रहेको घुलनशील फाइबर (Soluble fiber) ले खाना खाएपछि रगतमा चिनी छिटो बढ्न दिँदैन । यसले इन्सुलिनको कार्यक्षमता सुधार गरी मधुमेह (डायबिटिज) नियन्त्रणमा सहयोग पुर्‍याउँछ । त्यसैले राति पानीमा एक चम्चा मेथीदाना भिजाएर बिहान खाली पेट चपाएर खाने चलन निकै लोकप्रिय छ ।*

*पाचनको दृष्टिले पनि मेथीदाना उपयोगी छ । यसले आन्द्रालाई सक्रिय बनाउँछ, कब्जियत, ग्यास र अपच जस्ता समस्या कम गर्छ र पेट सफा राख्न मद्दत गर्छ । भिजाएको मेथीदानाको पानी पिउँदा पाचन प्रणाली अझ राम्रोसँग काम गर्छ ।*

*यद्यपि, अत्यधिक सेवनले पेट दुख्ने वा झाडा लाग्ने समस्या हुन सक्छ । गर्भवती महिला र औषधि सेवन गरिरहेका मधुमेही बिरामीले चिकित्सकको सल्लाह लिएर मात्र प्रयोग गर्नु उपयुक्त हुन्छ । निष्कर्षमा, मेथीदाना सानो भए पनि चिनी नियन्त्रण र पाचन सुधारका लागि प्रभावकारी घरेलु उपाय हो। नियमित र सन्तुलित प्रयोगले यसबाट राम्रो फाइदा लिन सकिन्छ ।*

# सेवाग्राहीले दुई घण्टाभित्र पेन्सनपट्टा प्राप्त गर्न सक्छन्

# यथास्थितिमा रमाउने कर्मचारी प्रवृत्ति सेवा प्रवाह ढिलो हुनुको प्रमुख कारण



**श्रवणकुमार पोखरेल,**
**महानिर्देशक, राष्ट्रिय किताबखाना (निजामती)**

*(निजामती किताबखाना हाल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गतको विभागको रूपमा रहेको छ । विभाग सम्पूर्ण निजामती कर्मचारीहरूको व्यक्तिगत विवरण राख्ने केन्द्रीय निकायका रूपमा पनि मानिन्छ । यसले नीति निर्माताहरूलाई कर्मचारीसम्बन्धी आवश्यक विवरण र तथ्यांक उपलब्ध गराउँदै आएको छ । साथै, सेवाबाट अलग भएका कर्मचारीहरूलाई निवृत्तिभरण, उपदान, पारिवारिक निवृत्तिभरण, असाधारण पारिवारिक वृत्ति, शैक्षिक भत्ता तथा सन्तति वृत्ति जस्ता सुविधाहरू एकीन गर्ने कार्य गर्दै आएको छ ।*

*नेपालमा वि.सं. १९९७ सालपश्चात् सेवा निवृत्त कर्मचारीहरूलाई निवृत्तिभरण अर्थात् पेन्सन सुविधा उपलब्ध गराउने व्यवस्था लागू गरिएको बताइन्छ । त्यसपछि कर्मचारीहरूको व्यक्तिगत विवरण फाराम (सिटरोल) भराइ राख्ने सुरुवात गरिएको थियो । २०२२ सालदेखि मात्र 'निजामती किताबखाना' नामकरण भएको हो । त्यसयता किताबखानाले निजामतीतर्फका सम्पूर्ण कर्मचारीहरूको अभिलेख अद्यावधिक रूपमा राख्दै सूचना केन्द्रको भूमिकासमेत निर्वाह गर्दै आइरहेको छ । यसका अतिरिक्त भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० बमोजिम कर्मचारीहरूको सम्पत्ति विवरण व्यवस्थित रूपमा राख्नु किताबखानाको अर्को महत्वपूर्ण जिम्मेवारीसमेत हो । २०८१ फागुन १२ गतेदेखि विभागको नेतृत्व सहसचिव पोखरेलले गरिरहेका छन् । यो अवधिमा सम्पादित भएका काम, आगामी योजना र रणनीतिलगायत विषयमा केन्द्रित रहेर 'साँघु साप्ताहिक'का लागि रामहरी चौलागाईंले महानिर्देशक पोखरेलसँग गरेको कुराकानीको सम्पादित अंशः सम्पादक)*

**० तपाईंले यो विभागको नेतृत्व सम्हालेपछि के-कस्ता सुधार र परिवर्तनका कार्यहरू भइरहेका छन् ?**

सर्वप्रथम, निजामती राष्ट्रिय किताबखाना आम कर्मचारीको हितमा काम गर्ने सरकारी निकाय हो । यसले निजामती प्रशासनका कर्मचारीसँग प्रत्यक्ष सरोकार राखेर काम कारबाही गर्दछ । यसअघि विभागमा सरुवा भएर आउँदा कर्मचारी वृत्तमा कार्यबोझ धेरै हुन्छ भन्ने आम धारणा र बुझाइ रहेको थियो । जसका कारण सेवा निवृत्त हुन लागेका कर्मचारीले समयमै सेवा-सुविधा, अर्थात् पेन्सनपट्टा बनाउन अनावश्यक दुःख, झन्झट र सास्ती खेप्नुपर्ने गुनासाहरू बाहिर आउने गरेका थिए । रोचक विषय त सेवाग्राही स्वयं कर्मचारी नै भएकाले यस्ता गुनासाहरू बाहिर आउनु स्वाभाविक पनि थियो ।

**० त्यसो भए यो बीचमा त्यस्ता गुनासाहरूको सम्बोधन भइसकेको हो त ?**

२०८१ फागुन १२ गते मैले विभागको नेतृत्व सम्हालेको थिएँ । त्यसपछि व्यवस्थापकीय रूपमा ११ वटा क्षेत्रमा हस्तक्षेप गरेर सुधार गर्ने अठोट लिएको हुँ । संस्थाको सेवा प्रवाहमा के-कस्ता कमजोरी छन् भन्ने विषयमा 'डायग्नोसिस' गरियो । ती ११ बिन्दुमा क्रमशः उपचार र सुधार गर्दै निरन्तरता दिइरहेको अवस्था छ । परिणामस्वरूप, सबै कागजपत्र मिलेका सेवाग्राहीले बढीमा २ घण्टाभित्र पेन्सनपट्टा प्राप्त गर्न सक्छन्–कुनै झन्झट, सास्ती वा असहजता बिना । यतिखेर सेवाग्राही कर्मचारीहरू विभागले गरेको सुधारबाट खुसी भएर कर्मचारीहरूलाई धन्यवाद दिँदै हिँड्ने गरेका छन् ।

**० भनेपछि सेवाग्राहीले सेवा लिनका लागि यहाँसम्म नआउनका लागि विभागले के-कस्तो रणनीति लिएको छ त ?**

अब पेन्सनपट्टा लिन सम्बन्धित व्यक्ति स्वयं आउनु पर्दैन । कतिपय व्यक्ति विरामी हुन सक्छन्, कतिपय दूरदराजका जिल्लाबाट सेवा लिन आउनुपर्ने हुन्छ । अब काठमाडौं धाउनुपर्ने बाध्यता छैन । पहिले व्यक्तिको हस्ताक्षर, फोटो र औंठाछाप लिनुपर्ने लगायतका प्रक्रियाहरू थिए । अझ सेवा लिन व्यक्ति आफैं उपस्थित हुनैपर्ने बाध्यात्मक अवस्था पनि थियो । यी प्रणालीहरूलाई प्रविधिको माध्यमबाट परिवर्तन गरिसकेका छौं । अब सेवाग्राही स्वयं नआई प्रतिनिधिमार्फत सेवा लिन सक्ने व्यवस्था गरिएको छ ।

**० विभागले व्यक्तिगत विवरणलाई सहज बनाउन के-कसरी भूमिका खेल्यो त ?**

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागमार्फत व्यक्तिको राष्ट्रिय परिचयपत्र बनाउँदा बायोमेट्रिक विवरण-फोटो, हस्ताक्षर, औंठाछाप, आँखाको रेटिना आदि–सबै लिइएको हुन्छ । विभागले दुई सरकारी निकायबीच डाटा सेयरिङको प्रणाली विकास गरेका छौं । यसका लागि सम्बन्धित निकायहरूसँग एमओयूसमेत गरिसकेका छौं । त्यसपछि विभागको प्राविधिक टोलीले एउटा एप्लिकेसन विकास गऱ्यो । यो प्रणाली निर्माण गर्न झन्डै ३५ दिन लाग्यो । त्यसपछि कर्मचारीहरूको फोटो, हस्ताक्षर, तस्बिर, औंठाछाप र अन्य सबै विवरणहरू सहज रूपमा उपलब्ध हुने व्यवस्था मिलाइयो । सोही कारण सेवाग्राही वा सेवा निवृत्तपछिको सेवा-सुविधाका लागि अब कार्यालयमा उपस्थित हुनै पर्दैन । प्रविधिमार्फत आवश्यक कागजपत्र मात्र अपलोड गरे पुग्नेछ ।

**० विभागले विकास गरेको प्रणालीले कर्मचारी विवरणको अद्यावधिक, सूचना व्यवस्थापन र सेवाको विश्वसनीयतामा के-कस्तो सुधार ल्यायो त ?**

सो प्रणालीमार्फत कर्मचारीका सिटरोल, विभिन्न निकायमा गरिएका सरुवा-बढुवा र अन्य विवरणहरू स्वतः अद्यावधिक हुने भएकाले व्यक्ति कार्यालय आउनै पर्दैन । अझ हामीले किताबखानाको वेबसाइटमा १४ प्रकारका इमेल सेवाहरू राखेका छौं । प्रत्येक इमेल केवल सम्बन्धित अधिकृतले नै सञ्चालन गर्छन् । त्यहाँ सेवाग्राहीले अपलोड गरेका तर अपुग कागजपत्रबारे २४ घण्टाभित्र जवाफ दिने व्यवस्था छ । यस प्रक्रियाले सेवाग्राहीलाई सहजता प्रदान गर्नुका साथै किताबखानाप्रति विश्वास बढाएको छ ।

**० विश्वास बढेको तपाईंको दाबीप्रति के-कस्ता प्रमाणहरू छन् त ?**

जस्तै, डाटा शुद्धीकरण गर्ने क्रममा १,२९६ जना कर्मचारी हाल निजामती सेवामा नरहेको तथ्य सहज रूपमा पत्ता लगायौं । उनीहरू प्रायः अध्ययन बिदा वा विभिन्न कारण देखाएर विदेश गएको पाइयो । सेवा नै छोडिसकेकाहरूको विवरण एकै क्लिकमा पहिचान गरी उक्त संख्या घटाइयो । अझै पनि हामी शुद्धीकरणको प्रक्रियामै छौं । यस्ता हरेक फाइल विभागको टोलीले 'डायग्नोसिस' गरी कमी, कमजोरी र त्रुटिहरू पहिचान गर्दै आएको छ । अहिलेसम्म यस्ता ९,६३४ वटा केसहरूको अध्ययन गर्दै शुद्धीकरण भइरहेको छ ।

**० त्यसो भए शुद्धीकरणले सेवा प्रवाहमा कस्तो सुधार र प्रभाव पारेको अनुभव गर्नुभएको छ त ?**

किताबखाना कर्मचारीहरूको सूचना बैंक पनि हो । उनीहरूको डाटा व्यवस्थित हुनुका साथै सेवालाई 'फेसलेस' बनाइएको छ । अब इमेल र प्रविधिमार्फत नै सेवा प्रदान गर्ने प्रणाली विकास गरेका छौं । मैले माथि पनि भनें-अब सेवा लिन दुई घण्टाभन्दा बढी समय लाग्दैन । यसले सेवा छिटो, भरपर्दो र पारदर्शीसमेत बनेको छ ।

**० मुलुक संघीयतामा गए पनि प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरूको विवरणमा एकरूपता हुन नसकेको गुनासाहरू छन् नि ?**

निजामती कर्मचारीहरूको प्रणाली एकीकृत छ । प्रदेश, संघ र स्थानीय तहका सबै कर्मचारीहरूको अभिलेख व्यवस्थापन भइसकेको छ । जस्तो-पर्सनल इन्फर्मेसन सिस्टम (पीआईएस)मार्फत एउटै सिंगो प्रणालीमा सम्पूर्ण कर्मचारी विवरणहरू व्यवस्थापन हुन्छन् । उनीहरूको पद, दर्ता, सरुवा, बढुवा, पदस्थापन र अन्य विवरणहरू सबै अद्यावधिक हुने व्यवस्था मिलाएर गुनासाहरूको सम्बोधन गरेका छौं । यस प्रणालीलाई हामीले सम्बन्धित निकायहरूसँग साझेदारीसमेत गरिसकेका छौं । यसले कर्मचारी प्रशासनमा पारदर्शिता, सहजता र पूर्ण अभिलेख व्यवस्थापन सुनिश्चित गरेको छ ।

**० कर्मचारी सूचना प्रणालीको सुधारपछि सेवाग्राही र प्रशासनमा कस्तो प्रभाव पऱ्यो ?**

सूचना प्रणालीको सुधारपछि कर्मचारीको विवरण व्यवस्थापन अब व्यवस्थित, वैज्ञानिक र पारदर्शी भएको छ । प्रदेश र स्थानीय तहका कर्मचारीहरूको विवरण रोकिएको वा किताबखानाले अद्यावधिक नगर्ने परम्परा थियो । उनीहरूलाई आवश्यक अख्तियारीसमेत दिइएको थिएन । सो अव्यवस्था समाप्त भइसकेको छ । अब प्रदेश र स्थानीय तहले यी कार्य व्यवस्थित रूपमा गर्न सक्नेछन् । त्यसकारण सूचना प्रणाली अझ वैज्ञानिक र भरोसायोग्य बनेको छ । अब व्यक्ति स्वयं नआए पनि प्रतिनिधिले कागजात लिएर आउँदा आवश्यक सेवा उपलब्ध हुनेछ । निकट भविष्यमा व्यक्ति स्वयं उपस्थित नहुँदा पनि डिजिटल सिग्नेचरमार्फत पेन्सन पट्टा र अन्य सेवा-सुविधासम्बन्धी पत्रहरू प्रविधिमार्फत पठाइनेछ, जसलाई सेवाग्राहीले आफैं प्रिन्ट गर्न सक्नेछन् । यसले फेसलेस सेवा सुनिश्चित गर्नेछ ।

**० तपाईंले नेतृत्व गर्नुभन्दा पहिले माथि उल्लेखित सेवा सुधारमा किन ध्यान नदिएको पाउनुभयो ?**

कर्मचारीतन्त्र पनि दुई प्रकारको हुन्छ । पहिलो-यथास्थितिमा रमाउने प्रवृत्तिका कर्मचारीहरू, जसले जोखिम मोल्न चाहँदैनन् । उनीहरू आफ्नो कार्यकाल बिताउने तर रूपान्तरण गर्न इच्छुक देखिँदैनन् । दोस्रो-परिवर्तनमुखी प्रवृत्तिका कर्मचारीहरू, जसले नेतृत्व पाएसँगै नयाँ शैली अपनाउने र सुधार गर्ने इच्छा तथा आँट गर्छन् । यसअघि सेवा प्रवाह ढिला हुनुको कारण यथास्थितिमा रमाउने प्रवृत्तिका कारण पनि हो । उनीहरूले सेवा सुधार वा प्रणाली परिवर्तनको आवश्यकता महसुस गरेनन्, साथै जोखिम लिन पनि चाहेनन् ।

**० कर्मचारी नै सेवाग्राही हुँदाहुँदै पनि अतिरिक्त लाभ बिना सेवा प्रवाह नहुने गुनासोको अन्त्य भएकै हो ?**

हामीले यस्ता गुनासाहरूका बारेमा सर्भे नै गरेका थियौं । सो सर्भेमा कर्मचारीहरू स्वयं समावेश थिए र उनीहरूले रकम मागिएको गुनासो गरेका छैनन् । थप पुष्टि गर्न क्यूआर कोडमार्फत पनि सर्भे गरेका थियौं, जहाँ सेवाग्राहीले कुन विषयमा कर्मचारीबाट अन्याय वा दुःख पाएको हो भन्ने प्रतिक्रिया दिन सक्ने व्यवस्था थियो । तर, कसैले पनि पैसा मागेर दुःख दिएको भन्ने गुनासो गर्नुभएको छैन । त्यसकारण सेवामा सुधार आएको र स्थिति ठीक ढंगले अघि बढेको मेरो ठम्याइ छ ।

**० समयमा काम नहुने भन्दै सेवा निवृत्त हुन लागेका कतिपय कर्मचारीहरूले यसअघि १५ दिन अघिदेखि नै पेन्सन पट्टा बनाउन दौडधुप गर्ने प्रचलन थियो । अब यो अवस्थामा सुधार आएकै हो ?**

यसअघि अवकाशमा जानुभन्दा १५ दिन अगाडि नै विभागमा धाउने, विवरण बिग्रिएको वा नमिलेको छ कि भन्ने चिन्ता रहने अवस्था थियो । उहाँहरूले आफ्नै विवरण हेर्ने सुविधा पाउनुभएको थिएन । अहिले भने आफ्नै मोबाइलमा नागरिक एपमार्फत सम्पूर्ण विवरण हेर्न सकिने व्यवस्था छ । कुनै निकायको रमाना, बढुवा छुटेको रहेछ भने इमेलमार्फत जानकारी पठाउन सक्नुहुन्छ । हामी अद्यावधिक गर्छौं । विवरण मिलिसकेपछि आफैं आएर वा कागजात पठाएर पनि सबै सेवा-सुविधा विभागमार्फत सिफारिस हुनेछ ।

**० कतिपय कर्मचारीहरूले समयमा सम्पत्ति विवरण नबुझाएका घटनाहरू सार्वजनिक हुँदै आएका छन् । यी विषयमा तपाईंहरूको ध्यान किन नगएको ?**

चालु आर्थिक वर्षमा करिब तीन हजारदेखि ३,२०० कर्मचारीहरूले सम्पत्ति विवरण बुझाएका छैनन् । ती कर्मचारीहरूलाई १० हजार रुपैयाँ जरिवाना लागिसकेको छ । गत वर्षदेखि सरकारले सम्पत्ति विवरण नबुझाउनेलाई यस्तो जरिवानाको व्यवस्था गरेको हो । विगतमा सम्पत्ति विवरण समयमा नबुझाए पनि किताबखानाबाट सेवा-सुविधा रोकिँदैनथ्यो । सूची तयार गरेर प्रमुख जिल्ला अधिकारीको कार्यालयमा पठाइन्थ्यो र त्यहाँबाट सम्बन्धित पक्षलाई पत्राचार हुन्थ्यो । त्यसपछि केहीले बुझाउँथे भने कतिपय बेवास्ता गर्थे । तर पनि पेन्सनलगायतका सेवा-सुविधा लिएर घर जान्थे । अहिले भने यो सम्भव छैन ।

**० कसरी सम्भव छैन त ?**

अब सेवा लिन आउँदा वा इमेलमार्फत कागजात पठाउँदा अनिवार्य रूपमा सम्पत्ति विवरण जाँच गरिन्छ । विवरण नबुझाउने कर्मचारीको नाम प्रणालीमा फरक रङमा देखिने बनाएका छौं । त्यसकारण कार्यालयका कर्मचारी पनि झुक्किँदैनन् । निवृत्तिभरण अर्थात् पेन्सन पट्टाका लागि कागजात बुझाउनेबित्तिकै प्रणाली जाँच हुन्छ । फरक रङमा नाम देखिए कुन आर्थिक वर्षको सम्पत्ति विवरण नबुझाएको हो भन्ने तुरुन्तै पत्ता लाग्छ । त्यसपछि पहिचान गरेर विवरण बुझाउनै पर्छ । त्यसकारण हाल सम्पत्ति विवरण नबुझाउने सूचीमा नामहरू स्वतः घट्दै गइरहेका छन् । यसले निजामती सेवामा पारदर्शिता बढाएको छ । अर्को सन्देश पनि गएको छ-सम्पत्ति विवरण नबुझाएमा प्रणालीले नै काम गर्दैन । अब अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मात्र कारबाही गर्ने होइन, सम्पत्ति विवरण नबुझाए पेन्सन पट्टा नै बन्दैन भन्ने स्पष्ट सन्देश प्रवाह भएको छ ।

**० पीआईएस प्रणालीलाई प्रभावकारी बनाउन विभागले के-कस्तो रणनीति अख्तियार गरेको छ ?**

हामीले नागरिक एपसँग सम्झौता गरेर पीआईएस प्रणाली त्यसमा समावेश गरेका छौं । अब कर्मचारीहरूले आफ्नै घरमा बसेर स्मार्ट मोबाइलमार्फत सूचना लिन सक्नुहुन्छ । पहिले पीआईएस अद्यावधिक गर्न कतिपय जिल्लाबाट विमान चढेर आउनुपर्ने बाध्यता थियो । अहिले डिजिटल ट्रान्सफरमार्फत सूचना सिधै मोबाइलमै पुऱ्याएका छौं । नागरिक एपमार्फत आफ्नो विवरण स्वयं हेर्न सक्नुहुन्छ । अद्यावधिक नभएको विवरणबारे इमेलमार्फत जानकारी पठाउन सक्नुहुन्छ । इमेल प्राप्त भएपछि हामी अद्यावधिक गर्छौं र रियल-टाइम डाटा मिलाइन्छ ।

**० पीआईएस विवरण प्रिन्ट गरेर राख्नका लागि के व्यवस्था मिलाइएको छ त ?**

नागरिक एपबाट विवरण हेर्ने सुविधा भए पनि प्रिन्ट गरेर राख्न चाहनेहरूको आवश्यकतालाई ध्यानमा राखेर वेबसाइटमा 'पीआईएस लगइन' भन्ने विकल्प राखिएको छ । कर्मचारीले पीआईएस लगइन गरेर आफ्नो विवरण हेर्न, डाउनलोड गर्न र प्रिन्ट गरेर राख्न सक्ने व्यवस्था गरिएको छ ।

**० विभागको आफ्नै भवन नभएकाले सेवा सञ्चालन र प्रवाहमा कस्तो असर परेको छ ?**

किताबखानाको आफ्नै भवन छैन । अन्य निकायले उपलब्ध गराएको भवनबाट सेवा प्रवाह गरिरहेका छौं । यसले केही सहजता भए पनि केही असहजता पनि छ । पुल्चोकस्थित तीनवटा अलग-अलग भवनबाट सेवा दिनुपर्ने अवस्था छ । जस्तै-मन्त्री रामेश्वरप्रसाद खनाल र सचिव चन्द्रकला पौडेल विभागको अनुगमनमा आउनुभएको थियो । तीनवटा भवनमा पुग्नुपर्ने तर समय अभावका कारण पूर्ण निरीक्षण हुन सकेन । आफ्नै भवन नहुँदा कागजात भण्डारणमा समेत समस्या छ । हरेक वर्ष थपिँदै जाने कागजात व्यवस्थापन झन् चुनौतीपूर्ण बन्दै गएको छ ।

**० विभागीय मन्त्रालयमार्फत भवन निर्माणका लागि किन पहल भइरहेको छैन त ?**

भवन निर्माणका लागि पहल भइरहेको छ । साबिक भवन २०७२ सालको भूकम्पले ध्वस्त बनाएको हो । त्यसपछि नयाँ भवन निर्माणका लागि शहरी विकास मन्त्रालयअन्तर्गतका निकायहरूलाई अनुरोध गरेका थियौं । भवन निर्माणका लागि १ अर्ब ९८ करोड रुपैयाँ बराबरको बजेट विनियोजन भइसकेको छ । अब बहुवर्षीय परियोजनाका रूपमा निर्माण कार्य अघि बढ्दैछ । सहरी विकास विभागअन्तर्गतको विशेष भवन आयोजनाले निर्माणको जिम्मेवारी लिनेछ । सम्भवतः चालु आर्थिक वर्षमै सार्वजनिक रूपमा टेन्डर आव्हान हुनेछ ।

**० २०७२ सालमा नयाँ संविधान जारी भए पनि आजसम्म निजामती सेवा ऐन आउन सकेको छैन । यसले सेवा प्रवाहमा के-कस्ता समस्या देखिएका छन् ?**

समयमा निजामती सेवा ऐन नआउँदा धेरै जटिल समस्या छन् । संघीयता अघि निजामती किताबखानाले निजामती ऐन मात्र मान्थ्यो र सबै सेवा-सुविधा सोही कानुन बमोजिम दिनुपर्थ्यो । संघीयता लागू भएपछि प्रदेश र स्थानीय तहमा गएका कर्मचारीहरूले तह वृद्धि, बढुवा र सुविधा आफ्नै प्रदेश वा स्थानीय तहको कानूनअनुसार लिँदै आएका छन् । तर, संघीय कानूनले ती सुविधा मिलान नगर्दा सेवा-सुविधा घट्ने स्थिति आयो । तलब कम हुने, ग्रेड संख्या घट्ने अवस्था आयो । त्यसलाई व्यवस्थापन गर्न कर्मचारीहरूलाई बुझाउने, छलफल गर्ने र चार्टमार्फत स्पष्ट पार्ने कामसमेत गरेका छौं ।

**० तपाईंको विचारमा किन यस्तो अवस्था आएको हो त ?**

मेरो भनाइमा सेवा-सुविधा निर्धारण संघीय कानुनको ढाँचाअनुसार गर्नुपर्ने बाध्यता रहेको छ । सोही अनुसार उपदान, निवृत्तिभरण, संचित बिदाको रकमलगायतको निर्धारण गरिएको छ । तर कतिपय कर्मचारी साथीहरूले बायस वा अन्य कारणले समान नभएको ठानेका छन् । यदि पछि ऐन आएपछि कुनै फरक व्यवस्था भयो भने कर्मचारीहरूले सोहीबमोजिम सेवा-सुविधा पाउनेछन् । कतिपय कर्मचारी साथीहरूले अदालतमा मुद्दा हालेका पनि छन् । हामीले लिखित जवाफमार्फत आफ्नो बाध्यता र कारण स्पष्ट गरी जवाफ पठाएका छौं । अदालतबाट सेवा-सुविधासम्बन्धी समस्या समाधानका लागि आवश्यक निर्देशन आएको खण्डमा उनीहरूले उचित सेवा-सुविधा पाउनेछन् नै ।

**० आगामी भावी योजनामा विभागले कर्मचारीको सेवा-सुविधा र प्रणाली सुधारका लागि के-के रणनीति अपनाइरहेको छ ?**

भावी योजनामा किताबखानालाई पूर्ण रूपमा फेसलेस सेवाको रूपमा रूपान्तरण गर्ने लक्ष्य लिएका छौं । अहिले पनि सेवा लगभग फेसलेस भइसकेको अवस्था छ । इमेलमार्फत निवेदन, जानकारी आदान-प्रदान, उपदान र निवृत्तिभरणका सेवाहरू डिजिटल माध्यमबाटै सम्पन्न भइरहेका छन् । अब अर्को चरणमा जिल्लाबाटै डिजिटल सिग्नेचरमार्फत तीन महिनाभित्र निवृत्तिभरणलगायतका पत्रहरू पठाउने व्यवस्था गर्न लागेका छौं । यसले सेवाग्राहीलाई सम्बन्धित निकायमा उपस्थित नहुन पनि सेवा लिन सक्ने अवस्था बनाउनेछ । साथै सेवा प्रवाहमा प्राविधिक सुधार र डिजिटल ट्रान्सफर्मेसन गर्ने तयारी भइरहेको छ । त्यसका लागि विद्यमान भण्डारमा रहेका कर्मचारी डाटाहरूको शुद्धीकरण कार्य तीव्र रूपमा भइरहेको छ । यसका लागि दुई-चार वटा विभागीय टोलीले डाटा सफाइ, बिदा विवरण तथा अन्य अभिलेखहरूको अद्यावधिक र शुद्धता सुनिश्चित गर्न कार्य गरिरहेका छन् । यसबाट सेवा प्रणालीलाई अझ वैज्ञानिक, पारदर्शी र दक्ष बनाउने लक्ष्य राखेका छौं ।

**० कर्मचारी डाटा र तालिम व्यवस्थापनको क्षेत्रमा राष्ट्रिय किताबखानाको हालको काम र भावी योजनाहरू के-के छन् ?**

मैले माथि पनि बताइसकेको छु-राष्ट्रिय किताबखानाले डाटा शुद्धीकरणमा विशेष ध्यान दिएको छ । हालसम्म १७ वटा फरक-फरक क्षेत्रमा मिसम्याच र पुराना डाटाहरू फेला परेका छन् । ती सबै डाटाहरूलाई क्रमशः शुद्ध गर्दै सेवा रूपान्तरणलाई मजबुत बनाउने अपेक्षा गरेका छौं । विभागले प्रदान गर्दै आएका सेवाहरू धेरै हदसम्म रूपान्तरण भइसकेका छन् । आगामी तीन महिनाभित्र फेसलेस सेवा प्रणालीलाई लगभग पूर्ण रूपमा लागू गर्ने लक्ष्यमा छौं । डाटा शुद्धीकरणको दोस्रो चरण पनि तयारी अवस्थामा छ ।

**० दोस्रो चरणमा के-कस्ता कार्यहरू गर्दै हुनुहुन्छ त ?**

प्रणालीलाई अन्तर-अपरेटेबल र साझा प्रणालीमार्फत सञ्चालन गर्ने उपायहरूको खोजी अगाडि बढिरहेको छ । तालिम व्यवस्थापनमा नौ वटा तालिम प्रदायक निकायसँग समझदारी भइसकेको छ । ती निकायहरूले आफ्नै तालिम कार्यक्रम प्रणालीमै अपडेट गर्न सक्नेछन्, जसले किताबखानाको कामको चाप घटाउनेछ । यसपछि तालिम प्रदायकमार्फत मान्यता पाउने कर्मचारीको विवरण शुद्ध हुने अपेक्षा गर्न सकिन्छ ।

भविष्यमा पोखराको तालिम केन्द्रसँग एमओयू तथा एग्रिमेन्ट गरी थप १० वटा निकायसँग तालिम प्रणाली समन्वय गर्ने योजना छ । त्यसपछि कर्मचारीको तालिम, प्रमाणपत्र र विवरण प्रणालीमा पूर्ण रूपमा अद्यावधिक हुने सुनिश्चित हुनेछ ।

**० अन्त्यमा, तालिम प्रदायक र अन्य निकायहरूसँग विभागले गरेको समझदारी र प्रणाली सुधारले कर्मचारी वर्गमा सेवा सहज कसरी बनाउँछ ?**


यसअघि तालिम लिएपछि प्रमाणपत्र बोकेर हिँड्नुपर्ने तर किताबखानामा अद्यावधिक नहुने अवस्था थियो । नौ वटा निकायसँग गरिएको समझदारीलाई भविष्यमा पोखराको तालिम केन्द्रसँग एमओयू गरी १० वटामा विस्तार गर्ने योजना छ । त्यसैगरी लोकसेवा आयोगसँग एमओयू भएपछि कर्मचारीले परीक्षा उत्तीर्ण गरेसँगै मास्टर आईडी प्राप्त हुने र सम्पूर्ण विवरण तुरुन्तै प्रणालीमा अद्यावधिक हुने व्यवस्था मिल्नेछ । यसले सिटरोल दर्ता प्रक्रियामा समय र काम दुवै घटाउनेछ । पहिले तीन पुस्ते नाम विवरण टाइप गर्नुपर्ने अवस्था थियो, अब प्रणालीबाटै तुरुन्तै दर्ता गर्न सकिनेछ । सिभिल सर्भिस अस्पतालसँग पनि यो प्रणाली जोडिएको छ । अब कर्मचारीले उपचार सुविधा लिन चिठी लिएर यहाँ आउनु पर्दैन । प्रणालीबाटै विवरण हेरेर सुविधा प्रदान गर्न सहज बनाइएको छ । विभागले प्रणाली अन्तर-अपरेटिबिलिटीसहित साझा निकायहरूले सञ्चालन गर्न सक्ने गरी डिजाइन गरेको छ । यसले कर्मचारीको सेवा छिटो, पारदर्शी र शुद्ध बन्दै गएको छ ।

- **अबका दिनमा यो विभागमा सेवाग्राही कार्यालय आउनै पर्दैन ।**
- **१२ सय ९६ कर्मचारीको वास्तविक विवरण एकै क्लिकमा... ।**
- **अटेर गरेर सम्पत्ति विवरण नबुझाए पेन्सन पट्टा नै बन्दैन ।**
- **सेवा निवृत्त हुनु अगाडिका १५ दिनको दौडधुप अन्त्य भएको छ ।**
- **विभागले ११ वटा बिन्दुमा सुधार गरिसकेको छ ।**

# समयले बदलेको शहर, डायरीले जोगाएको कथा

## ‘तीर्थ यात्रा, दैनिकी वि.सं. १९३७ तिर’ र ‘गीता सार...’

**पुस्तक समीक्षा**



**रमेश मुनंनकर्मी**

**प्रस्तुत आलेख कृष्णप्रसाद लाकौलद्वारा वि.सं. १९३७ मा गरिएको तीर्थयात्राको हस्तलिखित डायरीमा आधारित एक विश्लेषण हो । यसमा विशेषतः उहाँको कानपुर र इलाहाबाद यात्रालाई केन्द्रमा राखिएको छ ।**

**कृष्णप्रसाद लाकौलको ऐतिहासिक डायरी**

उपलब्ध स्रोत सामग्रीले लाकौलको करिब डेढ सय वर्ष पुरानो यात्रा विवरणलाई लेखकको आफ्नै २०औं शताब्दीको मध्यतिरको अनुभवसँग तुलना गर्दछ । यस तुलनात्मक अध्ययनबाट समयक्रमसँगै आएका सामाजिक, आर्थिक तथा सहरी परिवर्तनहरू स्पष्ट रूपमा उजागर भएका छन् ।

यस पुस्तकका मुख्य निष्कर्षहरूमा नेपालको बटौली र भारतको कानपुरबीचको ऐतिहासिक व्यापारिक सम्बन्ध विशेष रूपमा उल्लेखनीय छ । घिउ, सुठो र छालाको व्यापार कहिल्यै अत्यन्तै सशक्त रहेको देखिन्छ, जुन आजको समयमा लगभग समाप्त भइसकेको छ ।

इलाहाबादको सन्दर्भमा पुस्तकले शहरको विकासक्रम-रेलवे स्टेशनहरूको विस्तार, बजार संरचनामा आएको परिवर्तन (जस्तै ‘बंगला बजार’ को पहिचान), तथा धार्मिक स्थलहरूको नामाकरणमा आएको रूपान्तरण (जस्तै ‘त्रिवेणी’को सट्टा ‘संगम’ शब्दको प्रचलन)-लाई गहिराइका साथ विश्लेषण गरेको छ ।

संक्षिप्त टिपोटलाई आधार बनाएर लेखकले आफ्ना व्यक्तिगत सम्झना, स्थानीय कथाहरू र तार्किक अनुमानमार्फत ऐतिहासिक परिवेशलाई जीवन्त बनाउने प्रयास गर्नुभएको छ । यसरी यो आलेखले लाकौलको यात्राको धार्मिक महत्व मात्र होइन, त्यस समयको सामाजिक-आर्थिक र सहरी संरचनामा समेत प्रकाश पार्दछ ।

यो विश्लेषण कृष्णप्रसाद लाकौलद्वारा लिखित र लाकौल परिवारद्वारा प्रकाशित दुई हस्तलिखित दस्तावेज-“तीर्थ यात्रा, दैनिकी वि.सं. १९३७ तिर” र “गीता सार वि.सं. १९६७/६८”-मा आधारित छ । लेखक, जसले आफ्नो युवावस्थाका करिब ६ वर्ष इलाहाबादमा बिताउनुभएको थियो, यी पुस्तकहरू शंकरमान सिंहबाट प्राप्त गर्नुभएको थियो । ऐतिहासिक विषयवस्तु तथा तानसेनको लाकौल परिवारसँगको आत्मीय चिनजानका कारण लेखक यी कृतिहरूप्रति विशेष रूपमा आकर्षित हुनुभएको देखिन्छ ।

लाकौलको तीर्थयात्रा विवरण पढ्ने क्रममा कानपुर र विशेषतः इलाहाबादको वर्णनले लेखकलाई आफ्नै अनुभवसँग तुलना गर्दै अध्ययन गर्न प्रेरित गरेको छ ।

**कानपुर : व्यापार र सम्झना**

वि.सं. १९३७ मा कृष्णप्रसाद लाकौलले तीर्थयात्राको क्रममा कानपुरलाई “वहुत चलन भयाको राम्रो शहर रहेछ।” भनी वर्णन गर्नुभएको छ। यस अभिव्यक्तिले त्यस समयमै कानपुर एक प्रमुख व्यापारिक केन्द्र रहेको स्पष्ट संकेत गर्दछ । लेखकले यस वर्णनलाई आफ्ना अनुभव र ज्ञानसँग जोड्दै बटौली र कानपुरबीचको गहिरो व्यापारिक सम्बन्धलाई उजागर गर्नुभएको छ ।

**व्यापारिक वस्तुहरू**

**१. घिउ र सुठो (सुकाएको अदुवा)**

कानपुर बटौलीबाट निर्यात हुने घिउ र सुठोका लागि प्रमुख बजार थियो । लेखकले वि.सं. २०२८ मा कानपुर भ्रमण गर्दा एक स्थानीय व्यापारीले बटौलीको घिउको व्यापार सुकेको बताएको घटना उल्लेख गर्नुभएको छ, जुन निकै मार्मिक लाग्दछ ।

**२. सुठोको प्रयोग**

अर्का व्यापारीले नेपाली सुठो (विशेषतः सल्यान, प्युठान, रोल्पा र रुकुम क्षेत्रबाट आउने) मसला, आयुर्वेदिक औषधि तथा श्रृंगार सामग्रीमा प्रयोग हुने जानकारी दिएका थिए । आगोमा पोलेको सुठो उत्तर प्रदेश, बिहार र मध्य प्रदेशमा सुत्केरी चेलीबेटीलाई पाहुर पठाउने चलनका कारण अत्यधिक मागमा रहेको थियो ।

**३. छाला**

कानपुर नेपाली जनावरहरूको छाला निर्यात गरिने प्रमुख बजार थियो र छालाबाट निर्मित सामग्रीका लागि भारतभर प्रसिद्ध थियो। लेखकले वि.सं. २०२० तिर कानपुरबाट हरिणको छालाबाट बनेको सुटकेश ल्याएको व्यक्तिगत अनुभव पनि साझा गर्नुभएको छ । हाल वन्यजन्तुजन्य सामग्रीको प्रयोग कानुनी रूपमा बर्जित भइसकेको छ ।


**सम्बन्धको अन्त्य**

निष्कर्षस्वरूप, बटौली र कानपुरबीचको सदियौं पुरानो व्यापारिक सम्बन्ध आज प्रायः समाप्त भइसकेको र समयसँगै पूर्ण रूपमा रूपान्तरित भएको देखिन्छ ।

इलाहाबाद बसाइको विस्तृत विश्लेषण

कृष्णप्रसाद लाकौल दशमी मार्ग वदि १० मा इलाहाबाद पुगेर १२ रात ११ दिन बसोबास गरी पञ्चमी मार्ग १५ मा मिर्जापुरतर्फ प्रस्थान गर्नुभएको देखिन्छ । यस अवधिमा उहाँले प्रमुख तीर्थस्थल, मुख्य चोक तथा विभिन्न बजारहरूको भ्रमण गर्नुभएको थियो ।

**आगमन र बसाइ रेल वे स्टेशन**



लाकौल ‘प्रयागराज स्टेशन’ मा उत्रिनुभएको थियो, जुन लेखकको अनुमानमा इलाहाबादको पहिलो रेल वे स्टेशन हुनसक्छ । लेखकले आफ्नो समय (वि.सं. २०१८/१९) मा रामबाग, फाफामऊ, क्यान्ट, जङ्क्सन, नैनी, दारागञ्ज र झुँसी जस्ता थुप्रै स्टेशनहरू रहेको उल्लेख गर्नुभएको छ । प्रयागराज स्टेशनको नजिकै वि.सं. १९४३ मा इलाहाबाद विश्वविद्यालय स्थापना गरिएको हुनसक्ने अनुमान पनि प्रस्तुत गरिएको छ ।

**आवास**

लाकौल प्रयागराज स्टेशनबाट केही टाढा पर्ने दारागञ्जमा बस्न जानुभएको थियो। गंगा-यमुना-सरस्वतीको संगम नजिक भएकाले दारागञ्ज तीर्थालुहरूको प्रमुख बासस्थान मानिन्थ्यो । लेखकका अनुसार उहाँका बुबा पनि दारागञ्जकै पण्डाको घरमा बस्ने गर्नुहुन्थ्यो ।

दारागञ्ज र ‘अलोपदीन मोहरिया पण्डा’ । लाकौलले आफ्नो डायरीमा “अलोपदीन मोहरिया पण्डाको घर आएर मुकाम” भनी उल्लेख गर्नुभएको छ । यस वाक्यप्रति लेखकले रोचक विश्लेषण प्रस्तुत गर्नुभएको छ ।

‘अलोपदीन’ नाम मुस्लिम समुदायसँग सम्बन्धित जस्तो सुनिने भएकाले पण्डा हुन कठिन देखिन्छ । त्यसैले यो कुनै व्यक्तिको नाम नभई दारागञ्जभित्रको कुनै टोल वा गल्लीको नाम हुनसक्ने अनुमान गरिएको छ, जहाँ मुस्लिम र हिन्दू समुदाय दुवैको बसोबास थियो । यो विषय भविष्यमा थप अनुसन्धानको विषय बन्न सक्ने देखिन्छ ।

**धार्मिक गतिविधि र स्थल भ्रमण**

**त्रिवेणी बनाम संगम**

एक महत्वपूर्ण अवलोकन के हो भने लाकौलले आफ्नो प्रत्येक दिनको टिपोटमा संगम स्थललाई ‘त्रिवेणी’ भनेर उल्लेख गर्नुभएको छ, तर ‘संगम’ शब्द कतै प्रयोग गर्नुभएको छैन । लेखकका अनुभवअनुसार उहाँको समयमा उक्त स्थल प्रायः ‘संगम’ नामले चिनिन्थ्यो र ‘त्रिवेणी’ शब्द कम प्रचलनमा थियो । यसले समयक्रमसँगै नामाकरण र लोकप्रिय प्रयोगमा आएको परिवर्तनलाई संकेत गर्दछ । लाकौलले आफ्नो ११ दिनको बसाइमा प्रायः हरेक दिन त्रिवेणीमा स्नान गर्नुभएको उल्लेख छ, जसले उहाँको गहिरो धार्मिक आस्थालाई प्रकट गर्दछ ।

**ऐतिहासिक र पारिवारिक, वि.सं. १९३७ सन्दर्भ**

लाकौलको यात्राको समय (वि.सं. १९३७) र उहाँको अर्को कृतिको समय (वि.सं. १९६७/६८) लाई लेखकले आफ्ना पारिवारिक अभिलेखसँग जोडेर हेर्ने प्रयास गर्नुभएको छ । लेखकका पुर्खाहरूका जिन्सी अन्नपातको हिसाब, जग्गाको पोत बुझाएको रसिद जस्ता कागजातहरू फेला परेका छन् ।

वि.सं. १९६७/६८, व्यक्तिगत सम्बन्ध

तानसेनस्थित घरसम्बन्धी मिलापत्र, लेनदेन मुद्दाका कागजातहरू तथा जग्गामा घर बनाउन काठ काट्ने अनुमति पत्रहरू प्राप्त भएका छन् । लेखकले आफ्ना बाजे हिक्मतबहादुर (वि.सं. १९६८ मा १६ वर्षका) र अम्बिकाप्रसाद लाकौल (हिक्मतबहादुरभन्दा ६ वर्ष कान्छा) बीचको सम्बन्ध पनि स्मरण गर्नुभएको छ । लेखकले अम्बिकाप्रसाद लाकौललाई आफ्नो स्कुले जीवनमै चिनेको र उहाँले घरमा राख्नुभएको छपाइ मेसिन देखाएको सम्झना उल्लेख गर्नुभएको छ ।

लाकौल प्रेस त्यस भेगकै अग्रणी संस्था थियो र पुस्तक पढ्ने दलान, हालको धवल पुस्तकालय स्थापनामा समेत अम्बिकाप्रसाद लाकौलको महत्वपूर्ण भूमिका रहेको देखिन्छ ।

**फेसबुक सामाजिक सञ्जाल फेसबुक सामाजिक सञ्जाल**

## तनहुँ सुरकोटमा रहेको सेन राजाको तोप



तनहुँ राज्यको राजधानी तनहुँ सुरकोटमा रहेको यो तोप धेरै सय वर्ष पुरानो हो । यस तोपको संरक्षण भएको छैन । मैले स्थानीय सरकारदेखि धेरै निकायहरूलाई पटक-पटक अनुरोध गरें, तर त्यसको कुनै प्रभाव परेन । तनहुँ सुरकोट वरिपरि धेरै किल्लाहरू पनि रहेका छन् ।

२) यो तोप तनहुँकै हालको बन्दीपुर इलाकामा बस्ने बन्दे कामीले बनाएका थिए। तोप निर्माण गरी सफल परीक्षण फायर गरेपछि सेन राजाले तोप वैज्ञानिक बन्दे कामीलाई घरजग्गा बक्सिस दिएका थिए । त्यसपछि बन्दे कामी बस्ने गाउँको नाम “बन्देथोक” रहन गयो । यही स्थानमा पछि नेवारहरूको बस्ती बसेर बजार समेत विकसित भएपछि बन्देचोक हुँदै बन्दीपुर भएको हो ।



३) बन्दे कामीका सन्तानहरू मध्ये एउटा हाँगोमा बन्दे, दोन्दे, दत्ते, मुसे, धने, फर्से (इन्द्रबहादुर) र सुकबहादुर आले वि.क. हुन् । सुकबहादुरले भारतीय अर्धसैनिक बलमा जागिर खाँदा आले वि.क. लेखाएका थिए । उनी डेपुटी सुवेदार (प्राविधिक) दर्जाबाट पेन्सनमा आएका छन् ।

४) मलाई बताइएअनुसार बन्दीपुरमा रहेकी प्रख्यात देवीको मन्दिर सुरुमा यिनै बन्दे कामीले स्थापना गरेका थिए र हाल पनि बन्देका सन्तानहरूले यहाँ मूल पूजा गर्छन् ।

५) डेपुटी सुवेदार सुकबहादुर आले वि.क.सँग मैले भेट गरी अन्तर्वार्ता लिएको थिएँ । सो क्षेत्रका इतिहासकार दमौली निवासी देवी (देव) बहादुर बस्न्यातले यस विषयमा धेरै खोज-अनुसन्धान गर्नु भएको छ ।

*- प्रेमसिंह बस्न्यात*

## राम्रो ग्रेड ल्याउने विद्यार्थी डाक्टर-इन्जिनियर नै बन्नुपर्ने हो र ?




स्कुले जीवनमा कक्षामा पहिलो हुँदा शिक्षकहरूले “लौ, यो बाबु त पाइलट हुने बुद्धिको छ” भन्नुहुन्थ्यो । एसएलसीसम्म पुग्दा राम्रो श्रेणी ल्याउनेले ‘प्लान’ जान पाउने भन्ने कुरा मनमा गढ्यो । त्यसैअनुसार बाटो समातियो, प्लान पनि गइयो, भारतबाट इन्जिनियर बनेर आइयो । पछि उच्च शिक्षाको सिलसिलामा विदेश जाँदा थाहा भयो, विकसित देशहरूमा स्कुलतहमा राम्रो ग्रेड/श्रेणी ल्याउने विद्यार्थीको छनोट विज्ञान तथा प्राविधिक क्षेत्रमा मात्रै सीमित हुँदैन रहेछ । कानून, अर्थशास्त्र, व्यवस्थापन जस्ता विषयमा पनि त्यत्तिकै (कतिपय अवस्थामा अझ बढी) प्रतिस्पर्धा हुँदो रहेछ । केही देशमा मेधावी विद्यार्थीले ‘कुन विषय ?’ भन्दा पनि पहिलो प्राथमिकतामा ‘कुन उत्कृष्ट विश्वविद्यालय ?’ भन्ने रोज्ने रहेछन् । कतिपय राम्रा विश्वविद्यालय/कलेजका स्नातक तहका सुरुका वर्षमा आधारभूत ज्ञानका लागि सबै विद्यार्थीले विभिन्न विषयका कोर्स लिनुपर्ने व्यवस्था हुँदो रहेछ, अनि स्नातक तहको पछिल्लो चरणमा विद्यार्थीले आफ्नै रुचि र क्षमता पहिचान गरेपछि त्यसअनुसार विषयमा मेजर गर्ने ।

तर, नेपालमा अझै पनि (केही उत्कृष्ट विद्यालयका केस बाहेक) स्कुलतहमा राम्रो श्रेणी ल्याउने विद्यार्थीले डाक्टरी वा इन्जिनियरिङ नै पढ्नुपर्छ भन्ने सोच/चलन बलियो छ । मलाई अचम्म लागेको कुरा के भने कानुन र अर्थशास्त्र जस्ता अत्यन्तै सान्दर्भिक विषयमा पनि किन स्कुलमा राम्रो ग्रेड/श्रेणी ल्याउने विद्यार्थी अझै पर्याप्त मात्रामा आकर्षित भएका छैनन् ? किन यस्तो विषयमा हाम्रा विद्यार्थी, अभिभावक, र विद्यालयका शिक्षकसम्म पनि पूर्ण रूपमा सूचित छैनन् ? वास्तवमा राम्रा विद्यार्थीका लागि विज्ञान-प्रविधि, समाज विज्ञान, मानवीकी, कला-साहित्य-हरेक विधामा उत्तिकै स्कोप छ ।

यो विषय हाम्रो शिक्षा नीति र शिक्षा सम्बन्धी सार्वजनिक बहसमा कतै गम्भीर रूपमा सम्बोधन भएको देखिँदैन । अब बहस गर्नुपर्ने समय आएको हो कि ?

*-सूर्यराज आचार्य*

## मतदाता, मालपानी र दानापानी...!



नेताहरूको मालपानी र दानापानी मोहले नीति र नैतिकता बेचिँदा मुलुकको उन्नति रोकिएको हो ।


जब जनप्रतिनिधिको पेट राष्ट्रभन्दा ठूलो हुन्छ,<br>
त्यहाँ विकास होइन-भ्रष्टाचार फस्टाउँछ ।<br>
मुलुक पछाडि पर्नुको मूल कारण यही हो ।

००००००

गलत छनोटको मूल्य<br>
सत्तामा बस्नेले होइन,<br>
सधैं मौन जनताले तिर्छन् ।<br>
तसर्थ मतदानमा राम्रो मान्छे छानौं ।<br>
न नाराले मोहित भएर, न भीडको हल्लामा बगेर ।<br>
चरित्र, आचरण र कर्तव्यनिष्ठालाई मापदण्ड बनाऔं ।

*-हरि भट्टराई*

## पैतृक सम्पत्तिको लाभ र विश्व प्रचलन ?



मेरो जन्म एक सम्पन्न परिवारमा भयो । शिक्षा, स्वास्थ्य, खान-लाउन कहिल्यै समस्या भएन । उमेर बढ्दै जाँदा युवकको रूपमा अनेकौं इच्छा र चाहनाहरू जागे-कुनै पूरा भए, कुनै भएनन् । बाल्यकालदेखि नै म माता-पितासँग गाउँ जाने गर्थें र हरेक पटक गाउँमा बसोबास गर्ने आफन्तहरूको तुलनामा आफ्नो अवस्था धेरै राम्रो भएको अनुभूति गर्थें ।

तर, भारतको एक प्रख्यात विद्यालयमा अध्ययन गर्दा मेरो कक्षाकै सबैभन्दा गरिब विद्यार्थी म नै रहेछु भन्ने बोध भयो । त्यतिबेला धनको सापेक्षता बुझ्न थालें-कोही आफूभन्दा गरिब हुँदोरहेछन् र आफू धेरै जनाभन्दा गरिब पनि रहेछु । भगवानको कृपाले म सधैं जे छ, त्यसैमा सन्तुष्ट रहने व्यक्ति रहेछु । मभन्दा धनीले कहिल्यै मलाई हेपेनन् र मैले पनि आफूभन्दा गरिबलाई कहिल्यै हेप्ने काम गरिनँ ।

मैले पाएको अवसरका कारण दुर्गम नेपालमा बस्ने सर्वसाधारण नागरिकभन्दा अलि बढी विश्व देखें होला, अलि बढी पढ्ने अवसर पाएँ होला, अलि बढी भाषा बोल्न सक्छु होला । तर, उनीहरूमा रहेको जमिनबाट बाँच्न सक्ने क्षमता मसँग छैन । आजको राजनीति र युवा सोचमा यही ठूलो समस्या देखिन्छ । पढेको, लेखेको र देखेको हुनासाथ आफू उत्कृष्ट नागरिक भएको अहंकार देखिन्छ ।

जीवन सबैको समान हो-सबैको जीवन बिताउने र रमाउने आ-आफ्नै सोच हुन्छ । वैदेशिक ऋणले चलेको देशमा वैदेशिक ऋणदाताले अङ्ग्रेजी बोल्ने-बुझ्ने अर्थमन्त्री खोज्नु स्वाभाविक हो । तर, ग्रामीण नेपालीले कोमलता, जवाफदेहिता र इमानदार अर्थमन्त्री खोज्छ ।

“आफूभन्दा सानालाई माया र आफूभन्दा ठूला लाई सम्मान” भन्ने पाठ पढेर हुर्केको पुस्ता हुँ म । तर, आज आफ्नै पैतृक सम्पत्ति र सम्पन्नताका कारण पढेका-लेखेका केही व्यक्तिहरू सम्पूर्ण अग्रजहरूको अपमान गर्दै हिँडेको देख्दा दुःख लाग्छ ।

यदि आफ्नो क्षमतामा घमण्ड गर्ने नव पुस्ताले सरकार बनायो भने एउटा पहिलो काम गर्नुपर्छ-जन्मसिद्ध अंश प्रथा खारेज गरी विश्वभर प्रचलित इच्छापत्र (Will) प्रणाली लागू गरियोस् । आमा-बुवाले आफ्नो इच्छाअनुसार कुन सन्तानलाई सम्पत्ति दिने वा नदिने निर्णय गर्न पाउनुपर्छ । यसले भ्रष्टाचार अन्त्यतर्फ जाने एउटा महत्वपूर्ण खुड्किलो बन्न सक्छ ।

शिष्टता र सद्भाव नभएको समाज अन्ततः जंगली बन्ने निश्चित छ ।

*-उज्ज्वल विक्रम थापा*

**रंग विरंग**

## बुढ्यौली रोक्ने औषधि : वरदान कि विपत्ति ?



*विश्व चिकित्सा विज्ञानले यस्तो घोषणा गर्‍यो, जसले मानव सभ्यताको आधार नै हल्लाइदियो। अमेरिका र जापानका वैज्ञानिकहरूको संयुक्त टोलीले बुढ्यौली प्रक्रियालाई ढिलो मात्र होइन, आंशिक रूपमा उल्ट्याउन सक्ने औषधि सफल परीक्षण चरणमा पुगेको सार्वजनिक गर्‍यो । “एजिङ इज ए डिजिज” अर्थात् बुढ्यौली रोग हो भन्ने दाबी पहिलोपटक आधिकारिक वैज्ञानिक दस्तावेजमा उल्लेख भएपछि संसारभर सनसनी फैलियो ।*

*यो औषधिले मानव कोषिकाको डीएनएमा हुने क्षयलाई रोक्ने र क्षतिग्रस्त कोष पुनःसक्रिय बनाउने बताइएको छ । ६० वर्ष माथिका स्वयंसेवकहरूमा गरिएको प्रारम्भिक परीक्षणमा स्मरणशक्ति, शारीरिक शक्ति र छालाको संरचनामा उल्लेखनीय सुधार देखिएको दाबी गरिएको छ । केही सहभागीको जैविक उमेर १०-१५ वर्षले घटेको रिपोर्ट सार्वजनिक भएपछि विश्व चकित बन्यो ।*

*तर, यससँगै गम्भीर बहस पनि सुरु भयो-यदि मानिस लामो समयसम्म जवान रहन थाले भने जनसंख्या विस्फोट, रोजगारी, पेन्सन प्रणाली र सामाजिक संरचना के हुन्छ ? धनी मात्र अमर बन्ने हो कि सबैका लागि समान पहुँच हुन्छ ? धार्मिक र दार्शनिक वृत्तमा समेत “मानिसले प्रकृतिको सीमा नाघ्यो” भन्ने प्रश्न उठ्न थाल्यो ।*

*माघ २०८२ लाई कतिपयले “मानव आयुको नयाँ युग सुरु भएको महिना” भनेर व्याख्या गर्न थालेका छन्। यो औषधि मानव कल्याणको वरदान बन्छ कि नयाँ असमानताको बीउ-यसको उत्तर भविष्यले दिनेछ, तर एक कुरा निश्चित छ : बुढ्यौली अब अपरिहार्य नियति मात्र रहेन ।*

## एआईले युद्ध रोक्यो, विश्वविनाश टर्‍यो !




*वि.सं. २०८२ माघको सुरुवात विश्वका लागि अत्यन्त डरलाग्दो संकेतसहित भयो । मध्यपूर्वको एक संवेदनशील क्षेत्रमा दुई सैन्य शक्तिहरू आमनेसामने थिए । मिसाइल लन्च प्रणाली ‘एक्टिभ मोड’ मा थियो, सीमाक्षेत्रमा सेना तैनाथ भइसकेको थिए र अन्तर्राष्ट्रिय सञ्चार माध्यमले “युद्ध घडी सुरु” भनी शीर्षक बनाइसकेका थिए । कूटनीति असफल भइसकेको अवस्थामा अन्तिम विकल्पका रूपमा संयुक्त राष्ट्रसंघले पहिलोपटक पूर्णरूपमा कृत्रिम बुद्धिमत्तामा आधारित संकट समाधान प्रणाली सक्रिय गरायो ।*

*एआईले केही घण्टामै ५० वर्षका युद्ध, लाखौं मानवीय मृत्यु, विश्व अर्थतन्त्रमा पर्ने प्रभाव र सम्भावित परमाणु फैलावटको नक्सा प्रस्तुत गर्‍यो । प्रतिवेदन यति भयावह थियो कि दुबै राष्ट्रका नेताहरू एकैपटक मौन भए । “यो युद्ध जित्ने कोही छैन” भन्ने निष्कर्ष एआईको रिपोर्टको पहिलो वाक्य थियो । अन्ततः युद्ध स्थगित भयो । इतिहासमा पहिलोपटक मानव अहंकारलाई मेसिनको गणनाले पराजित गर्‍यो । माघ २०८२ लाई कतिपय विश्लेषकले “विश्वविनाश टरेको महिना” भनेर नाम दिन थाले ।*

## बालुवामुनि उम्रिएको आशा : मरूभूमि हरियो हुँदा पृथ्वी आफैं बोल्यो



*वि.सं. २०८२ माघको दोस्रो साता अफ्रिकाबाट आएको एउटा दृश्यले विश्वको सोच नै बदलिदियो । दशकौंदेखि मरुभूमिमा परिणत हुँदै गएको साहेल क्षेत्र अचानक हरियालीले ढाकिन थालेको उपग्रह तस्बिर सार्वजनिक भयो । बालुवामात्र देखिने भूभागमा घाँस, झाडी र साना रूख उम्रिन थालेका थिए । सुरुमा वैज्ञानिकहरूले यसलाई ‘डाटा त्रुटि’ ठाने, तर जमिनमै पुगेर अध्ययन गर्दा उनीहरू स्तब्ध भए ।*

*ड्रोनमार्फत बीउ छर्ने प्रविधि, जलवायु-अनुकूल वनस्पति, सूक्ष्म सिंचाइ र स्थानीय समुदायको सामूहिक श्रमले असम्भव ठानिएको काम सम्भव बनाएको रहेछ । यसलाई “रिभर्स डेजर्टिफिकेसन” भनियो-जहाँ मरुभूमि उल्टै जीवनको थलो बन्न थाल्यो । जलवायु परिवर्तनको निराशाबीच यो घटना मानव सभ्यताका लागि चेतावनी मात्र होइन, आशाको घोषणाजस्तै बन्यो । पृथ्वी अझै मरेकी छैन, उसले अवसर पाएको खण्डमा आफैंलाई निको पार्न सक्छ भन्ने सन्देश माघ २०८२ ले दियो ।*

# कालो धन पहेंलो सुनमा परिणत हुँदा

## नेपाली बजारमा सुनको नयाँ रेकर्ड

● साँघु संवाददाता

**काठमाडौं । नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार २०८२ माघ १५ गते एक तोला छापावाल सुनको मूल्य तीन लाख ३९ हजार ३०० र चाँदीको मोल रु सात हजार ५०५ कायम भएको थियो । अझ ०८२ माघ ९ गते एकैदिन अघिल्लो दिनको तुलानामा ९ हजार २ सय रुपैयाँ मूल्य बृद्धि भएर नयाँ रेकर्ड नै कायम गरेको थियो । विगत तीन–चार महिना यतादेखि सुनको मूल्य निरन्तर बढिरहेको छ । २०८२ माघ ८ गते बिहीवार सुन प्रतितोला ३ लाख १ हजार ४ सय रुपैयाँमा कारोवार भएको थियो । २०८२ माघ १७ गते शनिबारबाट सुनचाँदीको मूल्यमा गिरावट सुरु भएको छ । माघ १८ गते सुन प्रतितोला तीन लाख र चाँदी प्रतितोला पाँच हजार पाँच सयमा कारोबार भएको थियो ।**

उता, नेपाल सुनचाँदी व्यवसायी महासंघले पनि सुनको भाउ निरन्तर बृद्धि भएर नयाँ कीर्तिमान गरेको दावी गरेको छ । नेपाली बजारमा सुनको भाउ प्रतितोला ३ लाख नाघेकोले सर्वसाधारणले सुन खरिद गर्न र गरगहना लगाउन नसक्ने परिस्थिति सिर्जना हुँदै गएको बताइन्छ । २०८२ माघ ७ गते उल्टै प्रतितोला २ हजार ९ सय रुपैयाँ घटेको थियो ।

सो दिन प्रतितोला २ लाख ९२ हजार २ सय रुपैयाँमा सुनको कारोबार भएको व्यवसायीहरु बताउँछन् । मुलुकमा विगत ६ महिनामा १८ अर्ब ८३ करोड भन्दा बढी मूल्यको करिब ११ सय किलो सुन आयात भएको नेपाल राष्ट्र बैंकको तथ्याक रहेको छ । नेपालमा हरेक दिन २५ किलो भन्दा बढी सुन खरिद बिक्री हुँदै आएको छ ।



**खरिद गर्ने भन्दा बिक्री गर्ने बढी**

हाल सुनको भाउ निरन्तर रुपमा बढेकोले बजारमा नयाँ सुन खरिद गर्ने भन्दा ७० प्रतिशत भन्दा बढी बिक्री गर्ने ग्राहकको संख्या बृद्दि हुँदै गएको छ । अन्तर ाष्ट्रिय बजारमै सुनको भाउ बढ्दा नेपाली बजारमा यसको प्रभाव परेको व्यवसायीहरु बताउँछन । अन्तर्राष्ट्रिय बजारमासमेत सुनको भाउ प्रतिऔंस ४ हजार ९ सय ५० अमेरिकी डलर नाघेको बताइन्छ ।

खासगरी यतिबेला अमेरिकाको चलखेलका कारण सुनको भाउ ह्वात्तै बढेको व्यवसायीहरुको दावी छ । उता, अन्तर्राष्ट्रिय द्वन्द्व थप चर्किने संकेतका कारण विभिन्न मुलुकका केन्द्रीय बैंकहरुलेसमेत सुनमा लगानी बढाएको जानकारस्रोतको दावी छ । जसले मागसँगै मूल्य बढाएको अनुमान स्रोतको रहेको छ ।

त्यस्तै, चाँदीको भाउले तोलामा ६ हजार नाघेको छ । माघ ९ गतेका दिन महासंघले चाँदीको भाउ प्रतितोला ६ हजार १ सय ९० रुपैयाँ मूल्य निर्धारण गरेको थियो । यो मूल्य अघिल्लो दिनको तुलनामा ३ सय २० रुपैयाँ बढी हो । २०८२ माघ १४ गते चाँदीको मूल्य प्रतितोला ७ हजार ३ सय ७० रुपैयाँमा कारोबार भएको थियो । सुनको मूल्य बढ्नुमा चार-पाँच वटा कारण रहेका छन् । जसमा पहिलो कारण विश्वमा जनसंख्या निरन्तर बढ्नु र उत्पादन घट्नु पनि रहेको छ । तर, त्यसको दाँजोमा सुनको उत्पादन ह्वात्तै घटेको जानकारहरु बताउँछन् । दोस्रो, अन्तर्राष्ट्रिय जगतका ठुला लगानीकर्ताहरूले यस अगाडि घरजग्गा, सेयर कारोवार र व्यापारका क्षेत्रमा लगानी गर्दै आएका थिए ।

**सुनमा लगानी सुरक्षित**

घर जग्गा, सेयर कारोवार र व्यापार क्षेत्र सुस्त भएर लगानी आकर्षण घट्दा सुरक्षित पहेलो धातु सुनमा लगानी बढेको बताइन्छ । विश्व बजारमै कालो धनबाट सुन खरिद गरी लुकाउने प्रचलन बढेको दावी विज्ञहरुको रहेको छ । सुन थोरैथोरै खरिद, सानो ठाउँमा लुकाउन, आवश्यक पर्दा बेच्न, सडने, कुहिने, आगोले जलाउन नसक्ने भएकोले पनि आकर्षण बढेको हो ।

कालो धन प्रयोग भएर सुनको तस्करी बढिरहेकोले पनि निरन्तर मूल्य बढको बताइन्छ । अन्तरिम सरकारले भन्सार दरबन्दी खारेज गरेको छ । जसको फाइदा व्यवसायीहरुले आयात कम देखाएर बढी सुन भित्र्याएर बजारको मूल्य भन्दा सस्तो मूल्यमा सुन बिक्री गरिहेको अनुमान पनि भइरहेको छ । अझ अर्थ मन्त्रालयको नेतृत्वले भन्सार नाकामा जथाभावी, भनसुन र लेनदेनका आधारमा आफू अनुकूलका कर्मचारी खटाउँदा पनि राजस्व छलीका घटनाहरु बढेका छन् ।

त्यसरी खटिएका कर्मचारीहरुले आफनो स्वार्थपूर्तिका लागि भन्सार नाकाबाट राजस्व चुहावट गराएर लाभ उठाइरहेका छन् । जसका लागि अर्थ मन्त्रालयले कर्मचारी सरूवा मापदण्डअनुसार नगर्दा राजस्व प्रशासनमा बेथितिहरु बढ्दै गएका छन् । मन्त्री रामेश्वर प्रसाद खनालले भन्सार दरबन्दी खारेज गर्दा व्यापारीले सामान आयातको मूल्य, आयात गरेको माल वस्तुको परिणाम स्वघोषणा स्वयम्ले गर्दै आएका छन् ।

जसले गर्दा भन्सार कार्यालयले सोधखोज, जाँचबुझ गर्दैन । भन्सार मुल्यांकन हचुवाका भरमा र नक्कली खरिद बिलका आधारमा भन्सार महसुल लाग्दै आएको छ । जसले भन्सार महसुल राजस्व संकलन स्वत घटेको बताइन्छ ।

**आयात व्यापारीहरू किन खुसी ?**

भन्सार दरबन्दी खारेजपछि भन्सारबाट २० प्रतिशत राजस्व घटेको छ । व्यापारीले आयात गरेका सबै सामान बिक्री गरी भ्याट र अन्तशुल्क उठाइसक्दा पनि मालवस्तु स्टक देखाएर सरकारलाई भ्याट, अन्तशुल्क र आयकर तिरिरहेका छैनन । जसका कारण आयात व्यापारीहरूलाई कर छल्न थप सहयोग पुगेको छ । यहीकारण भन्सार प्रशासनदेखि आयात व्यापारीहरूसमेत खुशी हुँदै आएका छन् ।

सोही कारण यो अवधीमा लक्ष्यअनुसार भन्दा राजस्व १ खर्व भन्दा कम संकलन भएको अर्थ मन्त्रालय स्रोतले बताएको छ । अर्थमन्त्री खनालले आफू मन्त्री भएपछि साधारण खर्च कटौती र खर्चमा मितव्यतिता अपनाउने गरेका छन । ठेक्का लागेका तर काम अघि नबढेका तीन सय भन्दा बढी ठुला ठेक्का तोडिएका छन । तर, कर प्रशासनमा सुधार नगरिदा अर्थ मन्त्रालयको राजस्व लक्ष्य घटेको मन्त्रालयस्रोतले बताएको छ ।

# सात खर्ब ९७ अर्ब वैदेशिक व्यापार घाटा

*साँघु संवाददाता*

*काठमाडौं । भन्सार विभागले चालु आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक समीक्षा अवधिसम्ममा मुलुकले सात खर्ब ९७ अर्ब ४८ लाख बराबरको घाटा व्यहोरेको जानकारी दिएको छ । यो अवधिमा नेपालले कूल रू. १० खर्ब ८१ अर्ब चार करोड बराबरको वैदेशिक व्यापार गर्दा उक्त रकम बराबर घाटा व्यहोरेको तथ्याकं सार्वजनिक गरेको छ । विभागले गएको पुस मसान्तसम्म अर्थात ६ महिनाको वैदेशिक व्यापारको तथ्यांक हालै सार्वजनिक गरेको थियो । गत आर्थिक वर्षको सोही अवधिको तुलनामा यसवर्ष कूल वैदेशिक व्यापार १७ दशमलव ३६ र व्यापार घाटा १० दशमलव १५ प्रतिशतले बृद्दि भएको बिभाले जनाएको छ ।*

*२०८२ पुस मसान्तसम्ममा कूल रू. ९ खर्ब ३९ अर्ब दुई करोड २८ लाखको वस्तु आयात गरेको थियो । सो अवधिमा रू. एक खर्ब ४२ अर्ब एक करोड ८० लाख बराबरको मात्रै निर्यात गरेको विभागको भनाई रहेको छ । कूल वैदेशिक व्यापारमा आयातको हिस्सा ८६ दशमलव ८६ र निर्यातको हिस्सा १३ दशमलव १४ प्रतिशत रहेको बताइन्छ । वैदेशिक व्यापारमा नेपालको सबैभन्दा ठूलो साझेदारका रूपमा रहेको भारतसँग पछिल्लो ६ महिनामा रू. ५ खर्ब ३२ अर्ब ४५ करोड ६७ लाख बराबरको वस्तु आयात गरिएको विभाग स्रोत बताउँछ ।*




*भारतसँग मात्र घाटा ४ खर्ब १६ अर्ब*

*यो अवधीमा नेपालबाट भने रू. एक खर्ब १५ अर्ब ७४ करोड ३६ लाखको बस्तु निर्यात भएको छ । त्यसकारण यो अवधिमा मात्र छिमेकी भारतसँगको व्यापार घाटा मात्र रू ४ खर्ब १६ अर्ब ७१ करोड ३० लाख रहेको विभागले जनाएको छ । अर्को छिमेकी मुलुक चीनसँगको पछिल्लो ६ महिनाको व्यापार घाटा रू. १ खर्ब ९५ अर्ब ३६ करोड ८४ लाख रहेको बताइएको छ ।*

*चीनबाट रू. एक खर्ब ९६ अर्ब ९४ लाख बराबरको वस्तु आयात हुँदा रू ६४ करोड नौ लाख बराबरको मात्र निर्यात भएको विभागस्रोतले जानकारी दिएको छ । नेपालको व्यापार घाटा बृद्दि भइरहेका अन्यमा अर्जेन्टिना, संयुक्त अरब इमिरेट्स, इन्डोनेसिया, थाइल्यान्डलगायत मुलुकहरू रहेका छन । यसैगरी, मुलुकले व्यापार गर्दा नाफा गरेका मुलुकको शीर्ष स्थानमा भने डेनमार्क परेको छ । यो ६ महिनाको अवधीमा नेपालले सो मुलुकसँग रू. ९ करोड १५ लाखको आयात गरेको छ ।*

*निर्यात भने रू. ५१ करोड दुई लाख बरावर गरेको बताइएको छ । जसबाट नेपालले रू ४१ करोड ८६ लाख व्यापार नाफा आर्जन गर्न सफल भएको बिभागको दावी छ । उता, रोमानिया, स्वीडेन, इराक, नर्वेलगायत मुलुकसँग पनि सामान निर्यात गर्दा नाफा आर्जन गर्न सकेको छ ।*

***पेट्रोलियम पदार्थको आयात उच्च***

*चालु आवको ६ महिनाको यो अवधिमा पेट्रोलियम पदार्थको आयात सबैभन्दा उच्च रहेको तथ्याकंले देखाएको छ । बिभागका अनुसार चालु आवको पुस मसान्तसम्ममा रू. ५८ अर्ब २७ करोड ९२ लाख ७६ हजारको डिजेल आयात गरिएको छ । त्यसैगरी पेट्रोल रू. ३३ अर्ब सात करोड २१ लाख ६८ हजार बराबरको आयात गरिएको छ । साथै, खाना पकाउने ग्यास रू २७ अर्ब चार करोड २० लाख २६ हजार बराबरको आयात भएको बिभागको भनाई छ ।*

*यो अवधिमा रू. २३ अर्ब २९ करोड ८३ लाख २२ हजारको स्मार्टफोन आयात गरिएको छ । त्यसैगरी, रू. ५७ अर्ब ४३ करोड ६२ लाख २० हजार बराबरको अप्रशोधित सोयाविन तेल आयात भइसकेको छ । फलामजन्य वस्तु भने रू. १४ अर्ब चार करोड ९३ लाख बराबरको आयात भएको छ । वस्तु आयातबाट संकलिन यो अवधिको भन्सार राजस्व भने रू दुई खर्ब ३८ अर्ब ५३ करोड ५४ लाख १३ हजार बराबर रहेको बताइएको छ ।*

*त्यस्तै, नेपालले बढी निर्यात गरेका वस्तुहरुमा सोयाविन तेलको मात्रा उच्च देखिएको छ । यो अवधीमा रू. ५६ अर्ब आठ करोड २४ लाख २६ हजार बरावरको निर्यात भइसकेको छ । सात अर्ब १९ करोड ९५ लाखको अलैंची, चार अर्ब ७८ करोड ४४ लाखको सूर्यमुखी तेल, रू तीन अर्ब ११ करोडको कार्पेटलगायत बस्तु निर्यात गरिएको छ ।*

## प्रतिनिधि सभा निर्वाचन–२०८२

# एमालेका उम्मेदवारहरू को कहाँ कहाँ ?

● साँघु संवाददाता

काठमाठौं । अन्तरिम सरकार २०८२ फागुन २१ गते प्रतिनिधि सभा निर्वाचन सम्पन्न गर्नका लागि अन्तिम कसरतमा जुटेको छ । जसका लागि निर्वाचन आयोगले ०८२ माघ ६ गते मंगलवार उम्मेदवारी दर्ताको समय सिमा तोकेको थियो । सोहीदिन यसअघि सरकारको नेतृत्व गरेको नेकपा एमालले निम्न जिल्लाहरुमा तल उल्लेखित उम्मेदवारहरुलाई निर्वाचनका लागि उम्मेदवार तोकेको छ । जसअनुसार कोशी प्रदेशको ताप्लेजुङमा क्षितिज थेवेले उम्मेदवारी दर्ता गराएका छन् ।



पाँचथरबाट आइन्द्र सुन्दर नेम्वाङ र इलाम १ बाट काजीमान कागते र २ मा भने सुहाङ नेम्वाङ रहेका छन् । झापा १ मा रामचन्द्र उप्रेती, २ बाट देवराज घिमिरे, ३ मा हरिलाल राजवंशी, ४ बाट लालप्रसाद साँवा लिम्बु र ५ नम्वरबाट भने पार्टी अध्यक्ष केपी शर्मा ओलीले उम्मेदवारी दिएका छन् । यसैगरी संखुवासभाबाट डा.अर्जुन कार्की, धनकुटामा राजेन्द्र राई, तेह्रथुमबाट भानुभक्त ढकाल र भोजपुरबाट भने शेरधन राई उम्मेदवार बनेका छन् ।

त्यसैगरी, सुनसरी १ मा टिकाराम लिम्बु, २ बाट रेवतीरमण भण्डारी, ३ मा भगवती चौधरी र ४ बाट भने जगदीश प्रसाद कुशियत आगामी प्रतिनिधि सभाका उम्मेदवार रहेका छन । मोरङ १ बाट घनश्याम खतिवडा, २ मा दिलीपकुमार अग्रवाल, ३ मा इरनकुमार राई, ४ बाट जीवन घिमिरे, ५ बाट मनोज अग्रवाल र ६ मा भने विनोद ढकालले उम्मेदवारी दिएका छन। उता, सोलुखुम्बुमा कल्पना राई, खोटाङबाट देवविक्रम राई, ओखलढुंगामा अस्मिता थापा, यदयपुर १ मा दुर्गाकुमार थापा र २ बाट भने अम्बरबहादुर रायमाझी उम्मेदवार हरेका छन ।

**मधेस प्रदेश**

सप्तरी १ मा सुमनराज प्याकुरेल, २ बाट जियाउलहक अंसारी, ३ बाट ताराकान्त चौधरी र ४ मा भने गंगाप्रसाद चौधरी रहेका छन् । सिराहा १ बाट केदारनाथ यादव, २ मा नवीनकुमार यादव, ३ मा लिलानाथ श्रेष्ठ र ४ बाट भने बिल्टु साह उम्मेदवार बनेका छन । उता, धनुषा १ मा रामचन्द्र मण्डल, २ मा उमाशंकर अरगरिया, ३ बाट जुलीकुमारी महतो र ४ मा भने रघुवीर महासेठले उम्मेदवारी दर्ता गरेको सो पार्टीले जानकारी दिएको छ ।

महोत्तरी १ बाट लक्ष्मी महतो कोइरी, २ मा रामपरिक्षण यादवर ३ मा मनोजकुमार सिंह र ४ मा भने सरोजकुमार यादव उम्मेदवार रहेका छन । सर्लाही १ मा मनोज देवकोटा, २ बाट धर्मेन्द्र राय, ३ मा हरिप्रसाद उप्रेती र ४ मा भने रविसिंह कुशवाह उम्मेदवार छन । तयस्तै, रौतहट १ बाट अजयकुमार गुप्ता, २ मा शैलेन्द्र साह, ३ बाट कुन्दनप्रसाद कुशवाहा र ४ मा भने रामजी साह छन् ।

बारा १ मा अच्युतप्रसाद मैनाली, २ बाट बलवीर प्रसाद चौधरी, ३ मा ज्वालाकुमारी साह र ४ बाट भने कृष्णकुमार श्रेष्ठले उम्मेदवारी दिएको बताइन्छ । उता, पर्सा १ मा प्रदीपकुमार यादव, २ बाट रिमा यादव, ३ मा प्रमोद जैसवाल र ४ बाट भने जालिम मिया उम्मेदवार रहेका छन ।

**बागमती प्रदेश**

सिन्धुली १ मा प्रदीपकुमार कटुवाल क्षेत्री (केसी) र २ बाट मनोज जंग थापा उम्मेदवार बनेका छन । रामेछापमा माधव प्रसाद ढुंगेल, दोलखाबाट पार्वत गुरुङ, सिन्धुपाल्चोक १ मा होमनारायण श्रेष्ठ र २ बाट भने शेरबहादुर तामाङ उम्मेदवार बनेका छन ।

यस्तै, काभ्रेपलान्चोक १ मा अमित लामा र २ बाट अशोककुमार ब्याञ्जु श्रेष्ठले टिकट पाएका छन । धादिङ १ मा भूमी त्रिपाठी र २ बाट भने धनबहादुर घले छन । नुवाकोट १ मा बद्री मैनाली र २ बाट केशवराज पाण्डे उम्मेदवार रहेका छन । रसुवामा भने प्रेमबहादुर तामाङले उम्मेदवार बनेका छन । उता, चितवन १ मा कमलराज पाठक, २ बाट अस्मिन घिमिरे र ३ मा भने शंकरराज थपलियालाई सो पार्टीले टिकट दिएको छ । मकवानपुर १ मा रामेश्वर राना र २ बाट भने महेशकुमार बर्तौला उम्मेदवार छन ।

**राजधानी प्रदेश**

संघीय राजधानी काठमाडौं १ मा मोहन रेग्मी, २ बाट मणिराम फुयाल, ३ मा रामेश्वर फुयाल, ४ बाट डा. राजन भट्टराई, ५ मा इश्वर पोखरेल, ६ बाट अमनकुमार मास्के, ७ बाट प्रकाश श्रेष्ठ, ८ मा राजेश शाक्य, ९ बाट डा. अजयक्रान्ति शाक्य र १० मा भने विनोद श्रेष्ठले उम्मेदवारी दिएको बताइन्छ ।

उता, ललितपुर १ मा चेतनाथ सञ्जेल, २ बाट प्रेमबहादुर महर्जन र ३ बाट भने सन्दक थापा मगर उम्मेदवार बनेका छन । भक्तपुर १ बाट सोमप्रसाद मिश्र र २ मा भने महेश बस्नेतले उम्मेदवारी दिएका छन ।

**गण्डकी प्रदेश**

नवलपुर १ मा भागिरथ सापकोटा र २ बाट तिलबहादुर महत क्षेत्री रहेका छन । गोर्खा १ मा रामचन्द्र लामिछाने, र २ बाट भने मिलन गुरुङ उम्मेदवार छन । लमजुङमाबाट पृथ्वीसुब्बा गुरुङ, तनहुँ १ मा भगवती न्यौपाने र २ बाट केदार सिग्देलले उम्मेदवारी दिएका छन । स्याङजा १ मा मीनप्रसाद गुरुङ र स्याङजा २ बाट भने खिमबहादुर थापाले उम्मेदवारी दिएका छन ।

उता, म्याग्दीमा हरिकृष्ण श्रेष्ठ, कास्की १ बाट बैनबहादुर अधिकारी क्षेत्री, २ मा कृष्णबहादुर थापा र ३ बाट भने दामोदर पौडेल वैरागीले उम्मेदवारी दिएको सो पार्टीले जनाएको छ । बाग्लुङ १ मा हिराबहादुर केसी र २ बाट भने मञ्जु शर्मा चालिसे उम्मेदवार बनेका छन । मुस्ताङमा इन्द्रधारा डादु विष्ट, मनाङबाट पोल्देन छोपाङ गुरुङ र पर्वतमा भने पूर्वमन्त्री पदम गिरीले उम्मेदवारी दिएको बताइन्छ ।

**लुम्बिनी प्रदेश**

त्यस्तै, नवलपरासी १ मा रामप्रसाद पाण्डे र २ बाट भगौतीप्रसाद यादव बनेका छन । रुपन्देही १ मा दधिराम न्यौपाने, २ बाट विष्णुप्रसाद पौडेल, ३ मा वासुदेव घिमिरे, ४ बाट प्रमोद यादव र ५ मा भने खिमलाल भट्टराई उम्मेदवार छन । कपिलवस्तु १ बाट विश्राम चौधरी, २ मा दीर्घनारायण पाण्डे र ३ मा भने नेपाली काँग्रेसबाट सो पार्टीमा नवप्रवेशी वीरेन्द्र कुमार कनौडियाले उम्मेदवारी दिएका छन । दाङ १ मा रेवतीरमण शर्मा घिमिरे, २ बाट पार्टीका महासचिव शंकर पोखरेल र ३ मा घनश्याम पाण्डे उम्मेदवार भएका छन ।

उता, बाँके १ मा सूर्यप्रसाद ढकाल, २ बाट मोहम्मद इस्तियाक राई र ३ मा भने दलबहादुर सुनारले उम्मेदवारी दिएको बताइन्छ । बर्दिया १ बाट शालिकराम अधिकारी र २ मा भने विमला विकले टिकट पाएकी छिन । रुकुमपूर्वमा लिलामणी गौतम, रोल्पाबाट गोकुलप्रसाद घर्ती मगर र प्युठानबाट भने सुर्यबहादुर थापा क्षेत्री उम्मेदवार रहेका छन । त्यसैगरी, अर्घाखाँचीमा पिताम्बर भुषाल, गुल्मी १ मा प्रदीपकुमार ज्ञवाली र २ बाट भने गोकर्णराज विष्टले उम्मेदवारी दर्ता गराएको बताइन्छ । यस्तै, पाल्पा १ मा नारायण प्रसाद आचार्य र २ बाट भने रामबहादुर राउत उम्मेदवार बनेका छन ।

**कर्णाली प्रदेश**


सल्यानबाट गुलावजंग शाह, रुकुमपश्चिमबाट नन्दराम देवकोटा, सुर्खेत १ मा ध्रुवकुमार शाही र २ मा भने कुलमणि देवकोटा रहेका छन । कालिकोटमा नागिन्द्र शाही, जुम्लाबाट शान्तिलाल महत, मुगुमा पूर्णबहादुर रोकाय, हुम्लामा दल फडेरा, डोल्पाबाट लंकबहादुर रोकायाले उम्मेदवारी दर्ता गराएको सो पार्टीले जनाएको छ ।

उता, दैलेख १ मा रवीन्द्रराज शर्मा र दैलेख २ बाट भने लक्ष्मीप्रसाद पोखरेल उम्मेदवार रहेका छन । जाजरकोटबाट भने डम्बरबहादुर सिंहले उम्मेदवारी दर्ता गराएको बताइन्छ ।

**सुदूरपश्चिम प्रदेश**

कैलाली १ मा द्वारिकाप्रसाद न्यौपाने, २ बाट सूर्यबहादुर थापा, ३ मा गौरीशंकर चौधरी (थारु), ४ बाट लेखराज भट्ट र ५ मा भने यज्ञराज ढुंगानाले उम्मेदवारी दर्ता गरेका छन । कञ्चनपुर १ मा तारा लामा तामाङ, २ बाट बच्चन बहादुर सिंह र ३ मा भने डा.दीपकप्रकाश भट्ट उम्मेदवार रहेका छन ।

उता, अछाम १ मा झपटबहादुर बोहरा र २ मा भने यज्ञवहादुर बोगटीले उम्मेदवारी दिएको बताइन्छ । बाजुरामा लालबहादुर थापा, डोटीबाट दीपक धामी, डडेल्धुराबाट चक्रप्रसाद स्नेही, बैतडीबाट दामोदर भण्डारी, बझाङमा ऐन महर र दार्चुलामा भने गणेशसिंह ठगुन्नाले उम्मेदवारी दिएका छन ।



# अर्थात् : जेमन्त



– शरदराज गौतम –

*चुनाव हुन लगभग एक महिना बाँकी रहँदाको अवधि*
*उम्मेदबारहरुले पालना गर्नुपर्ने मौन अवधि होइन ।*
*नेपाली समाज विशेषगरि नेपाल खाल्डोमा*
*यतिखेर निर्वाचन आयोगको मौन अवधि पालना भएको पनि होइन ।*
*तर, मानिसहरु बोल्न बन्द गरिराख्या देखिन्छन् ।*
*चुनाव माहौल आफ्नो स्वभावमा अघि बढिरहँदा*
*मानिसहरु बोल्न बन्द गरि चुपचाप बस्छन् ।*
*यो काठमाण्डौं खाल्डोको रैथाने दृश्य हो ।*
*सामाजिक जीवनमा चुनावलाई लिएर चुप्पी टाल्नु भनेकै*
*चुनावलाई लिएर मानिसहरुमा संशय बढ्दै गएको छ भनेर बुझ्दा हुन्छ ।*
*चुनावै पो नहुने हो कि भन्ने फुसफुसाहट हुन थालेको छ ।*
*भनिन्छ, मानसिहरु चुनाव भन्दा पनि*
*मुलुकमा आउन खोजेको आकस्मिकतासित डराई रहेका छन् ।*
*त्यो डर यतिखेर,*
*बालेन चुनाव अभियान रोकेर काठमाण्डौं फिर्दा पनि आएको छ ।*
*गगन काठमाण्डौ ओर्लिंदा पनि आएको छ ।*
*ओली त्यसै बोल्दैनन्, पुनर्स्थापनाको हतारो छ भनेर ।*
*सबलाई थाहा छ, काठमाण्डौंमा छिपाको घ्याम्पो किन फुट्छ ।*
*आकस्मिकता काठमाण्डौंका रैथानेहरुले*
*घरिघरि बेहोरेको विषय हो ।*
*बिजुली गारदको ओहोरदोहोरले*
*तिनको निन्द्रा धेरै पटक बिग्रिएको पनि हो ।*
*काठमाण्डौंमा घ्याम्पाहरु हल्लिएर फुट्ने नै होइन ।*
*त्यसै पनि छिपाको छिंडीमा आँधिबेहरी चल्ने पनि होइन ।*
*सबलाई थाहा छ, काठमाण्डौंमा कान साटा साटको विनिमय चल्छ ।*
*र, आशंकाहरुको टेलिप्याथी हुन्छ ।*
*यतिखेर, पूर्वी तराईमा चुनावी माहौल*
*भट्टी भट्टीमा पैसा पुगेर आएको नै होइन ।*
*उम्मेदबारका कार्यकर्ताहरुको अनपेक्षित*
*भीडभाडले तयार गरेको हो ।*
*मानिस उत्तर-दक्षिण नभनि चुनावमा हेलिएका छन् ।*
*चुनाव फगुवामा मेहमानलाई निम्तो गरिगरि आएको हो ।*
*मधेशमा चुनाव फगुवा बोकी आएकोले पनि हो ।*
*छेलोखेलो त भन्दिन, तर सबको हातेमालोमा*
*अर्थतन्त्र चलमलाएको महसुस सबलाई भएको छ ।*
*राज्य सत्ताको ओहोरदोहोरले पनि होला कि*
*नेपाल खाल्डोमा देखिएको सामाजिक सन्नाटाले*
*अर्थोकै भन्न खोजिरहेको छ ।*
*जो देखिएको हुन्छ, त्यो हुँदैन ।*
*र, नदेखिने विषय बुझिएकै हुन्न ।*
*राजनीतिको स्वार्थ्य पाक्ने भाँडो*
*छिपाको घैंटो हो ।*
*काठमाण्डौंको सामाजिकतामा यो बढी चपाएर बोलिन्छ ।*
*यहाँका गल्ली र चोकहरुले धेरै पटक*
*सिन्दुर जात्रा र रगतका आहाल भेटेका छन् ।*
*जो जो सुशासनको बान्ता गर्दछन्*
*तिनले बोकेका जंगबहादुरको दुस्साहस मात्रै हो ।*
*र, जसजसले सिंहदरबार खोजेका हुन्*
*तिनमा चन्द्रशम्सेरको पिचास मात्रै पसेको हो ।*
*धरोधर्म, हाथमा मतपत्र बोकेर धैर्य देखाउनेहरुलाई*
*यो मुलुक बाजको शिकार अभ्यास मात्रै हो ।*
*त्यसैले पनि काठमाण्डौंमा यतिखेर मौन अवधि शुरु भएको छ ।*
*को जंगबहादुर र को सिंहदरबार ।*
*चिसो स्याँठलाई खास्टो ओढेर थ्वः बोकि हिंड्ने मलामीमा*
*थ्वः र धुप अघि लाएर चुनाव ढ्वाँकासी हुँदोछ ।*

## सेनाका २ थान...

लटमा अर्को एमआई-१७ हेलिकप्टर (NA-०५३) लाई सेटिङ र मिलेमतोमा भारतको मद्रासस्थित सोही शंकास्पद कम्पनी एमडीएसएल पठाइएको थियो । यस पटक ५० करोड भारतीय रुपैयाँ बराबरको मर्मत ठेक्का सम्झौतामा राखी हेलिकप्टरलाई हतारहतार खोलखाल पारेर कन्टेनरमा राखी अनियमित तरिकाले स्थानान्तरण गरिएको सैनिक स्रोत बताउँछ ।

यी हेलिकप्टरहरू नेपाली सेनाले आपतकालीन उद्धार, विपद् व्यवस्थापन र सुरक्षा अपरेसनमा नियमित प्रयोग गर्दै आएको थियो । स्रोतका अनुसार, हालको अमेरिकी डलरको मूल्य अनुसार, प्रत्येक हेलिकप्टरको मूल्य करिब ६ अर्ब रुपैयाँ आसपास रहेको छ ।

अर्बौं मूल्यका सैन्य सम्पत्ति मर्मतको नाममा विदेश पठाएर न समयसीमा पालना गरिएको छ, न प्रगति विवरण सार्वजनिक गरिएको छ, न राज्यका जिम्मेवार निकायबाट जवाफदेहिता देखिएको छ । यसले यो प्रकरण सामान्य प्रशासनिक लापरबाही होइन, राष्ट्रिय सम्पत्तिमाथि भएको गम्भीर खेल भएको आशंका बलियो बनाएको छ ।

अब प्रश्न स्पष्ट छन्-अख्तियार दुरुपायोग अनुसन्धान आयोगले कहिले चासो लिएर खनुसन्धान अगाडि बढाउछ ? अन्तरिम सरकारले कहिले जवाफ दिन्छ ? र नेपाली सेनाका हेलिकप्टर साँच्चै मर्मत हुँदैछन् कि इतिहासकै सबैभन्दा महँगो 'बेपत्ता' काण्ड बन्दैछन् ?

*(विस्तृत विवरण हेर्नुस्, साँघु साप्ताहिक, २०८१ पुस १८ गते र पुस १५ गते)*

## गगन थापा...

सर्लाही-४ मा गगन थापा पनि रेडजोनमा रहेको बताइन्छ। पछिल्ला दिनमा बालेन शाहको प्रभाव परेपछि सर्लाहीमा अमरेश सिंहको पक्षमा माहोल बन्ने संभावना रहेको देखिएपछि एमालेको साथ नहुँदा थापालाई समस्या हुने देखिएको विश्लेषण भइरहेको छ । त्यसैले, यो पटक कांग्रेस निकै ठूलो अप्ठ्यारोमा पर्ने संभावना रहेको बताइन्छ ।

## निर्वाचनको तापक्रम...

यदि 'फलाम तातेको बेला' वा जेनजी आन्दोलनको राप सेलाउन नपाउँदै छिटो निर्वाचन भएको भए नयाँ शक्तिहरूले अफवाह, हल्ला र भय-अन्योलताको फाइदा उठाउँदै नतिजा आफ्नो पक्षमा पार्न सक्थे । तर अहिले अवस्था क्रमशः सामान्यीकरणतर्फ उन्मुख छ । नयाँ भनिने शक्तिहरू एकसरो प्रचार गरेर थकाइ मार्ने अवस्थामा पुगेका छन् भने पुराना दलका नेताहरू गाउँ-गाउँसम्म पुगेर मतदाता भेट्न थालेका छन् ।

निर्वाचन प्रचारका क्रममा पुराना दलका नेताहरूले नयाँ शक्तिहरूको 'भण्डाफोर' गर्ने रणनीति अपनाएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीलगायत नयाँ उम्मेदवार तथा कार्यकर्तासँग प्रतिकार गर्दै आफ्ना परम्परागत मतदाता जोगाउने प्रयास तीव्र बनेको छ । कतिपय स्थानमा प्रतिबद्ध मतदाताहरूले "अहिले उडन्तेहरूलाई किन भोट दिने ? हामी पुराना दलकै सिद्धान्त मान्ने मानिस हौं" भन्ने अडान लिन थालेका छन् । केही मतदाताहरूले पार्टी नबदल्ने इस पटक भोट बदल्ने पनि भन्दैछन् । केही स्थानमा झडपसमेत भएका छन् । यसले नयाँ भनिने शक्तिहरूको 'क्रेज' बिस्तारै घट्दै गएको संकेत गर्छ ।

केही मानिस बालेन शाहको पूर्व-पश्चिम भ्रमण र घण्टीको पक्षमा देखिए पनि कतिपयले यसलाई केवल 'चटक' हेर्न भेला भएको भीडका रूपमा व्याख्या गरेका छन् । काठमाडौँबाहिर बालेनलाई हेर्न आउने भिडलाई 'डिजिटल अराजकता' को प्रदर्शन ठान्नेहरू पनि छन् । उनी जहाँ जाने भए पनि त्यसको अघिल्लो दिन सामाजिक सञ्जालमार्फत व्यापक प्रचार हुने र सोही सूचनाका भरमा नयाँ पुस्ता भेला हुने गरेको देखिन्छ । यस्तो भेलाको राजनीतिक अर्थ र मतदानमा ठोस प्रभाव नपर्ने विश्लेषण पनि भइरहेको छ ।

अर्कोतर्फ, पुराना राजनीतिक दलहरूको प्रतिनिधिसभा पुनःस्थापना गराउने रणनीति अब करिब असफल भइसकेको देखिन्छ । नेपाली कांग्रेसका केही सांसदले प्रधान न्यायाधीशलाई भेटेर रिटको टुङ्गो लगाइदिन आग्रह गरेको तर भेट अस्वीकार भएको विषय सार्वजनिक भइसकेको छ । यो दबाबको रणनीति विफल भएसँगै निर्वाचनअघि यो मुद्दामा बहस हुने सम्भावना न्यून देखिन्छ ।

काठमाडौँमा समेत निर्वाचनको खासै रौनक छैन । जेनजी आन्दोलनका केही घाइते तथा पीडितहरू अहिले पनि माइतीघर मण्डलामा धर्नामा छन् । उनीहरूले त्यहाँ पुग्ने नेता र उम्मेदवारहरूप्रति आक्रोश पोख्ने गरेका छन्। उनीहरूको प्रश्न छ-"जेनजी आन्दोलनबाट आन्दोलनकारीले के पाए ? मुलुकमा के सुधार भयो ? के २०८४ को निर्वाचन २०८२ मै सार्न आन्दोलन गरिएको हो ? भ्रष्टाचार नियन्त्रण खोइ ?" यी प्रश्नका अगाडि नयाँ उम्मेदवारहरू अनुत्तरित भएर फर्किन बाध्य भएको देखिन्छ ।

यी सबै परिदृश्य हेर्दा निर्वाचन त निश्चित छ, तर नतिजा अनुमानभन्दा फरक आउन सक्ने सम्भावना बढ्दै गएको छ । हाल जित्ने ठानिएका बालेन शाह, कुलमान घिसिङ, हर्क साम्पाङ र रवि लामिछानेजस्ता पात्रहरूले पनि कडा प्रतिस्पर्धा व्यहोर्नु पर्ने संकेत देखिन थालेको छ । कारण स्पष्ट छ- वयस्क मतदाता राजनीतिक चिन्तन खोज्छन्, शिक्षित मतदाताले नीति र घोषणापत्र विश्लेषण गर्छन्, गाउँले मतदाताले सेवा-सुविधा हेर्छन् र युवाले भविष्यको स्पष्ट मार्गचित्र खोज्छन् ।

मतदाता रिझाउन केवल अरूलाई गाली गरेर मात्र पुग्दैन । पछिल्लो समय दलहरूसँग आजित भएर नयाँको पछि लागेका मतदातासमेत अहिले "पुरानोमा कम्तीमा शान्ति-सुरक्षा त थियो, नयाँ को के ठेगान ?" भन्दै आफ्नै पुरानो दलतर्फ फर्किन थालेका छन् । समग्रमा, पुराना शक्तिहरू पूर्ण रूपमा सोत्तर हुने र नयाँले मात्र बागडोर सम्हाल्ने अवस्था देखिँदैन । बरु पुरानाहरूको मनोबल बढ्दै गएको र नयाँको लहर बिस्तारै थिग्रिँदै गएको अनुभूति हुन्छ ।

## सचिव पौडेललाई...

चयन गरिदै आएको छ । पूर्वअर्थ सचिवसमेत रहेका मन्त्री खनालले भने यसपटक ती परम्परागत मान्यतालाई लत्याएको बताइन्छ। त्यतिमात्र होइन, सचिव पौडेललाई कुन स्वार्थले संचालक समितिको अध्यक्षमा सिफारिस गरेका हुन् भन्ने अर्थका कर्मचारीहरुले भेउ पाउन सकिरहेका छैनन् ।

प्राधिकरणका तत्कालीन अध्यक्षको योग्यता सम्वन्धी विवाद सतहमा आएपछि सर्वोच्च अदालतले नै अयोग्य ठहराएको थियो । त्यसपछि मन्त्रालयले हाल आन्तरिक राजश्व विभागको नेतृत्व गरिरहेका सहसचिव मदन दाहाललाई अध्यक्षको जिम्मेवारीमा खटाएको थियो । तर, ०८२ भदौ अन्तिमसाता खनालले अर्थ मन्त्रालयको नेतृत्व गरिरहँदा प्राधिकरणको नेतृत्व भने मन्त्रालयकै सहसचिव सेवन्तक पोखरेलले गरिरहेका थिए । आफूले मन्त्रालयको नेतृत्व गर्नासाथ मन्त्री खनालले आन्तरिक राजश्व विभागमा कार्यरत उप-महानिर्देशक जिल्लाबासी सहसचिव जनकराज शर्मालाई दिएका थिए ।

मन्त्री स्वयम्ले रोजेर पठाएका सहसचिव शर्मालाई एकाएक झिकेर सचिव पौडेललाई पठाएपछि मन्त्रालयका कर्मचारीहरु चकित मात्र नभएर आश्चर्य व्यक्त गर्न थालेका छन् । अब भोलिका दिनमा यस्तो परिस्थिति विकसित भएको खण्डमा मन्त्रालयले सचिव वा सहसचिवलाई कसलाई बोर्डमा खटाउने भन्ने थप अन्योलता सिर्जना गरेको बताइन्छ । लेखासमूहबाट निजामती प्रशासनमा प्रवेश गरेका खनाल सहसचिव हुँदै सचिवमा बढुवा भएपछि भने राजश्व र अर्थ दुवै सचिवको भूमिकामा रहेर कामकाज गरेका थिए ।

तत्कालीन अर्थमन्त्री भरतमोहन अधिकारीसँग कामगर्ने शैली नमिलेको कारण उनले राजीनामा दिएर हिंडेको बताइन्छ । त्यसैले, पछिल्लो समय मन्त्रालयको नेतृत्व गर्ने अवसर प्राप्त गरेका मन्त्री खनालले लेखासमूहमा सँगसँगै काम गरेका पूर्व सहकर्मीहरुलाई महत्वपूर्ण जिम्मेवारीमा खटाउने गरेको आरोप उनीमाथि लाग्ने गरेको छ । भरखरै मात्र मन्त्री खनालले मन्त्रालयमा एकसे एक अनुभवी सहसचिवहरु हुँदाहुँदै ठूला करदाता कार्यालयको रिक्त प्रमुख कर प्रशासकमा गृह मन्त्रालयबाट सरुवा गरेर केदारनाथ शर्मालाई सिंधै खटाएका थिए । जसका कारण मन्त्रालयका कर्मचारीहरुमा थप असन्तुष्टि बढेको बताइन्छ ।

त्यतिमात्र, नभएर मन्त्री खनालकै सहकर्मी तथा लेखा समूहकै कर्मचारी भएकोले शर्मालाई सो अवसर दिएको हुनसक्ने अनुमान अर्थका कर्मचारीहरुले लगाएका छन् । त्यस्तै, मन्त्री खनालले लेखा समूहकै सहकर्मी एवम् सँगै काम गरेका अर्का सहसचिव विष्णुप्रसाद ज्ञवालीलाईसमेत वीरगंज भन्सार कार्यालयबाट केही समय अगाडि मात्र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयको प्रमुख भन्सार प्रशासकको जिम्मेवारीमा सरुवा गरेका छन् ।

सामान्य सचिव पौडेलसमेत पनि लेखा समूहकै पूर्व सहकर्मी भएकोले प्राधिकरणको अध्यक्षको जिम्मेवारी दिएको स्रोतको बुझाई रहेको छ। पछिल्लो समय मन्त्री खनालले अनुभव, क्षमता, कार्य सम्पादनका आधारमा भन्दा पनि आफ्ना पूर्व सहकर्मीहरुलाई रोजी रोजी नयाँ अवसरहरु दिइरहेको आरोप खेप्दै आएका छन् ।

## रास्वपाः ...

लगाउन खोजेका छन् । वाग्ले पहिलादेखि नै डीपीलाई किनारा लगाउन चाहन्थे । डीपी र रविको विश्वासलाई दुश्मनीमा बदलेर आफ्नो रणनीति अनुसार पार्टी कब्जा गर्न चाहन्थे । त्यसमा अहिले सफल हुन थालेको टिप्पणी रास्वपाभित्र हुन थालेको छ । डीपीसँग रविको सम्बन्ध अविश्वासिलो बन्न थालेको स्रोतहरुले उल्लेख गरेकाछन् । रवि जेलमा हुँदाका केही आर्थिक विवाद पनि रास्वपाभित्र उठ्न थालेका छन् ।

स्रोतको दाबी अनुसार, डीपीलाई अहिले काठमाडौ-९ बाट हराउनुपर्ने तर्क गर्नेको संख्या पनि बढेको छ । रास्वपाभित्र यो गाईगुई चलेको छ । डीपीले यो कुराको सुइँको भने पाइसकेका छन् । त्यसैले, उनी पनि वाग्लेलाई हराउनुपर्ने पक्षमा देखिन थालेका छन् । अर्थात एकले अर्कोलाई हराउने गरी डीपी र स्वर्णिमको भित्री चलखेल हुन थालेको छ । यो भनेको भोलि रास्व पार्टी कसले कब्जा गर्ने भन्ने रणनीतिसँग जोडिएको पनि स्रोतको दाबी छ । डीपीसँगै लामिछानेनिकट केही नेताहरुलाई चुनावमा हराउनुपर्ने पक्षमा वाग्लेको समूह सक्रिय रहेको छ । त्यसैले, यो द्वन्द्व भूसको आगोजस्तै सल्किएको छ ।

अर्कातिर बालेनसँग पनि लामिछाने र वाग्लेको सम्बन्ध भने दूरीमा हुन थालेको छ । बालेनको सक्रियताले पार्टी कब्जा गर्ने नीति लिन खोजेको अर्थमा पनि विश्लेषणा भइरहेको छ । त्यो विश्लेषण अनुसार रास्वपाबाट चुनाव जितेपछि बालेनले आफ्नै पार्टी बनाउने र चल्ने अनुमान पनि भइरहेको छ । अहिलेको देशदौडाहा अभियान त्यसरी नै पार्टीको नेटवर्क बनाउने नीति अनुसार बालेनले बनाउन खोजेको रास्वपाभित्र व्याप्त रहेको छ। सोहीकारण अहिले लामिछाने र बालेनवीच कुराकानी पनि पातलो रहेको बताइन्छ। लामिछानेलाई पार्टी कब्जा होला भन्ने डर रहेको भन्दै रास्वपाभित्र बालेनलाई के गर्ने भन्नेमा चर्चा हुन थालेको छ । देशविकास पार्टीलाई अघि बढाउने नीति अनुसार बालेनले रास्वपाभित्रका असन्तुष्टलाई भेट गरेको चर्चा पनि रास्वपाभित्र चलेको छ ।

त्यसैले चुनावअघि नै भद्रगोल देखिएको रास्वपा चुनावको कस्तो नतिजा ल्याउँछ र त्यसपछि नेताहरु रवि बालेनले कस्तो भूमिका निर्वाह गर्छन् भन्ने चासोको विषय बनेको छ । जब रास्वपाका अन्य नेताहरु घरदैलो अभियानमा लाग्छन् त्यसपछि रास्वपाको माहोल कस्तो हुन्छ ? भन्नेले पनि उनीहरुको नतिजा आंकलन गर्न सकिन्छ ।

## सरकारी अस्पताल...

कर्मचारीहरू बढी हावी हुँदा सेवा प्रवाहमा ढिलासुस्ती बढेको र निजामती कर्मचारीहरू निरीह बन्न बाध्य भएको पीडितहरूको गुनासो छ । अस्पतालका लागि आवश्यक सामग्री, स्वास्थ्य उपकरण, सरसफाइ, स्टेशनरी, छपाइ तथा औषधि खरिद कार्यमा समेत समितिका कर्मचारीहरूको सेटिङ्गको प्रभाव रहेको बताइन्छ ।

पीडित कर्मचारीहरूका अनुसार नयाँ सरुवा भएर गएका कतिपय निजामती कर्मचारीहरूलाई विभिन्न आरोप लगाएर काम गर्नसमेत अवरोध पुऱ्याइने गरेको छ। समितिमार्फत कार्यरत कर्मचारीहरूले फार्मेसी, ल्याब, एक्स-रेलगायत सेवाबाट प्राप्त आम्दानीबाट अतिरिक्त सुविधा उपभोग गरिरहेका छन् । यही कारण उनीहरूले यी क्षेत्रमा सरकारी कर्मचारीलाई सहज पहुँच नदिने तथा खरिद प्रक्रियामा जानकारी दिए पनि संलग्न नगराउने गरिएको गुनासो छ ।

समितिमार्फत नियुक्त कर्मचारीहरू अस्पताल बाहिर कतै सरुवा नहुने भएकाले उनीहरू जरा गाड्दै गएर सेटिङ र धन्दाको प्रवृत्ति झन् मौलाउँदै गएको बताइन्छ ।

स्वास्थ्य मन्त्री सुधा गौतम र सचिव विकास देवकोटाको ध्यान यी विषयमा पर्याप्त रूपमा जान नसकेको कर्मचारीहरूको गुनासो छ । जेन्जी आन्दोलनपछि नियुक्त मन्त्री गौतमलेसमेत अस्पतालहरूको बेथिति, सेवा प्रवाह र विगतमा भर्तिकेन्द्र बनेका समितितर्फ गम्भीर चासो देखाउन नसकेको आरोप छ । यसले मन्त्रालय र मातहतका निकायमा कार्यरत कर्मचारीहरूले परिवर्तनको अनुभूति गर्न नसकेको उनीहरूको भनाइ छ । यसअघि मन्त्रालयको नेतृत्व गरेका मन्त्रीहरूले ओएण्डएम सर्वे नगरी आवश्यक दरबन्दीभन्दा बढी कर्मचारी भर्ना गरेको आरोप पनि लागेको छ ।

वर्तमान अन्तरिम सरकारले सुशासनको नारा दिए पनि मन्त्रालयअन्तर्गतका यस्ता बेथिति र अनियमितता न्यूनीकरणमा ठोस कदम नचालिएकोप्रति इमान्दार कर्मचारीहरूले आश्चर्य व्यक्त गरेका छन् ।

यता, राजनीतिक दबावका आधारमा विकास समितिमार्फत सबैभन्दा बढी कर्मचारी कान्तिबाल अस्पतालमा भर्ना गरिएको बताइन्छ । अस्पताल स्रोतका अनुसार त्यहाँ नुवाकोट जिल्लाका कर्मचारीहरूको संख्या अस्वाभाविक रूपमा बढी छ । राजनीतिक पहुचका आधारमा अनावश्यक रूपमा भर्ना गरिएका कर्मचारीहरूले मन्त्रालय र विभागबाट खटिएका कर्मचारीहरूलाई असहयोग गर्दा लोकसेवा पास गरेर सेवा प्रवेश गरेका कतिपय कर्मचारी हिनताबोधमा जागिर खाइरहन बाध्य भएको गुनासो पनि गरेका छन् ।

## निर्वाचनको घडीमा...

पनि जनसाधारणले त्यसको आलोचना गर्नुहुँदैन भन्ने दृष्टिकोण राखियो भने स्वाभाविक रूपमा त्यस्तो दृष्टिकोणको आलोचना पनि हुन्छ ।

प्रजातन्त्रमा आफूलाई चित्त नबुझेको कुरा र कामको आलोचना गर्ने अधिकार सबै नागरिकले पाएका हुन्छन् । त्यसैले न्यायालयहरूले पनि आलोचनाको आवाज रोकेर होइन, आफ्ना काम-कारबाहीबाट आलोचनाको जवाफ दिनुपर्छ ।

यस सन्दर्भमा न्यायपालिकाका फैसलाहरूलाई जनसाधारणले स्वतन्त्र र निष्पक्ष महसुस गरेको देखिन्छ कि देखिँदैन, न्यायाधीशहरू स्वतन्त्र तथा आग्रह वा पूर्वाग्रहमुक्त देखिन्छन् कि देखिँदैनन्, न्यायपालिकाले सार्वजनिक सरोकारका मुद्दाहरूको समयमा फैसला गर्छ कि गर्दैन, न्यायपालिकाले कानुनी व्यवस्थाको साटो सडकको भीड हेरेर फैसला गर्छ कि गर्दैन, कमजोर व्यक्ति पीडित छ भने उसलाई न्याय मिल्छ कि मिल्दैन, एउटै कसुरमा कसैलाई एउटा र अरू कसैलाई अर्को दण्ड सजायँ गर्छ कि गर्दैन भन्ने जस्ता कुराको आधारमा न्यायपालिकाप्रति जनताको दृष्टिकोण निर्माण हुन्छ भन्ने तथ्यलाई न्यायमूर्तिहरूले पनि स्मरण गर्नुपर्छ ।

सोअनुसार अदालतका काम-कारबाहीलाई आफ्ना फैसलामार्फत स्वच्छ, निष्पक्ष र निर्धारित समयसीमाअनुकूल बनाउने प्रयत्न गर्नुपर्छ भन्ने मान्यता समेत रहेको हुन्छ। नेपालको अदालत र अदालतका काम-कारबाहीको मूल्यांकन पनि यी र यस्तै सार्वभौम मूल्यका आधारमा हुन्छ र हुनु पनि पर्छ भन्ने मान्नुपर्छ ।

न्यायको निरूपण गरेर मात्रै हुँदैन, न्यायको निरूपण समयमा गर्नुपर्छ र मात्र वास्तविक रूपमा न्याय भएको मानिन्छ भन्ने मान्यता पनि छ । गर्नुपर्ने समयमा निर्णय भएन र निर्णयको प्रभाव पर्ने समय घर्केपछि निर्णय भयो भने त्यस्तो निर्णय निरर्थक मानिन्छ र त्यसबाट अन्याय हुन पुग्छ भन्ने आम मान्यता पनि रहेको पाइन्छ ।

प्रतिनिधिसभाको निर्वाचनका लागि तोकिएको मिति आउन अब एक महिना मात्रै बाँकी छ । न्यायपालिकामा प्रतिनिधिसभाको पुनर्स्थापनाको माग गर्दै दायर भएको मुद्दाको अहिलेसम्म टुंगो लागेको छैन । निर्वाचन आयोग र सरकार दुवैले निर्वाचनको तयारी अघि बढाएका नै होलान्। त्यस क्रममा अहिलेसम्म साधन र स्रोत पनि खर्च भएको होला ।

संसद् पुनर्स्थापना सम्बन्धी मुद्दाको अहिलेसम्म फैसला नभएकै कारण समाजमा २०८२ फागुन २१ गते चुनाव हुने हो कि होइन भन्ने द्विविधा देखिन्छ । यस्तो द्विविधाका कारण निर्वाचनको प्रचार-प्रसारले अपेक्षित गति लिन नसकेको अनुभूति पनि जनसाधारणले गरेका छन् ।

अदालतले सो मुद्दालाई प्राथमिकता दिएर अघि बढाएको भए समाजमा निर्वाचन फागुन २१ गते हुँदैन कि भन्ने आशंका यति धेरै रहने थिएन भन्ने मत एकथरी विश्लेषकहरूले राख्दै आएका छन् । न्यायपालिकाले समाजको विश्वास आर्जन गर्न जन आस्था वृद्धिका लागि न्यायपालिकामा दायर भएका मुद्दाहरूमा समयमा निर्णय लिने क्षमता, साहस र जाँगरको प्रदर्शन गर्न जरुरी देखिन्छ । जुन कामको वैधताको विषयमा प्रश्न उठेको छ, त्यो कामको वारपार भइसकेपछि मात्र निर्णय लिने प्रवृत्तिलाई समाजले साहस, बुद्धिमत्ता, न्याय तथा सामयिकताको दृष्टान्तका रूपमा होइन, कमजोरीका रूपमा लिन्छ भन्ने कुरामा पनि समाजका सबै पक्षको ध्यान जान जरुरी देखिन्छ ।

त्यसैगरी ठूला-ठूला भ्रष्टाचारसम्बन्धी मुद्दाहरू वर्षौंसम्म 'हेर्न नभ्याइने' भन्दै सारिँदै गएका देखिएमा त्यसले न्यायिक वा अर्धन्यायिक निकायको छविमा गम्भीर आघात पुग्छ भन्ने कुरातर्फ सबै सार्वजनिक निकायहरूको ध्यान पुग्न आवश्यक देखिन्छ। त्यसैले निर्वाचन आयोग, नेपाल प्रहरी, नेपाली सेना र अन्य कुनै पनि सार्वजनिक निकाय तथा व्यक्तित्वका काम-कारबाहीमा समाजले स्वच्छता, निष्पक्षता, समय-सन्दर्भसँगको तादात्म्यता तथा कुरा र कामबीचको तालमेलको अपेक्षा गरेको हुन्छ र त्यसै आधारमा तिनको कामको मूल्यांकन पनि गरेको हुन्छ ।

## सेनाको बुट...

आशंका प्रकट गरिएको स्रोत बताउछ ।

**'स्वदेशी' नाममा एसेम्बल ?**

सप्लायर्सहरूले थप आशंका व्यक्त गर्दै भनेका छन् कि, केही सामान्य किसिमका सिलाइ मेसिन राखेर भारतबाट अर्धतयार सामग्री (सोल, लेदर आदि) ल्याई नेपालमा एसेम्बल गरेर स्वदेशी उत्पादन देखाउने तयारी समेत हुनसक्छ । यदि यस्तो भएमा स्वदेशी उद्योग प्रवर्द्धनको नाममा ठगी हुने उनीहरूको भनाइ छ । उक्त टेण्डरका लागि माग गरिएको बैंक ग्यारेन्टी रकम मात्र साढे ५३ लाख रुपैयाँ राखिनु पनि ठूलो परिमाणको खरिदका लागि अस्वाभाविक देखिएको टिप्पणी सप्लायर्सहरूको छ ।

# कान्तिबाल अस्पताल बद्नाम हुँदै निर्देशक राय विवादको केन्द्रमा

*काठमाडौं । कान्तिबाल अस्पतालका कार्यकारी निर्देशक डा. पंकज रायको कार्यशैलीका कारण सिङ्गो अस्पताल नै बद्नाम हुँदै गएको गुनासो प्राप्त भएको छ । डा. राय विगत साँढे दुईवर्षदेखि उक्त अस्पतालको प्रमुखमा कार्यरत रहेका छन् । अवधि पुग्दासमेत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नेतृत्वले चाहेर पनि उनको सरुवा गर्न नकिरहेको चर्चा सुनिन्छ । यसअघि मन्त्रालयको नेतृत्वमा रहेका निवर्तमान मन्त्री प्रदीप पौडेलले उनलाई सरुवा गर्न नचाहेका पनि होइनन् । तर, नेपाली काँग्रेसका पार्टीका नेता पूर्वमन्त्री विमलेन्द्र निधिको सोर्सफोर्सका कारण उनी हच्किएको स्रोतले जानकारी दिएको छ ।*

*निर्देशक रायले अस्पतालको सेवा प्रवाहमा सुधार गर्ने भन्दा पनि निजी अस्पतालमा बिहान बेलुकी धाउनमा नै व्यस्त रहेको आरोप उनीमाथि लाग्ने गरेको छ । उनी कान्तिबालमा भन्दा मण्डिखाटारस्थित ह्याम्स अस्पताल र ललितपुरको अल्का अस्पतालमा विरामीहरुको चेकजाँचमा बढी समय बिताउने गरेको अस्पताल स्रोतले जानकारी दिएको छ । यी विषयमा मन्त्रालयले पटक पटक सचेत गराएको भएपनि राजनीतिक सोर्सफोर्सको आधारमा डा. रायले टेर पुच्छर लगाएका छैनन् । मन्त्रालयले उनलाई अन्यत्र सरुवा गरेर नयाँ कार्यकारी निर्देशक खटाउन खोजेपनि नेता निधिमार्फत रोक्दै आएको स्रोतको दावी छ ।*

*निर्देशक रायले अस्पतालमा कार्यरत कर्मचारीहरुलाईसमेत सेवा प्रवाहमा सक्रियतापूर्वक खटाउन सकिरहेका छैनन् । जसका कारण विरामीहरुलाई अस्पतालले उपलब्ध गराउँदै आएको सेवाकोसमेत गुणस्तर खस्किंदै गएको जनगुनासाहरु सुनिन्छन् । खासगरी बालबालिकाहरुको उपचारका लागि स्थापना गरिएको अस्पतालको नेतृत्वले गुणस्तरीय सेवा प्रदान गर्नुको साटो उल्टै निजी क्षेत्रबाट संचालित अस्पतालतर्फ ध्यान बढी केन्द्रित गर्नुले प्रमुख डा. रायको असली नियत छर्लङ्ग भएको छ ।*

*निर्देशक रायले अस्पतालको नेतृत्व गरेपछि नै दर्जनौ अनियमितता सम्वन्धी उजुरीहरु अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रमा पर्दै आएको कर्मचारीहरु बताउछन् । अस्पतालले खरिद गर्ने हरेक औषधि, स्वास्थ्य उपकरणलगायत विभिन्न किसिमका सामग्रीमासमेत अनियमितता गन्ध आउने गरेका छन् । अख्तियार दुरपयोग अनुसन्धान आयोगले पनि अनियमितताका उजुरीका बारेमा बाराम्वार जवाफ पठाउन ताकेता र बयानका लागि बोलाउँदा इमान्दार कर्मचारीहरु भने पीडित बनेको गुनासो गर्छन् ।*

**सेनाको प्रतिक्रिया**

यस विषयमा नेपाली सेना, सैनिक सामग्री प्राप्ति निर्देशनालय तथा संभार रथी विभागका सम्बन्धित अधिकारीहरूसँग प्रतिक्रिया लिन खोज्दा समाचार तयार पार्दासम्म आधिकारिक धारणा प्राप्त हुन सकेन । यस समाचारमा जोडिएका व्यक्तिहरूको प्रतिक्रिया आएमा त्यसलाई यथास्थान समेटिनेछ ।

## भ्रष्टाचारका...

व्यक्ति स्वयमले चुनावमा उठ्नु प्रश्नको कुरा भएको थियो । तर, राजनीतिलाई थप बद्नाम बनाउन उनीहरुले भूमिका खेलेको आरोप भने लागिरहेको छ । यता, पहिला पनि विवादमा रहेका एमाले पूर्व सांसद लक्ष्मी महतो कोइरी, टेकबहादुर गुरुङलगायतका व्यक्ति पनि संसदमा आउने प्रयासमा रहेका छन् । तर, उनीहरुका मुद्दा भने किनारा लागेका छैनन् । यद्यपि, कांग्रेसले भने यसपटक त्यस्तो प्रश्न उठेका बालकृष्ण खाँणसहित केही व्यक्तिलाई भने टिकट दिएको छैन । तर, गुरुङलाई भने कांग्रेसले टिकट दिएको छ ।

## सचिवको...

त्यसपछि मन्त्रालयको नेतृत्व संहालेका मन्त्री परियार पनि सचिव साहको कार्यशैलीका कारण तेस्रो दिनमै विवादमा परेका थिए। प्रतिनिधि सभाको निर्वाचन हुने समय नजिकिदै गर्दा सचिव साहले मन्त्री परियारलाई पत्तै नदिई १० जना सहसचिवको अन्तर निकाय सरुवा गरेका थिए । त्यसपछि सेवा प्रवाह र सुशासन भन्दा अन्तरिम सरकारको दिनचर्या कर्मचारी हेरफेर नै प्राथमिकतामा परेको आरोप लागेको थियो ।

सहसचिव सरुवा पश्चात् पनि सचिव साहले मन्त्री परियारलाई जानकारी नदिई मन्त्रालयमातहत निकायमा कार्यरत कर्मचारीको सेटिङमा सरुवा गर्ने कार्यलाई निरन्तरता दिनेक्रम खासै रोकिएन । अझ रोचक विषय त २०८२ माघ ४ गते निर्वाचन आयोगले निर्वाचन आचारसंहिता जारी गर्नु अगावै हतार हतार सचिव साहले १० जना कर्मचारीको थप सरुवा गरेका थिए । जसका कारण उनको यी कार्य शैलीप्रति कर्मचारीहरुले थप असन्तुष्टि जनाएका थिए । कर्मचारीहरुको सरुवाको विषयमा मन्त्री परियारले भित्री रणनीति बुझेपछि सचिव साहलाई शिक्षा मन्त्रालयको प्रबिधितर्फ सरुवा गर्दै त्यहाँ कार्यरत पुडासैनीलाई खानेपानी सचिवमा भित्र्याइएको छ ।

अझ सचिव साहले खानेपानी मन्त्रालयमा भित्रिनसाथ अवकाश नजिकका कर्मचारीलाई मात्रै नभएर आफू अनुकूलकाहरुलाई आकर्षक कार्यालयहरुमा अवसर दिएर सरुवाबाट थैली खेती सुरु गरेको आरोप लागेको थियो। सचिव साहले विगतमा विवादमा परेका कर्मचारीको का.मु. थमौतीदेखि करार कर्मचारी भर्ना तथा योजना-परियोजना सम्बन्धी उथलपुथलसमेतलाई निरन्तरता दिएर शुभलाभको खेती गर्न सफल भएको मन्त्रालय स्रोतको दावी छ । उनलाई मन्त्रालयबाट सरुवा गरेसँगै सेटिङमा सरुवा भएर गएका कतिपय कर्मचारीहरुको रुवाबासी चलेको चर्चा छ ।

त्यतिमात्र नभएर साहको कार्यशैलीका कारण तनावमा परेका कतिपय कर्मचारीहरु भने हर्षित हुन पुगेका छन् । मन्त्रालयमा भित्रिएका सचिव पुडासैनी भने केमेष्ट्री समूहका इन्जिनियर हुन् । उनी लामो समय अर्थात नौ वर्ष नापतौल तथा गुणस्तर विभागको महानिर्देशकको जिम्मेवारीमा रहेर मस्ती गरेका थिए ।

उता, पुडासैनीले यसअघि सचिव साहले अवकाशमा जान लागेका कर्मचारीहरुलाई गरेको सरुवा बदर गर्न अव के कस्तो कदम चाल्नेहुन् त्यो आगामी निर्वाचनपछि देखिने बताइन्छ । हाल निर्वाचन आचारसंहिताका कारण मन्त्री र सचिवहरुले गलत र कानून विपरीत गरेका सरुवाविरुद्ध कर्मचारीहरु प्रशासकीय अदालतमा रिट हाल्दै आएका छन् । कतिपय रिटमा अदालतले अन्तरिम आदेशसमेत दिइसकेको अवस्था छ । जसले गर्दा सरुवाको कानूनी वैधतामाथि प्रश्नसमेत उठेको बताइन्छ ।

## मन्त्रीलाई...

मन्त्रालयमा सरुवा गरेर आफू उक्त मन्त्रालयमा भित्रिएको चर्चा निजामती प्रशासनमा सर्वत्र छ । सहसचिव कुँवर पनि के कम गृहमा सरुवा भएसँगै पाल्पा जिल्लाको प्रमुख जिल्ला अधिकारीमा बाजी मार्न सफल भइन । नेपालीमा एउटा उखान छ लात्ताले हानेको कुकुर... भने झै उनले पहिलो पटक नै उक्त जिल्लाको प्रमुख जिल्ला अधिकारी हुने अवसर पाएपछि सहसचिव मैनाली तीनछन परेको चर्चा पनि छ । रोचक विषय त सहसचिव मैनालीलाई जोडबलकासाथ मन्त्रालयको प्रशासन महाशाखामा भित्राउने सिंह जेनजी आन्दोलनसँगै बाहिरिनु परेको थियो ।

जेनजी आन्दोलनपछि मन्त्रालयको नेतृत्व कुलमान घिसिङले गरेका थिए । यो बिचमा पनि सहसचिव मैनालीले कुलमानलाई खासै सहयोग नगरेको गुनासाहरु निरन्तर रुपमा बाहिर आइरहेका थिए । तरपनि निवर्तमान मन्त्री घिसिङले उनलाई हटाएर नयाँ सहसचिव भित्र्याउन चाहेनन् । भएकै कर्मचारीहरुबाट मन्त्रालय संचालन गर्ने नीति उनले अख्तियार गरेका थिए । तर, उनले राजीनामा दिएपछि मन्त्रालयको नेतृत्व भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रीसमेत रहेका प्रा. डा. कुमार इङनाम संहाल्दै आएका छन् ।

मन्त्री इङनाम भने सहसचिव मैनालीको कार्य शैलीप्रति वाक्कदिक्क भइसकेको चर्चा सुनिन्छ । उनले सहसचिव मैनालीको सरुवा गर्न नखोजेको चर्चा पनि छ । तर, आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभा निर्वाचनलाई मध्यनजर गर्दै निर्वाचन आयोगले २०८२ माघ ४ गतेबाट निर्वाचन आचारसंहिता जारी गरेको छ । सो आचारसंहिताका कारण मैनालीको तत्काल सरुवा रोकिएको मन्त्रालय स्रोतले जानकारी दिएको छ । उनी उपसचिव हुँदासमेत निवर्तमान मन्त्री सिंह र तत्कालीन गृह सचिव गोबिन्दराज जोशीको निजी सचिव भएर काम गरेका शक्तिशाली कर्मचारी मानिन्छन् ।

त्यही कारण मन्त्री इङनामले उनलाई उक्त महाशाखाबाट अन्यत्र सरुवा गर्न खोजेपनि मुख्यसचिव सुमनराज अर्यालको साथ र सहयोग मन्त्रीले पाउन भने सकेका छैनन् । सहसचिव मैनाली पनि के कम । मन्त्री इङनाम आगामी फागुन २१ गतेको निर्वाचन पछि पदमा नरहने भएकोले पनि उनले दिएको निर्देशनलाई अटेर गर्दै आएको स्रोत बताउछ । इङनाम कुनै पार्टीमा संलग्न नभएको र उनी आवद्ध राजनीतिक दलसमेत नभएकोले आगामी निर्वाचनपछि उनको वास्तविक हैसियत नरहने भएकोले पनि उनको निर्देशन पालना गर्नुको साटो असहयोग गर्ने गरेको मन्त्रालय सम्वद्ध स्रोतले जानकारी दिएको छ ।

## भयंकर संकटमा...

पनि जवाफ दिइरनुपरेको छ । त्यसमाथि हरेक चुनावमा चिन्ह फेर्दै आएका कारणले पनि नेपालको लागि समस्या भएको छ । केहीसमय अघि सूर्य चिन्हबाट चुनाव लडेका नेपाल अघिल्लो चुनावमा कलमबाट लडेका थिए । अहिले फेरि ताराबाट चुनाव लडेका छन् । त्यसमाथि अहिले झलनाथ खनाल भने रुष्ट भएका छन् । यो समूहको असन्तुष्टिले कति प्रभाव पर्छ ? भन्ने पनि चासोको विषय भने बनेको छ ।


**आगो, हिटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं**

- आगो तथा हिटर नजिकबाट नतापौं ।
- कागज, कपडाजस्ता छिटो जल्ने सामग्री आगो वा हिटरको नजिक नराखौं ।
- कोठामा आगो, हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- आगो तथा हिटर बन्द गरेर मात्र सुतौं ।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं ।
- बालबालिका, वृद्ध वा बिरामीलाई आगो वा हिटर नजिक एक्लै नछोडौं ।
- घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगो, हिटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक** : गोपाल बुढाथोकी, **सम्पादक** : रामकला बुढाथोकी, **कार्यालय** : बागबजार, यतिप्लाजा (पद्मकन्या क्याम्पस अगाडि), काठमाडौं, **फोन** : ५३३०७४८, पो.ब.नं. २९८४, **मुद्रण** : ॐ शिवशक्ति प्रेस, बागबजार